२०६८ कार्तिक

# पुवाँर सन्देश

वर्ष ८ अंक ६, २०६८



प्रकाशक

पुवाँर खड्का गुठी
केन्द्रीय समिति





# विजया दशमी

तथा

# शुभ-दीपावली-२०६८

को उपलक्ष्यमा सम्पूर्ण पेट्रोलियम व्यसायी तथा

ग्रहक वर्गमाहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि

हार्दिक मंगलमय

# शुभ-कामना



**नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसियशन**

परिवार

कार्य समिति सचिवालय, कोटेश्वर, काठमाडौं ।

# पुवाँर सन्देश

## अंक ६, वर्ष ८, २०६८

**सल्लाहकार**
चन्द्रबहादुर खड्का
रुद्रबहादुर खड्का
दीपक खड्का

**सम्पादक मण्डल**
टिकाध्वज खड्का
भिमबहादुर खड्का
रहर बहादुर खड्का

**प्रकाशक**
पुवाँर खड्का गुठी
केन्द्रीय समिति

**कम्प्युटर डिजाईन/मुद्रण**
प्रमोद धिमाल
न्यू ग्राफिक्स प्रिन्टर
चावहिल काठमाडौं
०१-४९२८१०

**सहयोग स्वरुप :**
व्यक्तिगत ३०।-
संस्थागत २५०।-

## यो अंकमा

मन्तब्य २

पुवाँर खड्का गुठी -
एक सिंहावलोकन
चन्द्र बहादुर खड्का ३

विविधताले भरिपूर्ण
रहस्यमय मुस्ताङ्ग
रुद्र बहादुर खड्का ७

पुँवार खड्का : संक्षिप्त चर्चा
ललित बहादुर खड्का १९

पुँवार खड्का बन्धुहरुमा
शुभकामना
भरत कुमार खड्का २३

विवाह
निरञ्जन खड्का २५

नेपालमा संघीय राज्य व्यवस्थाका
चुनौतीहरू
अधिवक्ता : टिकाध्वज खड्का ३२

बाग्लुङ र दोलखाका पुँवार खड्का
केही खोज – केही अनुमान
हरिबन्दी खड्का ४३

घरव्यवहार र लेनदेन गर्दा विचार
पुऱ्याउनुपर्ने कुराहरू
- अधिवक्ता भीमबहादुर खड्का ४५

दशैं आयो
निरञ्जन खड्का ५७

गुठिका गतिविधि ५८

पुँवार खड्का गुठीको विविध कार्यक्रमका
झलकहरु ५९

# मन्तव्य



मुलुक अहिले अनिश्चितताको भुमरीमा रुम्लिएको छ । दण्डहिनता र अशान्तिको कालो बादल मुनि वर्तमान पुस्ताले रहनु परेको छ । एकले अर्कोको अस्तित्व समाप्त पार्न उद्दत भैरहेको आत्मरक्षाको लागि पनि अब हामी पहिलेको भन्दा संगठित हुन अत्यावश्यक भएको छ । सदियौं देखि नङ्गमासु भएर सामाजिक एवं धार्मिक सहिष्णुता कायम गरेर बसेका हामी विभिन्न जातजातिका नेपालीहरू विखण्डन र बैमनस्यतामा नधकेलिन समयमै सजग र जागरुक हुनु पर्ने बेला आइसकेको छ ।

कुनैपनि मानिसका अहंले आफुलाई अल्पज्ञ ठान्न दिदैन र आफ्नो सर्वज्ञता सिद्ध गर्ने लालचले उसले संसारको रुपलाई कति विकृत र मानवियभावना सून्य बनाएको छ त्यसको उदाहरण हेर्न धेरै टाढा जानु पर्दैन आफ्नै मुलुकको वर्तमान अवस्था हेरेमा छर्लङ्ग हुन्छ । हजारौं सहिदहरूको रगत पसिना र बलिदान एवं हाम्रो अथक प्रयत्नले प्राप्त प्रजातान्त्रिक हक अधिकार कतै कुण्ठित हुने त होइन यसमा हामी चनाखो हुनु अत्यन्त जरुरी छ । यो गुठी एक सामाजिक संस्था हो र मुलुक भर छरिएर रहेका पुँवार खड्काहरूका पुर्खाहरूको अभिलेख राख्ने, पुस्ता कायम गरी वंशावली अध्यावधिक गर्ने, जन जीवनमा आवश्यक देखिएका सामाजिक सत्कार्यहरू गर्ने र पुँवार खड्का बन्धुहरू विच आपसि भेटघाट एवं परिचय गराउने यसको मुख्य लक्ष्य हो । गुठी कुनै व्यक्ति विशेष वा समूहको नभै हामी सम्पूर्ण पुँवार खड्काहरूको अथक परिश्रम र योगदानबाट स्थापना भएको पवित्र कार्य थलो हो । यसको विकासमा टेवा पुऱ्याउनु हामी सबैको दायित्व मात्र होइन अपितु परम कर्तव्य पनि हो । हाम्रो सोचाई गुठीले हामीलाई के दियो भन्ने नभै गुठीलाई हामीले के दिन सक्यौं भन्ने तर्फ उन्मुख हुनु अत्यन्त जरुरी छ ।

आगामी २०६८ को विजया दशमी र दिपावलीको पावन उपलक्ष्यमा मुलुकभर एवं विदेशमा समेत रहनु भएका समस्त पुँवार खड्का बन्धु बान्धवहरू सबै प्रति शुभकामना व्यक्त गर्दै निस्वार्थ भावले गुठीको उत्तरोत्तर प्रगतिमा सरिक हुन र यथासक्य योगदान पुऱ्याउने कार्यमा अग्रसर हुन म सबैलाई हार्दिक आव्हान गर्दछु । गुठीको अनुरोधमा आफ्नो अमूल्य विज्ञापन प्रदान गर्नु हुने समस्त संघ, संस्था एवं व्यापारिक प्रतिष्ठानलाई धन्यवाद ज्ञापन गर्दै यो "पुँवार सन्देश" पत्रिका प्रकाशनमा समय सापेक्ष लेख रचना पठाई सहयोग गर्ने व्यक्तित्वहरू तथा प्रकाशन समितिलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

अध्यक्ष
पुवाँर खड्का गुठी
केन्द्रीय कार्यालय, गोठाटार, काठमाण्डौ

# पुवाँर खड्का गुठी - एक सिंहावलोकन



चन्द्र बहादुर खड्का
केन्द्रीय सल्लाहकार

विगत २०४४ सालमा चिलंखे खड्का गुठीको नामबाट गठन भई कार्य सञ्चालन गर्दै आएको यस गुठीले देशभरका पुवाँर ( पवार ) खड्काहरूलाई समेट्ने उद्देश्यले गत २०५४ सालमा आफ्नो नाममा संसोधन गरी "पुवाँर खड्का गुठी" बनाए देखि सोही अनुसार कार्यक्षेत्र अपनाई कार्य गर्दै आएको हो ।

२०५४ सालमा पुवाँर खड्का गुठीको नामबाट दर्ता भए यता यस गुठीले सुरुका दिनहरूमा बिभिन्न सामाजिक, धार्मिक कार्यक्रमहरूका साथै क्षेत्रीय तथा जिल्ला संगठनहरूको स्थापना आदि कार्यहरू पनि सूचारु रुपबाट सञ्चालन गर्दै आएको थियो । तर त्यस पछि यस गुठीले अपेक्षाकृत प्रगति गर्न सकेको छैन । यसरी प्रगति गर्न नसक्नुमा निम्नानुसार बाह्य तथा आन्तरिक दुवै कारण रहेको महशुस गरिएको छ ।

**बाह्य कारण**

**दशबर्षे जनयुद्ध र त्यसको प्रभाव :-** देशमा भएको दशबर्षे जनयुद्धले अफ्नो प्रभाव बिस्तार गर्दै लगे पछि यस गुठीको तत्काल गठन भइसकेका क्षेत्रीय तथा जिल्ला संगठनहरूको सञ्चालन तथा सम्बर्धन कार्यका साथै अन्य जिल्ला तथा क्षेत्रमा संगठन बिस्तार गर्ने काम समेत प्रभावकारी ढंगबाट अघि बढ्न सकेन । यसरी जनयुद्धकालीन वातावरणमा संगठन बिस्तार गर्नु र भइरहेको संगठनहरूसंग सम्पर्क कायम राख्ने समेतका कामहरू आशातित रुपबाट हुन नसके पछि जिल्ला संगठनहरू सक्रिय हुन नसक्नु अस्वाभाविक थिएन जसले गर्दा हाल यस गुठीका एक दुई जिल्ला तथा क्षेत्रीय संगठन बाहेक अरुको अस्तित्व प्रभावकारी बन्न सकेको छैन । अब देशमा युद्धकालीन स्थिति नरहेको यस अवस्थामा क्षेत्र तथा जिल्लास्तरीय समितिको पुनः संगठन गरी गुठीलाई सुदृढ बनाउदै लैजानु अति आवश्यक भएको छ ।

**आन्तरिक कारणहरु**

१. **पचार पसारमा कमी :–** अधिराज्यव्यापी पुवाँर खड्काहरूको एक मात्र साझा गुठीको रुपमा रहेको

यस गुठीले आफ्नो उद्देश्य अनुरुप पूर्व मेची देखि पश्चिम महाकाली सम्मका र बिदेशमा रहेका पुवाँर बन्धुहरू समेतसंग सम्पर्क कायम गरी संगठन बिस्तार गर्दै आपसी भातृत्वको वृद्धिगर्नु नितान्त आवश्यक कुरा हो । यस कार्यमा प्रचार प्रसारको ठूलो भूमिका रहेको हुन्छ तापनि बिभिन्न कारणबश आवश्यकतानुसार प्रचार प्रसार कार्यलाई अघि बढाउन सकिएको छैन । यस सन्दर्भमा गुठीको तर्फबाट प्रकाशित हुदै आएको "पुवार सन्देश" को प्रकाशनलाई पनि नियमितता दिन सकिएको छैन । अत: प्रचार प्रसार तर्फ गुठीले तुरुन्तै सक्रियत देखाउनु पर्ने देखिएको छ ।

२. **संकिर्ण मानसिकता** :- राष्ट्रियस्तरबाट गठन भएको यो पुवाँर खड्का गुठी सम्पूर्ण पुवाँर खड्काहरूको एकमात्र साझा संगठन हो र यसलाई फुलाउनु फलाउनु हामी सबै पुवाँर खड्काहरूको परम कर्तव्य हो । यसको प्रतिष्ठा हामी सबै पुवाँर खड्काहरूको प्रतिष्ठासंग गाँसिएको छ भन्ने भावना नजागे सम्म यस गुठीको सर्वतोमुखी बिकाश हुन सम्भव देखिदैन । तर गुठी प्रति यस्तो भावना जाग्न नदिनमा यदाकदा देखापर्ने क्षेत्रीय भावना पनि जिम्मेवार रहेको छ । अत : यस्तो संकिर्ण भावनालाई हटाई गुठीलाई सबैको साझा धरोहर बनाउन केन्द्रमा समय समयमा भेला, गोष्ठी आदिको आयोजना गरी आपसी भेटघाट तथा बिचारको आदान प्रदान गर्ने व्यवस्था अपनाउनु उपयुक्त हुन जाने देखिन्छ ।

३. **युवा पुस्तामा रहेको उदासिनता** :- आधुनिक भौतिकवादी युगमा प्राय: युवाहरूको ध्यान भौतिक सुख सामग्रीतर्फ बढी जाने गरेको पाइन्छ । आजको पिंडीमा दिगो तथा दीर्घकालीन सुख समृद्धि तर्फ भन्दा क्षणिक र तत्कालीन मोजमज्जा तर्फ आकर्षित हुने प्रबृद्धि बढ्दै गएको छ । यसले गर्दा आफ्नो वंश, आफ्नो उद्गमस्थल, आफ्ना पुर्खाको गौरब, आफ्नो जातीय इतिहासको ज्ञान हासिल गरी आफ्नो धार्मिक, सांस्कृतिक परम्परालाई जोगाई राख्न लागिपरेका यस्ता संस्थाहरू प्रति युवापिंडीको ध्यान गएको पाइदैन । यसले गर्दा गुठीमा नयाँ सोच, नयाँ बिचार, नयाँ सोच, जाँगरको समयानुकूल बिकास हुन नसकेको अनुभव भएको छ । अत : युवा पिंडीलाई गुठी प्रति आकर्षित गर्ने तर्फ कदम चाल्नु आवश्यक भएकोछ ।

माथि उल्लेख गरिएका कमि कमजोरीहरूलाई हटाएर यस पुवाँर खड्का गुठीलाई प्रगतिपथतर्फ लम्काउन हाललाई निम्न उपायहरू

अपनाउनु सहायक हुन जाने देखिन्छ ।

१. **संगठन सुदृढ गर्दै लैजाने** :– यस गुठीलाई सुदृढ तथा सक्षम बनाउनको लागि सर्वप्रथम यसको संगठनलाई देशव्यापीरुपमा बिस्तार गर्नु आवस्यक हुन जान्छ । त्यसको लागि तत्कालै गाउँस्तर सम्म पुग्न कठिन हुदा पहिले क्षेत्रीय स्तरमा सबै संगठनहरूलाई पूर्णता दिएर सक्रिय बनाउन सुगम पर्न जाने देखिन्छ । यसको लागि हाल भइरहेका क्षेत्रीय संगठनको कार्य समितिको पुनर्गठन गर्ने र क्षेत्रीय संगठन नरहेका ठाउमा क्षेत्रीय संगठनको स्थापना गरी कार्यसमिति निर्माण गर्ने कार्यको लागि तत्काल कदम चाल्नु जरुरी भएको छ ।

२. **प्रचार प्रसारमा तिब्रता ल्याउने** :– आजको युग प्रचार प्रसारको युग हो । सञ्चारको माध्यमद्वारा संसारै एक परिवार जस्तो बनिसकेको अहिलेको समयमा हामी मात्र एकल्काटे बनेर प्रगतिगर्न सक्ने अवस्था छैन । त्यसैले यस गुठीले पनि छापा तथा बिद्युतीय प्रचार प्रसारका माध्यमद्वारा आफ्नो स्थापना, उद्देश्य, गतिविधि सम्बन्धी खबरहरू देश, बिदेशमा रहेका पुवाँर खड्काहरू समक्ष पुऱ्याउने र उनीहरूसंग सम्पर्क कायम गरी उनीहरूको सुझाव, सल्लाह तथा सहयोग प्राप्त गरेर गुठीलाई समयानुकुल सक्षम तथा सबल बनाउनु आबश्यक देखिन्छ । त्यसको लागि हाललाई सर्वप्रथम यस पुवार खड्का गुठीको प्रकाशनको रुपमा प्रकाशित हुने गरेको "पुवाँर सन्देश" को प्रकाशनलाई नियमीत तथा स्तरिय बनाउनु अति आबश्यक छ । अहिलेका बहुसंख्यक युवाहरूको सुचना प्रबिधि तर्फ बढी चाँसौ र पहुँच भएकोले यस गुठीको वेब साईट निर्माण तर्फ समेत कदम चाल्न आवश्यक देखिन्छ । यस वाहेक समय समयमा पुवाँर बंश सम्बन्धी पुस्तक, पुस्तिका, स्मारिका आदिको प्रकाशन र सूचना बिज्ञप्ति, शुभकामना आदिको प्रचार प्रसारबाट गुठीलाई जीवन्त राख्नु उपयुक्त हुने देखिन्छ ।

३. **कूलपूजाको व्यवस्था गर्ने** :– यो पुवाँर खड्का गुठी देशव्यापी पुवाँर खड्काहरूको साझा गुठी हुँदाहुँदै पनि यसमा सबै जिल्लाको प्रतिनिधित्व हुन सकेको छैन । यस्तो प्रतिनिधिमुलक संस्थामा सिमित जिल्लाका पुवाँर खड्काहरूको संलग्नता पर्याप्त हुदैन । अत: बहुसंख्यक पुवाँर खड्काहरूको सहभागिता गराई सहि अर्थमा प्रतिधिमूलक संस्था बनाउनको लागि बर्षको एक पटक उपयुक्त समयमा कुलपूजाको आयोजना गर्ने

व्यवस्था हुनु उपयुक्त हुनेछ। यसबाट गुठीको प्रचारका साथै पुवाँर बन्धुहरूबीच आपसी भेटघाट, परिचय, वैचारिक आदान प्रदान आदिमा सहयोग पुग्न जानेछ। किनभने कुनै पनि सचेत व्यक्ति आफ्नो कुलप्रति उदासिन रहन सक्दैन। त्यसैले यो कार्य धार्मिक, सांस्कृतिक तथा आपसि सम्पर्कको दृष्टिबाट समेत लाभदायक सिद्ध हुन अपेक्षा राख्न सकिन्छ।

४. **शैक्षिक पुरस्कारको स्थापना :-** केहि दिन नसक्नेले प्रति कोहि पनि आकर्षित हुदैन, यो स्वभाविक कुरा हो। यस कुरामा हाम्रो गुठीमात्र अपवादकोरुपमा रहन सक्दैन। अतः गुठीप्रति हाल युवा पिंडिमा देखिएको उपेक्षाको भावनालाई हटाई यस प्रति उनीहरूमा आकर्षण पैदा गर्न र युवा प्रतिभाको कदर गर्दै ज्ञान आर्जन तर्फ उनीहरूलाई प्रोत्साहित समेत गर्न कुनै पनि बिषयमा स्नातक तहको परिक्षामा विशिष्टता ( Distinction ) सहित उतीर्ण हुने एक जना पुरुष र एक जना महिला पुँवार खड्का बिद्यार्थी प्रत्येकलाई प्रोत्साहन स्वरुप प्रत्येक साल उपयुक्त रकम सहितको प्रोत्साहन पुरस्कारका साथै प्रसंशापत्र प्रदानगर्ने व्यवस्था गर्नु बिद्यार्थी र गुठी दुवैको हितमा हुन जाने देखिन्छ।

५. **दण्ड पुरस्कारको व्यवस्था :-** न आस न त्रासको वातावरणमा अनुशासन कायम रहन सक्दैन। अनुशासन नरहेमा पदाधिकारी तथा सदस्यहरूमा आफ्नो पद अनुसारको जिम्मेवारी पुरा गर्ने तर्फ वास्ता रहदैन। कुनै पनि संघ संगठनको सुसञ्चालनमा अनुशासन कारक तत्वको रुपमा रहेको हुन्छ। अतः त्यसको लागि गुठीमा प्रशंसनीय कामगर्ने व्यक्तिलाई पुरस्कार, कदरपत्र, अभिनन्दन आदि प्रदान गर्ने र आफ्नो पद अनुरुपको जिम्मेवारी तथा आचरण पालना नगर्नेलाई दण्डकोरुपमा अनुशासनको कारवाही गर्ने परम्परा कायम राख्नु उचित हुनेछ।

६. **आर्थिक श्रोतको व्यवस्था :-** यी माथि उल्लेखित गरिएका सुधारकार्यहरूका लागि गुठीको वर्तमान आर्थिक श्रोत पर्याप्त नहुने हुदा यी कार्यहरूको लागि स्थायी आर्थिक श्रोतको व्यवस्था गर्नु आवश्यक हुन्छ। त्यसैले दाता महानुभावहरूबाट अक्षयकोषमा थप रकम प्राप्त हुनपर्ने देखिन्छ। अतः त्यसको लागि गुठीको तर्फबाट बिभिन्न किसिमका आर्थिक संकलन अभियान सञ्चालन गर्नु आवश्यक देखिन्छ।

(एक अविस्मरणिय यात्रा संस्मरण)

# विविधताले भरिपूर्ण रहस्यमय मुस्ताङ्ग



रुद्र बहादुर खड्का
अध्यक्ष,
पुँवार खड्का गुठी, नेपाल

*'नेपालीहरु मुर्ख छन त्यसैले उनिहरु बहादुर छन्' । यो उक्ति मनन गर्दा कता कता नेपालीहरुको अवमूल्यन भएको नै हो कि जस्तो लाग्छ तापनि यो उक्ति आएको सम्भावित सन्दर्भ मध्य करिब २४० वर्ष पहिलेको 'ग्रेटर नेपाल' निर्माण हुने क्रममा नेपाल र ब्रिटिश भारतको युद्ध तथा नेपालले प्रथम र द्वितिय विश्व युद्धमा प्रदर्शन गरेका बहादुरी बारेको अल्पज्ञान हुन सक्छ*

महाकवि श्री लक्ष्मी प्रसाद देवकोटाले नेपाल विश्वको मानचित्रमा हेर्दा एउटा कांक्रोको वियाँ जत्रो छ भनि नेपाललाई अन्य मुलुकसँग तुलना गर्नु भएको छ । नेपाल सानो छ त के भो, आँखाको नानि पनि त सानै छ नि । तर आँखाको महत्व कति विशाल छ। आँखाको नानि विना संसार पुरै अन्धकारमय मात्र हुने होइन अपितु मानिसको जीवन पुरै उराठलाग्दो एवं निरर्थक हुन्छ । नेपाल सानो छ त के भो सुन्दर, शान्त र विशाल पनि त छ नि । यो निश्चय हो अहिले केहि क्षणको लागि यहाँ शान्ती हराएको छ तर ढिलो वा चाँडो मुलुकमा लोकतान्त्रिक संविधान अवश्य बन्ने छ अनि शान्तिको शत्रु दण्डहिनताको पनि अन्त्य हुनेछ। देशमा अमन चैन र शान्ति सुव्यवस्था कायम हुनेछ। मुलुकमा सामन्ति राजतन्त्रको अस्त भैसकेको छ र सुनौलो गणतन्त्रको उदय पनि भैसकेको छ। हाम्रो लागि हाम्रो मुलुक

विशाल छ। जलश्रोतको हकमा हेरौं, विश्वको दोश्रो धनि देशमा पर्छ नेपाल । अहा ! यहाँको प्राकृतिक सौन्दर्यता, हरियाली, वनजङ्गल, तरेली परेका फाँट, हिमालका असंख्य अग्ला चुचुराहरूको श्रृंखला विच उभिएको हिमालराज सर्वोच्च शिखर सगरमाथा कत्ति मनोरम छ, यो सुन्दरतामा नरम्ने विश्वमा को नहोला ? वास्तवमा संसार भरि नै साना वस्तुको मान्यता नै अधिक छ । हिरा, मोति, माणिक, मणि, निलम, पुषराज, मुगा आदि बहुमूल्य रत्नको प्रयोग हाम्रो जीवनमा सानै रुपमा अत्यधिक हुने गर्छ। तर ति आभुषण र ग्रहधातु एवं पत्थर रत्नहरू सानै भए पनि कत्ति ठूलो महत्वपूर्ण मानिएको छ। यिनीहरूको प्रयोगले ठूला ठूला विनाशकारी ग्रहहरूले हामी माथि पार्न सक्ने कुप्रभावबाट हामीलाई जोगाउन सक्छ ।

प्रस्तुत लेख नेपालको सुन्दर जिल्ला मुस्ताङ्गको मुक्तिनाथ क्षेत्र भ्रमणबारे भएकोले यसै जिल्लाको थाकसातसय टुकुचे भन्ने स्थानमा जन्मनु भएका मुर्धन्य प्रगतिशील कवि तथा लेखक श्री भूपि शेरचनको एउटा भनाई उद्धृत गर्नु यहाँ सान्दर्भिक हुन आउँछ । कवि लेखक श्री भूपि सेरचनले आफ्नो कुनै एउटा निबन्धमा लेख्नु भएको छ 'नेपालीहरू मुर्ख छन त्यसैले उनिहरू बहादुर छन्' । यो उक्ति मनन गर्दा कता कता नेपालीहरूको अवमूल्यन भएको नै हो कि जस्तो लाग्छ तापनि यो उक्ति आएको सम्भावित सन्दर्भ मध्य करिब २४० वर्ष पहिलेको 'ग्रेटर नेपाल' निर्माण हुने क्रममा नेपाल र ब्रिटिश भारतको युद्ध तथा नेपालले प्रथम र द्वितिय विश्व युद्धमा प्रदर्शन गरेका बहादुरी बारेको अल्पज्ञान हुन सक्छ (नेपाल एकिकरणको सिलसिलामा तात्कालिन पश्चिम तर्फका कमाण्डर काजी अमर शिंह थापाले भारतीय महाद्विपको उत्तर तिरको अलमोडा, कुमायु, गढवाल, सिस सतलज राज्य भनिने बाह्र/अठार ठकुराई विजय गर्दै सतलज नदिपार अवस्थित विकट मानिने किल्ला काँगडालाई ४ वर्षसम्म घेरामा पारेर त्यहाँका राजा संसार चन्दलाई आत्मसमर्पण गराएका थिए । संसार चन्दको मद्दतको लागि आएका पंजावका राजा रणजित शिं सँग पनि युद्ध गरी निजलाई परास्त गरेकै बेला काँगडा किल्लालाई जोगाइ राख्न काठमाण्डौ स्थित नेपाल दरबारमा सैनिक तथा आर्थिक सहयोग पटक पटक माँग गर्दा वाञ्छित सहयोग नपाएको र त्यसबेला नेपाल दरवारमा राजा, रानी र राजाका भाइहरू विच, विभिन्न भारदार भारदार विच, मुलुकको नाजुक अवस्थाको ख्याल नगरि आफु शक्तिवान बन्न, एकले अर्कोलाई सखापै पार्ने सम्मको षडयन्त्रमुलक भैं झगडामा व्यस्त भएको मौकाछोपि काजी अमर सिंह थापाको विजय अभियान रोक्न र नेपालको बाटो तिब्बत व्यापार गर्न पाउने मार्ग प्रशस्त गर्न कम्पनी सरकारले नेपालमाथि आक्रमण गर्‍यो । लडाईंको

क्रममा ब्रिटिश फौजको अत्याधुनिक तोप र बन्दुकको सामना साधारण शस्त्र खुकुरी र बन्दुकले गर्दै ब्रिटिश फौजको कमाण्डर जनरल जिलेस्पिलाई समेत एउटा साधारण गोर्खाली सैनिकले मृत्यूको मुखमा पुऱ्याई शत्रुको हौसलालाई निस्तेज पारेको थियो जुन बहादुरीको प्रशंसा स्वयं शत्रुपक्षका कमाण्डरले मेमोरियल स्तम्भ बनाई यसरी लेखेका थिए : "This is in memory of our adversary Bul Budder commander of this fort and his brave Gorkha soldiers" (हाम्रो बहादुर शत्रु बलभद्र र उनका बहादुर सैनिकको सम्झनामा) यो मेमोरियल खम्बा देहरादुनको नजिक नालापानी भन्ने स्थानमा अद्यापी छँदैछ । हामी बहादुर नेपालीले यो स्थानलाई शैनिक तिर्थको रुपमा लिनुपर्छ । अत: ति विर नेपाली सैनिकहरू आफ्नो अदम्य बहादुरी र साहसको कारण राष्ट्रिय भावले ओतप्रोत भई शत्रुमाथि जाइलागेका हुन मुर्ख भए अवश्य होइन ।

त्यस्तै प्रथम र द्वितिय विश्व युद्धमा गोर्खाली फौजले देखाएको अदम्य बहादुरी र साहसको उच्चतम मूल्यांकन गरी सैनिक सम्मान स्वरुप 'भिक्टोरिया क्रस' लगायत अन्य अलंकार, विभुषण (gallantry award) आदि पाएका बारेमा पनि यो उक्ति आएको हुन सक्छ । तर यहाँ विचारणिय कुरा के छ भने दुबै



मुक्तिनाथ मन्दिरको एक झलक

विश्वयुद्ध अनैतिक सैन्य शक्ति उन्मादले गर्दा अन्य मुलुकको सार्वभौम सत्ता शैनिक बलपूर्वक खोस्न खोज्ने मुलुकहरूको समूह र अन्याय अत्याचारको विरुद्ध आफ्नो मुलुकको सार्वभौम सत्ता अक्षुन्न राख्न खोज्ने मुलुकहरूको समूह विच भएको थियो । गोर्खाली फौज अत्याचारी मुलुक समूहको विरुद्ध लड्न उपरोक्त दोस्रो समूहको तर्फबाट शत्रुहरू विरुद्ध अदम्य, बहादुरीका साथ लडेको थियो । उदाहरणको लागि प्रथम विश्वयुद्धमा टर्किको मेसोपोटामिया र ग्यालिपोली भन्ने २ स्थानमा घमासान युद्ध भएको थियो । मेसोपोटामियामा टर्कि सम्मिलित एलाइड सैनिकहरू विरुद्ध लड्न गोर्खाली

रेजिमेण्ट तैनाथ गरिएको थियो भने ग्यालिपोली भन्ने स्थानमा एलाइड फौज विरुद्ध लड्न अष्ट्रेलियन रेजिमेण्ट राखिएको थियो । केहि दिनको घमासान युद्धपछि मेसोपोटामिया फ्रन्टमा गोर्खाली सेनाले आफु भन्दा धेरै शक्तिशाली मानिएको टर्किस सेनालाई परास्त गरी विजयश्री प्राप्त गऱ्यो भने उता ग्योलिपोलीमा भने टर्किस सेनाले ४० हजारको संख्यामा रहेको अष्ट्रेलियन सेनालाई एकै चिहान बनायो। गोर्खाली सेना अदम्य साहसिलो निडर, बुद्धिमान र होसियार भएकै कारण विश्वभर बहादुर गोर्खालीको नामले प्रख्यात भएको हो, मुर्ख भएर बहादुर भएको कदापि होइन ।

विश्व प्रशिद्ध गोर्खालीहरूको उदगम् स्थल, हामी नेपालीको महानदेश र यहाँ बसोबास गर्ने महान नेपालीको भौगोलिक स्थिति, रिति रिवाज रहनसहन, सामाजिक र धार्मिक परम्परा बारेमा भने हामी अधिकांश नेपालीहरूलाई कमै ज्ञान होला । पर्यटनको दृष्टिकोणले हामी आफ्नो देश नेपाल जति भ्रमण गर्छौं त्यो भन्दा अधिक छिमेकि मुलुक भारत वा अन्य मुलुकतिर जानने बढि रुचाउँछौं । अतः वर्षमा एकपटक मलाई भारत वा विश्वका अन्य विभिन्न मुलुकमा भ्रमण गर्न जाने बानी परिसकेको भएपनि यो वर्ष भने भगवान मुक्तिनाथ विराजमान हुनु भएको मुक्तिक्षेत्र भ्रमणमा गएर भ्रमणमा क्रमभङ्ग गर्न रहर पलायो । त्यसो त मलाई मुक्तिनाथको दर्शन गर्ने प्रवल इच्छा धेरै पहिले देखि छँदै थियो तापनि उपयुक्त मौका र भ्रमणमा जान इच्छुक साथीभाईको अनिश्चितताले गर्दा सम्भव भै नरहेको अवस्था थियो । यो पटक भने म लगायत


कागबेनीको एक झलक

अन्य तिनजना साथीहरू गरी जम्मा ४ जनाको जोडि, ५ दिनको भ्रमणमा मुक्तिनाथ जाने साइत भगवान मुक्तिनाथ स्वयंले मिलाइ दिनु भएको हामी सबैले महसुस गऱ्यौं । लगत्तै ३ दिन पछि हामी काठमाण्डौंबाट नेपाल बायुसेवा निगमको ट्विन अटर विमानद्वारा जहाजको बाटोमा पर्ने धादिङ्ग, तनहुँ र कास्कि जिल्लाको भिरालो परेका, हरियालिले भरिपूर्ण फाँट, नागवेलि आकारमा वगेका नदीहरू, हरिया रहरलाग्दा वन जङ्गलको विहंगम दृश्य अवलोकन गर्दै बेगनास ताल माथिबाट जहाज पोखरा विमान स्थलमा अवतरण गरेको पत्तै भएन । भोलिपल्ट विहान ६ बजे नै पुन: जोमसोमको लागि जहाज उड्यो । जहाज उचाई लिंदै सिधा उत्तर पश्चिम हुँदै हिमाल क्षेत्रमा प्रवेश गऱ्यो । हामी सबैको मनमा एकातिर हिमाल पारिको जिल्ला मुस्ताङ्ग हेर्ने कौतुहल र भगवान मुक्तिनाथको दर्शन गर्ने प्रवल इच्छा जागा थियो भने अर्को तर्फ यस अघि पोखरा जोमसोम उडानको क्रममा धेरै जहाज मौसमको कारण दुर्घटनामा परेको जानकारी हामी सबैलाई भएको हुँदा जहाजले सानातिना वम्पिङ्ग लिंदा पनि डर भने चौपट्टै लागिरहेको थियो ।

हवाई यात्राबारे भन्नु पर्दा लेखक विद्यार्थी जिवनमा उच्च शिक्षाको लागि जर्मनीमा अध्ययन गर्न जाँदा देखि पछि जागिरको सिलसिलामा अध्ययन भ्रमण, गोष्ठि, सेमिनार, बैठक एवं तालिम आदिमा भाग लिने क्रममा स्वदेशका विभिन्न स्थानमा तथा विश्वका धेरै मुलुकहरूमा हवाई भ्रमण गर्ने अवसर पाएको बेला पनि रत्तिभर डर लागेको थिएन तर यो उडानमा भने विमानको सानै हलचलमा पनि पटक पटक सर्वाङ्ग शरीर नै डरले सन्न हुने गर्थ्यो । यसको कारण पोखरा जोमसोम उडानमा उच्च पहाड र हिमाल क्षेत्र पार गर्नुपर्ने हुँदा जहाजलाई विच बाटोको (en route) मौसमबारे अग्रिम जानकारी नहुने रहेछ । पोखरा जोमसोम उडानमा जहाजको बायाँ तर्फ विशाल धौलागिरि हिमाल र दायाँ तर्फ अन्नपूर्ण प्रथम र निलगिरी हिमाल पर्ने रहेछ । जहाज यि दुई हिमालको साँगुरो चेप (corridor) बाट दायाँ र बायाँ हिमाल र तल कहाँ हो कहाँ अग्ला पहाड माथि घना जङ्गल र धेरै तल कालीगण्डकी नागवेलि आकार बनाई बग्दो रहेछ । अत: उडान बारे भन्नु पर्दा यो उडान विश्वको मात्र होइन हाम्रो पहाडै पहाड र हिमालै हिमालले भरिएको मुलुक नेपालकै पनि कठिनतम उडान मध्ये एक भन्दा अत्यूक्ति नहोला ।

पोखराबाट उडेको करिब २४ मिनेटमा जहाज कालीगण्डकी नदि किनार अवस्थित मुस्ताङ्ग जिल्लाको सदरमुकाम जोमसोम विमानस्थलमा उत्रियो । उडानभर मनमा डर भएपनि दायाँ बायाँ हिउँले ढाकिएका मनमोहक धौलागिरि, अन्नपूर्ण र निलगिरी हिमाल आफ्नै सामुन्ने

र छेवैमा देख्न पाउँदा भने आफुलाई साँच्चिकै भाग्यमानि सम्झेँ । जहाजबाट ओर्लने वित्तिकै विमानस्थलमा उभिएर दायाँ बायाँ यताउता हेर्दा छेवैको दक्षिण पूर्व दिसामा विशाल निलगिरी हिमाल मुसुक्क हाँसेर हामीलाई हेरिरहेको भान भयो भने उत्तरतिर फर्केर हेर्दा भने नाङ्गो रुखपात, घाँस वट्यान केहि नभएको उराठलाग्दो माटोको ढिस्कोको पहाडै पहाडको श्रृंखला मात्र देखियो । कस्तो, अचम्म लाग्दो कत्ति पनि मेल नखाने अतुलनिय (contrastic) बनावट । प्रकृतिको खेल पनि कस्तो निराला ।

हामी विमानस्थलबाट आ-आफ्ना झोलाहरू बोकि विमानस्थल बाहिर निस्क्यौं र जोमसोम बजारमा चिया खाएपछि कालिगण्डकीको किनारै किनार पैदल उत्तरपूर्व दिशामा २० मिनेट जति हिंडेपछि कागवेनि र मुक्तिनाथ जाने जिपको विसौनीमा पुगिने रहेछ । जिप विसौनि काली गण्डकी नदि पारि रहेछ र नदिमाथि दोपाया र चौपाया मात्र हिंड्न सक्ने गरी पुल बनाइएको रहेछ, त्यहि पुल तरेर हामी जीप विसौनी पुग्यौं । विसौनीमा भारतमा निर्मित १२ सिट क्षमता भएका महेन्द्रा कम्पनीको जिप पाइंदो रहेछ । पुरै जिप रिजर्भ गर्दा कागवेनीको भाडा प्रति जिप रु.२५२०।-, मुक्तिनाथको भाडा ३१२०।- र कागवेनी मुक्तीनाथको रु.२५२०/- पर्ने रहेछ । जिप पुरै बुक नगरी व्यक्ति पिच्छे भाडा तिर्नु परेमा १२ सिटको हिसाबले प्रति व्यक्ति दामासाईको हिसाबमा भाडा असुल हुने व्यवस्था जिप सिण्डिकेटले गरेको रहेछ । हामी ८ जना भएकोले सजिलो गरी बस्ने हेतुले पुरै जिप रिजर्व गरी कागवेनिको सफर शुरु गऱ्यौं । जोमसोमदेखि कागवेनीको दुरी ११/२ घण्टामा तय हुने रहेछ । बाटोको अवस्था भन्नु पर्दा बाटो खासै बनेको रहेनछ । डोजरले केहि सम्याएर ट्र्याक (track) खोलेको रहेछ र अधिकांश भाग कालीकगण्डकीको किनारै किनार कागवेनिसम्म पुऱ्याइएको रहेछ । जोमसोम छाडेपछि त्यस रुटमा कागवेनी बाहेक अन्य कुनै गाउँ देखिएन ।

**कागवेनी**

कागवेनी माथिल्लो मुस्ताङ्गको प्रमुख गाउँ विकास समिति मध्येको एउटा गाउँ रहेछ । यो गा.वि.स. जोमसोम र लोमान्थाङ्ग (तात्कालिन मुस्ताङ्गि राजाको राजधानी) को विचमा पर्दो रहेछ । सन १९९१ को जनगणना अनुसार कागवेनीको कूल जनसंख्या १२०० र घरधुरि २६० रहेछ । यहाँ गरिने खेतिपातिबारे भन्नुपर्दा जौ, आलु, फापर र वा (उच्च पहाडि भेगमा हुने एकप्रकारको स्थानीय गहुँ) बाहेक अरु अन्नवालि नहुने रहेछ । मानिसहरू सबैजसो नै स्थानीय लामिछाने गुरुङ्ग र भोटे जाति एवं बौद्ध धर्मावलम्बी रहेछन् । घरको बनावट हेर्दा ढुङ्गा माटोको दिवालमाथि काठको दलिन, दलिनमाथि फलेक र फलेकमाथि गिलो माटो छाप्ने प्रचलन रहेछ । छत माटोको हुनाको कारण

त्यस भेगमा वर्षैभरि पानी खासै नपर्ने रहेछ । विजुली बत्तिको लागि धेरै वर्ष पहिले देखि नै कागवेनी छेवैमा एउटा सानो जलविद्युत आयोजनाको प्रावधान रहेछ ।

नेपाल टिवेट सिमानामा अवस्थित दामोदर हिमालको दामोदर कुण्डबाट निस्केको काली खोला त्यस भेगका अनगिन्ति स-साना सहायक खोला समुह साथै लिई कागवेनीमा मुक्तिनाथ मन्दिर परिसरमाथिको पहराबाट निस्केको पवित्र पानी मुक्तिनाथ मन्दिर परिसरमा १०८ जलधारा पूर्ण गर्दै बगेको पवित्र गण्डकी तल झारकोट हुँदै काली खोलामा मिसिएको स्थानलाई कागवेनी भनिएको रहेछ । छोटकरीमा 'का' भनेको काली 'ग' भनेको गण्डकी र 'बेनी' भनेको दुई नदि मिसिने संगमबाट 'कागबेनी' नमाकरण हुन गएको जनश्रुति रहेछ । नेपाल र भारतका पवित्र नदिहरू मध्य काली गण्डकीको महिमा अपरम्पार रही आएको छ । धार्मिक एवं पौराणिक ग्रन्थहरूमा कालीगण्डकी नदीको उत्पत्ति नेपालको मुक्तिक्षेत्रमा भै अन्त्य भारतको हरिहरक्षेत्र स्थित पवित्र गंगा नदिमा भएको छ । दुईवटा धार्मिक क्षेत्र भएर बग्ने नदि संसारमै कालीगण्डकी मात्रै रहेछ । हिन्दु धर्मावलम्बीहरूले भारतको हरिहरक्षेत्रमा पर्ने गयाजीमा पितृहरूको मुक्तिका लागि पिण्डदान, तर्पन, श्राद्ध आदि कार्य गरेपछि नेपालको मुक्तिक्षेत्र स्थित कागवेनीमा पिण्डदान, तर्पन, श्राद्ध गरेमा आफ्ना मृत पुर्खाहरूले सोझै बैकुण्ठवास पाउने धार्मिक जनविश्वास रहिआएको छ । तर यत्तिको महत्वपूर्ण उत्तरको गया भनेर प्रसिद्धि पाएको कागवेनीमा भगवान नारायणको सानो मन्दिर बाहेक अन्य केहि पनि सुविधाको निर्माण भएको रहेनछ । तिर्थयात्रीहरूले नुहाउन र श्राद्ध, तर्पनादि गर्नको लागि पनि सुरक्षित स्थानको न्यूनतम व्यवस्था भएको कहिं कतै देखिएन । अतः उक्त स्थानमा धार्मिक कार्य आदि सम्पन्न गर्न घाट व्यवस्थापन लगायत आवश्यक पर्ने अन्य निर्माणका कामहरू तुरुन्त गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा खड्किएको छ ।

कागवेनीमा विहान ९ बजे पश्चात क्रमशः हावाहुरी अतिनै चल्ने रहेछ । घर बाहिर बस्न नवागन्तुकहरूको लागि कष्टकर नै हुने रहेछ । कागवेनिमा खाना नास्ताको लागि स्थानिय स्तरको २-३ वटा रेष्टुरेण्ट मात्र संचालनमा रहेछ । हामी मध्ये केहिले उसिनेको आलु, फापरको रोटी, उसिनेको अण्डा र फिका चिया मात्र खाँदा पनि प्रति व्यक्ति रु.१५०।- को हाराहारीमा तिर्नु पर्ने रहेछ ।

हाम्रो समूह कागवेनीमा श्राद्ध, तर्पन, पिण्डदान आदि धार्मिक कार्य सम्पन्न गरेर मध्यान्ह १२ बजेतिर भगवान मुक्तिनाथ दर्शनका लागि मुक्तिनाथ प्रस्थान गऱ्यो । कागवेनीबाट नै माथिल्लो मुस्ताङ्गको लोमन्थाङ्ग सहित अन्य गाउँहरू बायाँबाट र मुक्तिनाथ जाने दायाँतर्फ बाटो

छुट्टिने रहेछ । मुक्तिनाथ जानको लागि कागवेनीमा पनि जिपको सिण्डिकेट प्रणाली रहेछ। पुरै जिपको रिजर्भ रेट रु. २५२०।- तिरेर कागवेनीबाट दक्षिण पूर्व दिशा हुँदै कच्चि उकालो बाटोमा पर्ने खिंगा, झारकोट हुँदै पौने दुई घण्टामा मन्दिर छेउ अवस्थित रानीपौवा भन्ने स्थानमा पुग्यौं। रानी पौवानै जिपको अन्तिम गन्तव्य विन्दु रहेछ । रानीपौवामा बस्न र खानको लागि होटेलहरूको राम्रै प्रबन्ध रहेछ। होटलको कोठा काठमाडौं र पोखराको तुलनामा सस्तै मान्नु पर्दछ । त्यो स्तरको कोठा दिनको रु. १००।- मा अन्यत्र कतै पनि पाइदैन । तर खानेकुराको हकमा भने अचाक्लिनै महँगो महसुस गऱ्यौं। साधारण दाल, भात, तरकारी र अचारको प्रति व्यक्ति औसत रु. ४००।- भन्दा बढी नै पर्ने रहेछ। उमालेको अण्डा प्रति गोटा रु.५०।- र नुहाउने १ वाल्टी मनतातो पानीको रु. १००।- पर्ने रहेछ ।

## काली गण्डकी

यो नदि समुद्र सतहबाट ६२६८ मिटर उचाइको दामोदर हिमालमा दामोदर कुण्डबाट उत्पत्तिमै कागवेनीदेखि केहि उत्तरमा पर्ने चेले भन्ने स्थानमा मुस्ताङ्ग खोलासँग मिसिन जान्छ। चेलेपछि खोला फराकिलो हुँदै काली खोलाको नामले कागवेनी सम्म बग्छ । तत्पश्चात मुक्तिनाथबाट उत्पत्ति मै उत्तर बग्ने चक्रनदि (गण्डकी) कागवेनी स्थित काली खोलामा मिसिन्छ । कागवेनीदेखि नदि कालीगण्डकी नामले चिनिन्छ ।

काली गण्डकीको अर्को महिमा भन्नुपर्दा उक्त नदिको किनारमा पाइने असंख्य ठूला साना सालिग्राम बारे रहेको छ। कालीखोला दामोदर हिमालको दामोदर कुण्डबाट उत्पत्ति हुने र दामोदर कुण्डको आसपासको क्षेत्रहरूमा सालिग्राम (कालो रङ्गमा गोलो आकारको पत्थर) को खानी भएको हुँदा पानी पनि कालो देखिने र नदि तटमा नदिले बगाएर ल्याएका सालिग्राम पाइने हुँदा नदिको ठूलो महत्व रहेको जनश्रुति रहेको छ। हिन्दु धर्मावलम्बिहरूले भगवान श्रीमन नारायण विष्णुको प्रतिकको रुपमा पूजा गर्ने सालिग्राम यहि दामोदर कुण्डबाट प्राप्त हुने जनुश्रुति रहेछ । कालीगण्डकी नदि कागवेनिबाट दक्षिण बग्दै जोमसोम मार्फा, टुकुचे हुँदै दक्षिण तर्फ नागवेलि आकारमा बगेको देखिन्छ। टुकुचे देखि ७ कि.मि. अगाडि धौलागिरी हिमाल ८१६७ मिटर र अन्नपूर्ण प्रथम ८०९१ मिटर विच संसारकै गहिरो खोंच (canyon) बनाई बगेको छ र tectonic activity force ले गर्दा हिमाल अग्लो हुन गएको मानिन्छ । नदि अगाडि बग्दै जाँदा (down stream) यसमा अन्य सहायक नदिहरू क्रमश: गलेश्वरमा राहुघाट खोला, वेनिमा म्याग्दी खोला, कुस्मामा मोदि खोला, रिडिमा वडिगाड खोला, देवघाटमा त्रिशुली नदि सँग मिसिन गै तत्पश्चात नारायणी नदिको नामले दक्षिण पश्चिम बग्दै भारतीय सिमा

त्रिवेनिबाट भारतमा प्रवेश गरी सोनपुरमा गंगा नदिमा अन्तिम विसर्जन हुन्छ।

**मुक्तिनाथ मन्दिर**

समुद्र सतहबाट ३८०० मिटरको उचाइमा भगवान श्रीमन नारायण मुक्तिनाथको सुन्दर मन्दिर रहेको छ। मन्दिर परिसर रानीपौवा गाउँबाट करिब आधा घण्टाको उकालोमा अवस्थित रहेको छ। मुक्तिक्षेत्र र मुक्तिनाथ भगवानको महिमाको वर्णन विष्णु पुराणमा गरिएको छ। भगवान विष्णुले आफ्नो भक्तहरूलाई आफ्नो पूजा गर्न सजिलो होस् भन्ना खातिर आफू सालिग्रामको रुपमा रहनु भएको कुरा स्वयम् व्यक्त गर्नु भएको कारण काली गण्डकी नदिको उद्गम स्थलदेखि नदि बग्दै जाँदा नदि तटमा असंख्य साना ठूला सालिग्राम पाइने गरेको धर्मशास्त्रहरूमा उल्लेख छ। साथै श्री स्वस्थानी व्रतकथा महात्म्यमा जलान्धरकि पत्नि वृन्दाको श्राप मुक्तिको लागि भगवान विष्णु सालिग्राम शिलामा परिणत हुनुभएकोले सालिग्रामलाई अनादिकाल देखि भगवान विष्णुको प्रतिकको रुपमा पूजा गर्ने धार्मिक प्रचलन रहि आएको छ।

मुख्य मन्दिर पैगोडा (pagoda) शैलिमा विक्रम सम्बत् १८६३ मा राजा रण बहादुर शाह की माइलि रानी सुवर्ण प्रभादेवीलाई सपनामा विष्णु भगवानले दर्शन दिएको हुँदा रानीले निर्माण गराएको भन्ने मन्दिरमा राखिएको शिलापत्रमा उल्लेख छ। साथै सोही वर्ष मन्दिर भन्दा करिब १०० मिटर तल अवस्थित रानीपौवा गाउँमा तिर्थयात्रीहरूको लागि ठूलो चारनाले पौवा (धर्मशाला) निर्माण गराई उक्त गाउँको नाम रानीपौवा राखिएको भन्ने भनाई रहेको छ। धर्मशाला अध्यावधिक राम्रै अवस्थामा रहेको छ। हिन्दु धर्मानुसार गर्वगृहको मूर्ति भगवान श्रीमन नारायण विष्णुको प्राचिनतम् मूर्ति रहेछ। प्राचिन मूर्ति सालिग्राम शिलाबाट बनेको र धेरै पछि मात्र शिलामूर्तिलाई छोपिने गरि वर्तमान देखिने सुनको मूर्ति बनाइएको जानकार बुढापाकाहरूको भनाई रहि आएको छ। मन्दिरमा विराजमान भगवानको बाहिरी देखिने मूर्ति सुनबाट निर्माण भएको र भगवान ध्यान मुद्रामा बस्नु भएको प्रतित हुन्छ। भित्रि शिला भगवान श्रीमन नारायणको प्राकृतिक रुपको प्रतिक भएको मानिएको छ। भगवानको मूर्ति विकसित मानव शरीरको आकारमा देखिन्छ।

बुद्ध धर्मानुसार बुद्ध धर्मावलम्बीहरूले यो मन्दिरलाई श्री अवलोकितेश्वर भगवानको रुपमा मान्ने गरेका रहेछन्। उनीहरूको धर्मशास्त्र अनुसार यो मन्दिर क्षेत्रमा डाकिनीहरू अकाशमा नाच्न आउने भएकोले २४ वटा तान्त्रिक स्थल मध्य यो पनि एउटा प्रमुख तान्त्रिक स्थलमा गनिएको रहेछ।

मुक्तिनाथको गर्वगृहलाई वैष्णव धर्मग्रन्थहरूमा संसारका आठओटा पवित्रतम् स्थल मध्ये एक मानिएको रहेछ। भगवानकै वाणिबाट व्यक्त भएको (स्वयम्व्यक्त)

आठओटा धार्मिक स्थलहरूमा श्री रंगम, श्री मुस्नम, तिरुपति, नैमिसारण्य, तोताद्रि, पुष्कर, बद्रिनाथ र मुक्तिनाथ भएको धार्मिक मान्यता रहेको छ। हिन्दु धर्मावलम्बिहरूले भगवानको मुख्य मूर्तिसँग जोडिएर रहेका दुई साना मूर्तिहरू भगवती लक्ष्मी र भगवती सरस्वतीको प्रतिक मानेर पूजा गर्छन् भने बुद्धमार्गीहरूले हरित् तारा र श्वेत तारा मानेर पूजा गर्ने गर्छन् भन्ने भनाई रहेको छ। मन्दिरमा भगवानको पूजाआजा र आरती झुमाहरूले (Buddhist nun) मात्रै गर्ने परम्परा रहि आएको छ।

मन्दिर परिसरमा १०८ ओटा मुक्तिधाराहरू विद्यमान रहेका छन्। जसबाट अविरल रुपमा अत्यन्त चिसो (sub zero temperature) जलधाराहरू झरिरहेका छन्। मुक्तिधाराहरूको मुख गाईको मुखको आकारमा कुँदिएको छ। पूर्वीयदर्शनमा १०८ को अंकले ठूलो महत्व राखेको छ। मुक्तिनाथ मन्दिर परिसरमा भएका ती धाराहरू यसै दर्शन (philosophy) को आधारमा स्थापित भएको विद्धानहरूको भनाई रहेको छ। हिन्दु धर्मानुसार ज्योतिष शास्त्रमा ९ ग्रह र १२ राशीको गुणनफल १०८ को योग (combination) दर्शाउँछ भने २७ नक्षेत्रलाई ४ खण्डको पदमा combine गर्दा १०८ पदको योग निस्कने हुँदा यसै धार्मिक एवं ज्योतिषिय आधारमा १०८ धाराको प्रादुर्भाव हुन गएको कारण यी धाराहरूमा भक्तहरूले स्नान गरी भगवान श्रीमन नारायण मुक्तिनाथको पूजाआजाका साथ दर्शन गरेमा फेरि मर्न जन्मन नपर्ने गरि मुक्ति पाइने धार्मिक जनविश्वास रहि आएको छ।

दक्षिण भारतमा प्रचलित मूर्ति महात्म्यमा वर्णन भए अनुसार मुक्तिक्षेत्रको मुक्तिनाथ मन्दिर परिसर यस्तो पावन क्षेत्र हो जहाँ हिन्दु र बौद्ध धार्मिक प्रचलन अनुसार पञ्चतत्व : अग्नी, जल, वायु, आकाश र पृथ्वी एकै स्थानमा स्वत देखिने गरी प्राप्त छ। यो स्थान मुक्तिनाथ मन्दिर परिसरमा करिब ४०० मिटरको दूरीमा श्री ज्वालामाई मन्दिरमा देख्न सकिन्छ जहाँ पृथ्वीमाथि कलकल बग्ने जलभित्र पौराणिक कालदेखि सेतो र रातो अग्निको ज्वाला निरन्तर प्रस्फुटित भैरहेको छ। मुक्तिनाथ भगवानलाई दक्षिण भारतीयहरूले परमगुरु मानी पूजा गर्ने भएकोले जीवनमा एकपटक गुरुको दर्शनार्थ निजहरू मुक्तिनाथको तिर्थयात्रामा आउने प्रचलन परापूर्व कालदेखि रहि आएकोले मुक्तिक्षेत्रमा प्रशस्त संख्यामा भारतीय तिर्थालुहरू देख्न सकिन्छ। मन्दिरको तल बायाँ पट्टि बुद्धधर्मका गुरु रिम्पोछेको एउटा गुम्बा छ जहाँ हिजोआज बुद्ध दर्शनबारे स्वदेशी र विदेशी सबैलाई ज्ञान दिने गरिएको जानकारी प्राप्त भयो।

श्रीमन नारायण भगवान विष्णुको असंख्य मन्दिरहरू मध्य अत्यन्त पवित्रतम र प्रसिद्ध मानिएका मुख्य मन्दिरहरू भारतमा ४ र नेपालमा १ गरी ५ वटा

रहेको धार्मिक जनविश्वास छ। भारतमा भएका मन्दिरहरूमा उडिसा राज्यको पुरिमा अवस्थित श्री जगन्नाथ मन्दिर, तामिलनाडू राज्यको रामनाथपुरममा अवस्थित श्री रामनाथ (रामेश्वरम) मन्दिर, गुजरात राज्यको द्वारकामा अवस्थित श्री द्वारकानाथ मन्दिर र उत्तराञ्चलको चमोलिमा अवस्थित श्री बद्रिनाथ मन्दिर हुन्। भारतका यि चार स्थानमा अवस्थित मन्दिरलाई चारधामको नामले पनि चिनिन्छ। धार्मिक दृष्टिकोणले प्रचारमा नआएता पनि विशालताको हिसाबले संसारकै सबैभन्दा विशाल विष्णु भगवानको मन्दिर क्याम्बोडियाको एंकरवाट भन्ने स्थानमा करिब १००० वर्ष पहिले प्राचिन खमेर संस्कृतिका हिन्दु राजा सूर्य वर्मनले बनाएका थिए। सूर्य वर्मन राजाको देहवसान पछि यो मन्दिरको गर्व गृहमा स्थापित विष्णु भगवानको मूर्तिलाई हिन्दुहरूले विष्णु भगवानको प्रतिकको रुपमा र बौद्धमार्गिहरूले बुद्ध भगवानको रुपमा पूजाआजा गर्ने चलन अध्यावधिक रहेको छ। अत: नेपालको मुक्तिनाथ मन्दिर र क्याम्बोडियाको विष्णु मन्दिर मात्र विश्वको यस्ता मन्दिर हुन जहाँ दुई धर्मावलम्बी हिन्दु र बौद्धहरूले एकसाथ पूजाआजा गरी धार्मिक सहिष्णुता कायम गरेका छन्।

## सालिग्राम


मुक्ति क्षेत्र स्थित काली गण्डकी आसपासका १५३ वर्ग किलोमिटर क्षेत्रलाई चक्र तिर्थ पनि भनिंदो रहेछ र यसै क्षेत्रमा पाइने सालिग्राम अत्यन्त पवित्र हुने धर्मशास्त्रमा उल्लेख रहेको भनाई छ। मुक्तिनाथबाट निस्कने नदीलाई चक्र नदी (गण्डकी) भनिने रहेछ जसलाई परमपिता, ब्रम्हाजिले सृष्टी गर्नु भएको भनेर गरुड पुराणमा उल्लेख भएको विद्वानहरूको भनाई छ। यस क्षेत्रको कालिगण्डकी नदि क्षेत्र र हिमालको दामोदर कुण्ड आसपासका क्षेत्रमा दुई प्रकारका सालिग्राम (ammonite fossil stones) पाइने रहेछ। नदी भित्र र नदी किनारमा पाइने सालिग्रामलाई 'जलजा' र हिमालक्षेत्रमा पाईनेलाई 'स्थलजा' भनिने रहेछ। धार्मिक मान्यता अनुसार कालीगण्डकीले बगाएर ल्याएका सालिग्राम जस्मा गोलाकार तेर्सो वा माथिदेखि तलसम्म ठाडो धर्सा कोरिएको छ ति मात्र पूजाको लागि पवित्र मानिने विष्णु पुराणमा उल्लेख भएको जानकारहरूको भनाई छ।

## मुक्तिनाथ भ्रमणमा जाने समय र ख्याल गर्नुपर्ने कुराहरू

मुक्तिनाथ भ्रमणमा जाने सबैभन्दा उपयुक्त समय चैतदेखि असारसम्म मानिएको छ। त्यसो त अरु महिनामा पनि जान नसकिने होइन तर सबै दृष्टिकोणले अनुकुल मौसम चैतदेखि असरसम्म नै हो भन्ने स्थानीयहरूको मत रहेको छ। यो अधिमा कम जाडो हुने, कम हिउँ पर्ने, आकाश सफा हुने, लेक

कम लाग्ने छारो धुलो पनि कम उड्ने भनाई रहेको छ। मुक्तिनाथ मन्दिर समुद्र सतहबाट ३८०० मिटरको उचाईमा भएकोले मन्दिर पुग्ने वेलामा कसैकसैलाई (विशेष गरेर श्वास प्रस्वास को समस्या र उच्च रक्तचाप भएका व्यक्तिहरू) लेक लाग्ने (high altitude sickness) प्रवल सम्भावना हुने रहेछ। यदि कसैलाई एक्कासि वाक वाक आउने, रिंगटा लाग्ने, स्वाँ स्वाँ हुने र वान्ता आउला जस्तो भएमा लेक लागेको संकेत (symtom) हो भन्ने बुझ्नु पर्ने रहेछ। अतः लेक लाग्न नदिन उकालो लाग्नु भन्दा आधा घण्टा अगाडि घरेलु वा अन्य औषधि सेवन गर्नु उपयुक्त हुने रहेछ। घरेलु औषधीमा टिम्मुरको दाना वा लेप र काँचो लसुनको केस्रा मुखमा राख्ने र (dimox) चक्कि पानीसँग निलेमा लेक लाग्नबाट बच्न सकिने रहेछ। कदाचित लेक लागि हालेमा उँभो नगै उँधो तुरुन्त झर्नु उपयुक्त हुने भुक्तभोगिहरूको भनाई रहेको छ।

अतः हिमालपारिको जिल्ला भनेर प्रसिद्धि पाएको क्षेत्र, भगवान श्रीमन नारायण बास गर्नु भएको क्षेत्र, सालिग्रामको उत्पत्ति भएको काली गण्डकी क्षेत्र, अन्य असंख्य लोभलाग्दा भुवनावट भएको क्षेत्र, पृथक रहनसहन एवं विविधताले भरिपूर्ण यो पवित्र क्षेत्रको जीवनमा एक पटक हामी सबैले भ्रमण गर्नै पर्ने रहेछ भन्ने लेखकको मान्यता रहेको छ। अस्तु।



# पुवार खड्का : संक्षिप्त चर्चा



ललित बहादुर खड्का
निवर्तमान अध्यक्ष, पुँवार खड्का गुठी

*पुँवार खड्काहरुकोबीचमा आपसी सहयोग र सम्पर्क बढाउने उद्देश्यले स्थापना भएको पुँवार खड्का गुठी र बिभिन्न गोत्रमा बिभाजित नौ थरी गोत्रका (दुई थरी अझै थपिने क्रममा रहेको) खड्काहरुलाई एउटै सुत्रमा आवद्ध गराएर लैजाने उद्देश्यले स्थापना भएको "खड्का क्षेत्री महासमाज" जस्ता संस्थाहरुको सञ्चालनमा सहभागी भै केहि जान्ने र बुझ्ने सुअवसर प्राप्त भयो ।*

मानिस सामाजिक प्राणी हुनका साथै चेतनशील प्राणी पनि भएकाले उसमा वाल्यबस्था देखि जीवन पर्यन्त बिभिन्न बिषयको जानकारी प्राप्त गर्ने उत्सुकता रहेको हुन्छ। त्यसमा पनि आफ्नो कुल बंश र पुर्खाहरूको बिषयमा जानकारी हासिल गर्ने जिज्ञासा प्रवल रहेको पाइन्छ । यो पंक्तिकारको वासस्थान बाग्लुङ्ग र म्याग्दी दुवै जिल्लामा भएको र दुवै ठाउमा पुँवार खड्काहरूको बाक्लो बस्ती भएकाले जहाँ भए पनि वाल्यकालमा बुढापाका मान्यजनहरूकोबीचमा हुने भलाकुसारी रमाइलो मानेर सुन्ने र बुझ्ने कोशिस गरेको आज पनि संझना आँउछ । कुराकानीको प्रशंगमा "धारा नगरी जागा जगदेउ, पञ्च प्रवर राये" भन्ने उक्ति सुनेको र यस बिषयमा जिज्ञासा राख्दा हाम्रा पुर्खाहरू राजा भोज जस्ता बिद्वान तथा कुशल राजाले राज्य गरेको ठाउ धारानगरीबाट आएका र अरु क्षत्रीहरू धेरैको तीन प्रवर मात्र हुने र हाम्रो पाँच प्रवर भएको कुरा सुन्दा गर्वले छाती फुलेर आउने र प्रवरको वास्तविक अर्थ नबुझे पनि समकालिन साथी भाईहरूलाई फुर्तिले सुनाउने गरेको हिजो जस्तो लाग्दछ । संयोगबस पुँवार खड्काहरूकोबीचमा आपसी सहयोग र सम्पर्क बढाउने उद्देश्यले स्थापना भएको पुँवार खड्का गुठी र बिभिन्न गोत्रमा बिभाजित नौ थरी गोत्रका (दुई थरी अझै थपिने क्रममा रहेको) खड्काहरूलाई एउटै सुत्रमा आवद्ध गराएर लैजाने उद्देश्यले स्थापना भएको "खड्का क्षेत्री महासमाज" जस्ता संस्थाहरूको सञ्चालनमा सहभागी भै केहि जान्ने र बुझ्ने सुअवसर प्राप्त भयो

। खड्का क्षेत्री महासमाज, संक्षिप्त परिचय पुस्तिकामा प्रकाशित "खड्का, खड्ग्राह र खड्गसिद्धि" शीर्षक भएको लेखमा प्रा.डा.श्री राजाराम सुवेदीले कपिल गोत्र पुँवार खड्काको कपिल काञ्चन र विश्वामित्र गरी तीन प्रवर उल्लेख भएको पाइयो। तर चन्द्र बहादुर खड्का द्वारा लिखित "पुवार खड्का (संक्षिप्त परिचय ) नामक पुस्तिकामा प्रकाशित पुवार खड्काको बंशावली उतारमा कपिल, आदर, पद्मदेउ, कात्यायिनी र देवराज गरी पाँच प्रवर भएको कुरा उल्लेख गरिएको हुनाले वाल्यकालमा बुढापाकाबाट सुनेको र बंशावलीमा लेखिएको कुरा बढी बिश्वसनीय लागेको छ।

बाग्लुङ र म्याग्दी दुवै जिल्लामा पुँवार खड्काहरूको बसोवास भएको कुरा माथि उल्लेख गरिएको हुँदा यस बिषयमा थप केहि चर्चा गर्न सान्धर्भिक होला भन्ने लागेको छ। जनश्रुती अनुसार पाल्पाका तत्कालिन राजा मुकुन्दसेनकी छोरीको पर्वतका राजासंग विवाह सम्पन्न भए पछि राजकुमारीले आफुले नित्यपूजा र आरधना गर्ने गरेकी कालिका देवीलाई आफैसंग लैजान इच्छा प्रकट गरेकी र बुवा आमाबाट स्वीकृति प्राप्त भए पनि देवीको रथ डेग नचले पछि राजकुमारीको बिदाइका लागि एकत्रित जन समुहबाट आलो पालो गरी रथ उठाउने प्रयत्न हुन थाल्यो। यसै क्रममा त्यहाँ उपस्थित काँधमा धनुष र वाणको ठोक्रो भिरेका शिकारी भेषका चक्र पुँवारले खड्ग लिएर रथको अगाडी लागे पछिमात्र रथ चलेको र गन्तव्यस्थल पुग्न नपाउदै बाटोमा पर्ने कृष्ण गण्डकी नदि छेउको पवित्र ठाउ (हाल देवीको मन्दिर स्थापना भएको ठाउ ) मा पुगे पछि रथ रोकिन गएकोले सोही ठाउमा मन्दिर स्थापना गरियो। देवीको नित्यपूजा, सेवा, संरक्षण गर्ने र शेष बचेको आयस्था चक्र पुँवार र उनको सन्तत्तिले भोग चलन गर्न पाउने गरी बाग्लुङ बजारसंग जोडिएको समथल भूमी भगवती गुठीको नामबाट गुठ राख्ने व्यवस्था भयो। चक्र पुँवारको सन्तानमा बृद्धि हुदै गए पछि गुठीको जग्गालाई रैकर सरह गरी गैर पुँवार वंशीलाई पनि बसोबास गर्न दिने प्रचलन शुरु भएको हुदा गुठीको जग्गामा समेत बजारको क्षेत्र बिस्तारित हुनगै आजको अवस्थामा पुग्न गएको पाइन्छ। सन्तान बढ्नेक्रम जारी रहेपछि गुठीको आयस्थामा मात्र निर्भर रहन नसकिने भएकाले कृषिजन्य खाद्य उत्पादनको लागि उब्जाउ जमीन र पशुपालनको लागि आवस्यक हावापानी, घास, दाउरा आदिको सुविधा भएको ठाउको खोजी हुन थाल्यो। म्याग्दी जिल्ला (पहिले प्रशासनिक बाग्लुङ जिल्ला )को हाल पुँवार खड्काहरूको बस्ती भएको ठाउ उपयुक्त हुने ठहर गरी बसोवास गर्ने क्रम सुरु भयो। एउटै परिवारका सदस्यहरू बाग्लुङ र म्याग्दीमा बिभाजित

भएर आफ्नो जिम्माको पेशा व्यवसाय सञ्चालन गर्न थाले । कालान्तरमा सहर बजारको वातावरणमा घुलमेल भएकाहरू बाग्लुङमै बस्न रुचाए र खेती पातीमा रमाउने जति म्याग्दीमै स्थायी बसोवास गर्न थाले। अझैपनि केहि खड्का परिवारहरू दुवै ठाउको घरद्वार थामेर बस्ने गरेका पाइन्छ ।

उज्जैन धारानगरीबाट आएका पुँवारबंशीय क्षेत्रीहरू महाकाली तरी नेपालको पशिचमबाट प्रवेश गरेको र पछि पूर्वतर्फ फैलिदै गएका भन्ने बिषयमा बिभिन्न लेखक तथा खोजकर्ताहरूको एकमत भएको पाइन्छ तर कहिले धारानगरी छाडेर आए र किन पुँवारको ठाउमा खड्का लेख्न सुरु गरे भन्ने बिषयमा समान विचार र मान्यता भएको पाइदैन । बाग्लुङ र म्याग्दीमा बसोबास गर्ने पुँवार खड्काहरूमा चक्र पुँवारले देवीको खड्ग लिए पछि तत्कालिन राजाबाट 'खड्गा' पदवी पाएका र त्यही शब्द पछि खड्का हुन गएको भन्ने धारण अहिले पनि व्याप्त रहेको छ। बिदुर खड्का द्वारा लिखित "बाग्लुङका पवार खड्का" नामक पुस्तकमा उनले यो धारणलाई पुष्टि गर्न खोजेको पाइन्छ। पुस्तकको एक ठाउमा चक्र पुँवार बि.स.१५९१ मा बाग्लुङ आएको कुरा पनि उल्लेख गरिएको छ । सम्भवत उनले पाल्पामा मुकुन्द सेनले राज्य गरेको समयावधिलाई ध्यानमा राखेर उल्लेख गरेका भएमा वास्तबिकतामा आधारित हुन सक्दछ । माथि उल्लेखित बंशावलीको उतारलाई आधार मानेमा पाँच भाई पुवारहरू डोटीको ढिक पुर्चुण्डी ( हाल बैतडी जिल्लामा रहेको) मा आई राज्य गरेका र आफ्नो आराध्यदेवी (काली) को मन्दिर स्थापना गरी भाई भाईमा कामको बाडफाड गर्दा जेठाले कालीको खड्ग लिएको हुनाले खड्का कहलाएका भन्ने देखिन आँउछ । पुवार बंशको अध्ययन तथा अनुशन्धान गर्न स्थापना भएको संस्थाका महासचिव श्री सीताराम विष्टले समय समयमा व्यक्त गरेको भनाई र लेखाई बंशावलीको कुरासंग मेल खाने भएकाले सो संस्थामा आवद्ध पाचै पवार बंशी क्षेत्रीहरू (खड्का, थापा, बिष्ट, बुढाथोकी र दानी ) को विचारलाई पनि प्रतिनिधित्व गरेको मान्न पर्ने हुन आउछ । अनुसन्धानको सन्दर्भमा सो संस्थाबाट पुँवार बंशको पुर्खौली ठाउमा गै स्थलगत अध्ययन र अनुशन्धान गर्ने प्रसग पनि चलेको हुनाले सो कार्य सम्पन्न हुन सकेमा अरु थप तथ्य फेला पर्ने र पुवारबंशी बिस्तार सम्बन्धी खोजकार्यमा सघाउ पुग्ने आशा गर्न सकिन्छ ।

पुवारबंश र खड्का क्षेत्रीहरूको उन्नत्ति र प्रगतिलाई ध्यानमा राखेर छाता संगठनको रुपमा स्थापना भएका दुई संस्थाहरूमा "पुँवार खड्का गुठी" आबद्ध भएर सक्रिय रुपमा भाग लिदै र सहयोग

पुऱ्याउदै आएको छ तर एउटा रमाइलोका साथै विचारणीय बिषय के देखिन्छ भने आफ्नोबंश र गोत्र मिल्ने एउटा संस्था "पुँवारबंश अध्ययन तथा अनुशन्धान केन्द्र" का सहभागी क्षेत्रीहरू थापा, बिष्ट, बुढाथोकी र दानी थर भएका र आफ्नो थर खड्का भएको संस्था "खड्का क्षेत्री महासमाज" का सहभागीहरूसंग बंश, गोत्र, संस्कृति आदि केहि नमिल्ने भएको हुदा उल्लेखित दुई संस्थाहरू मध्ये को नजिक र को टाढा भन्ने प्रश्न उब्जिएको छ । जहा सम्म अनुशन्धान केन्द्रसंग सम्बन्धित बिषय छ पुँवारबंशको उद्गम स्थल आदि पुरुष, बंशको फैलावट आदि कुराहरूको मान्यतामा समान दृष्टिकोण रहेकाले यो मान्यता कायम रहेसम्म पाँच भाइबीच कामको बिभाजन गर्दा थापा, बिष्ट आदि पेशा सूचक थर वा उपजातीमा बिभाजन भएको कुरालाई पनि मान्यता दिन आवस्यक देखिन्छ । महासमाजका अन्य सहभागी खड्काहरूको उद्गम स्थल पनि पश्चिममा पर्ने डोटी, बझाङ, खप्तड जस्ता ठाउबाट पूर्व तर्फ फैलिदै गएको देखिने र क्षेत्री जातीको परिचायक अस्त्र 'खड्ग' धारणा गरेकाले खड्का हुन गएको भन्ने भनाई प्रायः सबै खड्काहरूमा भएको हुनाले यी दुई बिषय पुँवार बंशी खड्काहरूसंग मिल्दो जुल्दो रहेको छ । बसाई सराई हुदा ठाउको परिवेशले थर गोत्र आदि फरक पर्न गएको भन्ने भनाई केहि खड्काहरूमा पाइन्छ तर हालसम्म यो भनाइलाई पुष्टि गर्ने कुनै ठोस आधार नदेखिएको हुदा अनुमानकै सहारा लिएको हुन सक्दछ । महासमाजमा आवद्ध सबै खड्काहरूले आ-आफ्नो गोत्र अनुसारका ऋषिमुनीलाई आदि पुरुष मानी पूजा अर्चना गर्दै आएका र नौ ऋषिको मुर्ति स्थापना गरी (महासमाजको केन्द्रीय कार्यलय निर्माणको लागि प्रदान गरिएको) पनौतीको रमणीय ठाउमा 'ऋषि मन्दिर'को निर्माण भै सकेको हुनाले एउटै मूल गोत्र र बंश भन्ने आवाजमा केही शिथिलता आएको छ। नेपाली समाजमा जात जातीको आधार लिएर संगठित हुने र शक्ति प्रदर्शन गर्ने प्रबृत्ति बढ्दै गएको हुनाले केही स्पष्ट हुन बाँकि कुराहरूलाई खोजको बिषय बनाउने र आफु सम्बन्धित संघ संस्थालाई अझै सुदृढ बनाउनु पर्ने अवस्था सिर्जना भएको छ । पूर्व देखि पश्चिम सम्म देश व्यापी रुपमा फैलिएर बसेका पुँवार खड्का बन्धुहरूलाई संगठित बनाउने र सहयोगी संस्थाहरूलाई सक्दो सहयोग पुऱ्याउने जिम्मेवारी पुँवार खड्का गुठी माथि रहेको छ । अस्तु

●



# पुवाँर खड्का बन्धुहरूमा शुभकामना

भरत कुमार खड्का
अर्जुनधारा–६, झापा
(हाल : का.म.न.पा.३४, आलोकनगर, काठमाण्डौ)

बिगत बि.स.२०४४ सालमा दोलखा जिल्ला स्थित चिलंखामा बसोवास गर्ने पुवार खड्काहरुको प्रयासबाट सानै स्वरुपमा भए पनि बिभिन्न स्थानमा रहेका पुवाँर खड्काहरु एकताबद्ध भई चिलंखे खड्का गुठी स्थापना गरी कुल परम्परा अनुसार कार्य गर्दै अन्य सामाजिक सेवामा समेत संलग्न भई कार्य गरिरहेकोमा बि.स.२०५४ मा दोलखा सहित देश भित्रका बिभिन्न जिल्लामा बसोवास गर्ने पुवार खड्काहरुको सहयोग एवं प्रयासबाट देश भरीनै रहेका पुवार खड्काहरुलाई एउटै गुठीमा आवद्ध भई कुल, धर्म, परम्परा अनुसार एकताबद्ध हुने र पुवार खड्काहरुको पहिचान एवं बंशावली समेत तयार गरी देश भरीनै प्रचार प्रसार गरी बन्धुबान्धवहरुमा सद्भाव एवं सहयोग पुग्ने उद्देश्य राखी यस "पुवाँर खड्का गुठी" को स्थापना भयो। तत्पश्चात काठमाण्डौ जिल्ला गोठाटार गा.बि.स.वडा नम्बर ७ मा स्थायी बसोवास गर्नु हुने श्री कृष्ण बहादुर खडका ज्यूले पुवाँर खड्का गुठीको केन्द्रीय कार्यलय भवन निर्माण गर्नका लागि गोठाटारमा क्षेत्रफल ०–६–०–० जग्गा दान गरी महान कार्यको थालनी गर्नु भयो।

गुठीको आफ्नै भवन नभएको अवस्थामा यस जग्गा दानले भवन निर्माणको लक्ष्यमा महत्वपूर्ण सहयोग भयो र बिभिन्न स्थानमा बसोबास गर्ने पुवाँर खड्का बन्धुहरुको आर्थिक सहयोगबाट कार्यलय भवन समेत निर्माण भएको छ। उक्त गुठी भवनको परिसरमा पुवार खड्काहरुको कुल, पुर्खा तथा कपिलेश्वर ( ऋषि ) महादेव एवं कात्यायनी भगवतीको मन्दिर स्थापना गरी निरन्तर पूजा हुदै आइरहेको छ। पुवार खड्काहरु कपिल ऋषिका सन्तान एवं कात्यायनी भगवती कुल देवी हुन भन्ने मान्यता रही आएको छ। गुठीको बिभिन्न कार्य सञ्चालनको खर्चका लागि सदस्यता शुल्कको आम्दानीबाट नपुग हुने हुदा दाता पुँवार खड्काहरुको आर्थिक सहयोगमा "अक्षय कोष" समेत स्थापना भएको छ। अक्षयकोषको रकमको व्याजबाट समान्य सञ्चालन खर्च मात्र पुग्ने भएकोले केही बर्ष अघि दाता पुँवार खड्काहरुकै आर्थिक सहयोगबाट बिजया दशमीमा हुने दुर्गा पूजाको लागि बिशेष अक्षयकोष स्थापना गरी प्रत्येक बर्ष दुर्गा पूजा सम्पन्न गरी

प्रसाद बितरणको कार्य समेत भइरहेको छ।

कहिले काँही आई पर्ने अन्य खर्च एवं गुठी भवनमा गरिने मर्मत सम्भारको खर्च पनि दाता पुँवार खड्काहरुकै स्वेच्छिक सहयोगबाट सम्पन्न भई आएको छ। बिगतको प्रतिकुल अवस्थामा समेत यस पुँवार खड्का गुठीले बिभिन्न स्थानमा रहेका पुवाँर खडका बन्धुहरुलाई भातृत्वको सन्देश दिदै देशका बिभिन्न जिल्लामा पुगेर पुवाँर खड्काहरुको पहिचान गराउदै बिदेश (भारत) का बिभिन्न राज्यमा समेत गएर पुँवार खड्काहरुको तथ्याङ्क संकलन गरी बंशावली समेत प्रकाशित गरि सकेको छ। तर त्यतिबेलाको सिमित साधन र श्रोत एवं आर्थिक अभावले सम्पूर्ण पुवाँर खड्काहरुको पहिचान गरी बृहत रुपमा बंशावली तयार गर्न सकिएन होला कहि कतै त्रुटी समेत भएको होला तसर्थ अबको समयमा बृहत रुपमा तथ्याङ्क संकलन गरी पहिले तयार भएको बंशावलीमा त्रुटीहरु सच्याउदै नयाँ बंशावली तयार गर्नु आवश्यक छ।

आजको यातायात सेवाको बिस्तार एवं सञ्चारको सुबिधाले गर्दा टाढालाई पनि नजिक र असहजलाई सहज बनाई दिएको छ। तसर्थ अव देश भित्र एवं बाहिर स्थाई बसोवास गरि रहनु भएका पुवाँर खड्का बन्धुहरुलाई हार्दिक बिनम्रका साथ यस पुँवार खड्का गुठीमा आवद्ध भई भातृत्व दर्शाउनु हुन आह्वान गर्न चाहन्छु।

गत बर्ष "पुँवार सन्देश" मार्फत आगामी ५ बर्ष भित्रमा एक करोड रुपैया सम्मको अक्षय कोष स्थापना गरी बिभिन्न सामाजिक सेवामा एवं बन्धुहरुको हितमा तथा कुल धर्म साथै परम्परा कायम राख्नमा आर्थिक सहयोगका लागि आह्वान गर्दै यस पुवाँर खड्का गुठी मार्फत निम्न केही कार्य होस् भन्ने चाहना राख्न चाहन्छु।

१. राजधानीमा एउटा सानै भए पनि वृद्धाश्रम सञ्चालन गर्न सकियोस।
२. १२ कक्षा पास गरेका तर उच्च शिक्षाका लागि आर्थिक अभाव भएका बन्धुहरुलाई हालको ५ बिकास क्षेत्रबाट १/१ जना ( ५ जना ) लाई छात्रवृत्ति प्रदान गर्न सकियोस।
३. हरेक जिल्लामा कुल पूजा देवाली सञ्चालन भएका स्थानहरुको पहिचान गरी कुल पूजागर्ने स्थानको व्यवस्था गर्न आर्थिक सहयोग गर्न सकियोस।
४ काठमाण्डौ स्थित पुँवार खड्का गुठी कार्यलय परिसर भित्र कुल देवताको मन्दिरमा कुलपूजा देवाली गर्ने कार्यको सुरुवात होस।
५. बंशावलीको संशोधन एवं पुन: प्रकाशन गर्ने कार्यको थालनी गर्न सकियोस।

अन्तमा समस्त बन्धुहरुलाई पुवाँर खड्का गुठी मार्फत जो जसले जे सकिन्छ, जसरी सकिन्छ, तनले, मनले, धनले सकेको सहयोग गरौ। सम्पूर्ण पुँवार खड्का बन्धुहरुमा भातृत्वको भावना जागृत होस, बन्धुहरुको पहिचानमा सफलता मिलोस अनि यस विजया दशमी २०६८ को उपलक्षमा नव दुर्गा भवानी एवं कुल देवता, कुल देवीले सुख शान्ति तथा सम्बृद्धि प्रदान गरुन् यहि शुभकामना।

# विवाह



निरञ्जन खड्का, एम.ए., एम.पी.ए.
नामाडी-५, खहरे, रामेछाप

**छोरो लाठे भयो यसो असल कन्या खोजेर विवाह गरी दिनु पऱ्यो ।**
**छोरी हुर्की अव ढिला नगरी असल केटा खोजेर विवाह गरी पठाउनु पऱ्यो ।**

हो, हरेक नेपाली वा हिन्दू बाबु आमालाई आफ्ना हुर्केका छोरा छोरीको पिर छ त्यो पनि विवाह गरिदिने । पश्चिमा प्रेम संकृतिबाट आक्रान्त भएको नेपाली हिन्दू समाज कतै छोरा छोरी बिग्रने हुन कि वा गलत कार्य गरी दिने पो हुन कि भन्ने बाबु आमालाई सधै डर भइरहन्छ । विवाह रहर हो, बाध्यता हो र समस्या पनि हो । रहर यस कारणले हो आजका किसोर किसोरी १५ बर्षको उमेर देखिनै भावी जोडीको कल्पनामा डुब्न थाल्दछन् । बाध्यता यस कारणले हो जैविक आवस्यकता पुरा गर्नु र बंसको बिस्तार गर्नु हो । र समस्या यस कारणले हो कि स्त्री अधिकारको प्रयोग गर्न खोज्दा र पुरुषको अधिनायकत्व कायम राख्न खोज्दा टकरावको स्थिति पैदा भई सम्बन्ध बिच्छेदको परिणाम भोग्नु पर्ने वा सधै बेमेल वैवाहिक सम्बन्धले जन्माएको तनावको बातावरणमा बाच्नु पर्ने अवस्था पनि आउछ । तर जे भए पनि विवाह धार्मिक नीति हो, सामाजिक प्रकृया हो, प्राकृतिक देन हो जस्ले बंश बिस्तार गर्दछ, नाता जोड्दछ, परिवार अनि समाजको निर्माण गर्दछ र यौनकार्यको लागि स्त्री पुरुषलाई बैधानिक मान्यता प्रदान गर्दछ । विवाह बयस्क युवक र युवतीकाबीच हुने व्यक्तिगत, धार्मिक, सामाजिक सम्झौता हो जुन समाज र कानुनले मान्यता दिएको नीति हो, प्रकृया हो ।

हिन्दू धर्मलाई हेर्ने हो भने भगवान ब्रम्हाले सृष्टि गर्नु भएको मनु र सत्रुपा जोडी यस धरतीमा मानिसको बिस्तार गर्न र प्राकृतिक र जैविक संसारको रक्षा गर्न, भोग गर्न पठाएका बुद्धि र बिवेक भएका सर्वोकृष्ट प्राणी हुन भनिन्छ। क्रिष्चियन धर्मालम्वीहरूको धर्मशास्त्र बाइवल अनुसार पनि हिन्दू जस्तै प्रभु यशुले यस धरतीमा एडम र इभको जोडी पठाएका हुन जसको

काम धरतीमा मानिसको विस्तार गर्नु र अनुशासित भएर सम्पूर्ण सृष्टिको पालना गर्नु गराउनु हो भनिन्छ। यी पुराना धर्मका अनुसार अनुमान लगाउने हो भने हामी पृथ्वीमा रहेका सबै मानिस दाजु भाई दिदी बहिनी हौं। आजका धर्मशास्त्रका ज्ञाताहरू वा गुरुहरू धर्मशास्त्रले जे भने पनि आफ्नो अनुकुल हुने गरी व्याख्या गरी रहेका छन्। बिभिन्न काल खण्डमा भगवानका अवतारका रुपमा जन्मिएका धार्मिक महापुरुषहरूबाट मानवका बिषयमा फरक फरक धारणा व्यक्त गरेका छन्। जैविक बैज्ञानिक चार्स डार्विनको सिद्धान्त अनुसार एक कोषिय प्राणीबाट मेरुदण्ड भएका प्राणीको उत्पत्ति हुँदै जंगली बाँदरको रुपमा देखा परेका मानवका पुर्खा आफ्नै भुण्डका पोथीहरूसंग स्वतन्त्र र स्वछन्द यौन सम्बन्धबाट जन्मिएका सन्तानहरूको बिकसित रुप बिभिन्न चरण जस्तै जंगली अबस्था, बर्बर अवस्था र सभ्यताको अवस्था पार गर्दै आजका अबस्थाका मानव हुन भनेका छन्। सभ्यता अवस्थामा आएर मात्र मानिसले आफ्नो भाषाको लिपी (अक्षर) को आविस्कार गरेका हुन् जुन त्यो समयका बिद्वानहरूको दिमागमा आएका र बिश्वास लागेका कुराहरूलाई लिपीबद्ध गरेका थिए। धर्मशास्त्र पनि तिनै बिद्वानहरूबाट लिखित मानिसलाई गलतबाटो हिड्नबाट रोक्नका लागि बनाइएको आचरण शास्त्र हो। हिन्दूका गीता, वेद, क्रिष्चियनको बाइवल, मुस्लिमको कुरान, बुद्ध धर्मका त्रिपिटक आदि धर्मशास्त्रहरू मानिसलाई सहीमार्गमा हिड्न प्रेरित गर्ने आचरणशास्त्रका रुपमा लिन सकिन्छ। जुन आचरणशास्त्र अनुसारनै मानिसको जन्म देखि मृत्यु सम्मका संस्कारहरू गरिन्छ। धेरै संस्कारहरू मध्ये विवाह, जीवन सुख र बंस बिस्तारको लागि उत्तम र महत्वपूर्ण पक्ष हो।

पाषाढ युग वा जंगली युगमा बिवाह हुदैनथ्यो र बलियो पुरुष भुण्डको नाइकेले अधिकांस महिलाहरूमाथि अधिपत्य जमाउथ्यो र पछि महिलामाथिको अधिकारलाई लिएर पुरुषहरूबीच युद्ध हुदा धेरै क्षती व्यहोर्नु परेको हुदा भुण्डले जोडा छनौटको निम्ति बिशेष नियम बनायो त्यहि नियमनै कालान्तरमा आएर बिवाहमा परिणत भएको वकालत मानवशास्त्रीहरू गर्दछन्। बिभिन्न युगमा विवाहको नाममा अधिकांस महिलाहरू आफ्ना पति वा पुरुषहरूबाट चरम हिंसा र बर्बर यातनाको सिकार भएका थिए भने थोरैले अधिक सुख पनि पाएका इतिहास छन्। धर्मशास्त्रको कुरा गरौ वा मानवशास्त्रको जे भए पनि मानिसको प्रारम्भिक अवस्थाको बिकास हाडनाता वा रक्त सम्बन्धको अवस्थाबाट बिकसित भएको स्पष्ट हुन्छ।

हिन्दूशास्त्रमा महर्षि मनुका अनुसार आठ प्रकारका बिवाह हुन्छन् जस्मा ब्रम्हा विवाह, दैव विवाह, आर्य विवाह, प्रजापत्य विवाह यी चार प्रकारका विवाहलाई उत्तम ठानिन्छ भने आसुर

विवाह (धन सम्पत्तिको लेन देनबाट हुने विवाह), गान्धर्व विवाह (कामबासनाका आधारमा हुने प्रेम विवाह), राक्षस विवाह (कसैको पनि मन्जुरी नभएको अपहरण गरेर गरिने विवाह) र पैशाच विवाह (युवतीलाई अचेत बनाएर अपहरण गरेर गरिने विवाह) लाई अत्यन्त घृणित रुपमा हेरिन्छ । विवाहका लागि पुरुष स्नातक गरेर दिक्षित भए पछि वा २५ बर्ष देखि २८ बर्षको उमेर र कन्या १६ बर्ष देखि २२ बर्षको उमेरलाई उत्तम भनिन्छ । हिन्दू धर्मले आमा पट्टिबाट छ पुस्ता सम्म र पिता पट्टिका सगोत्री र उनीहरूका रक्त सम्बन्धका नातामा विवाह बर्जित गरेको छ । तर व्यवहारमा हिन्दूधर्मालम्बीहरू बाटनै बिभिन्न काल खण्डमा यी सबै नियमहरू उल्लङ्घन गरेको पाइन्छ । स्वस्थानी व्रत कथामा ७० बर्षका शिव ब्राम्हणले ७ बर्षकी गोमा ब्राम्हणीलाई विवाह गरेको उल्लेख गरेको पाइन्छ । हाम्रा पुर्खाहरूका अनुसार रजस्वला हुनु पूर्वनै कन्यादान गऱ्यो भने माता पितालाई पुण्य मिल्छ । तर महर्षि मनुका विवाह नीति हेर्ने हो भने रजस्वला हुनु पूर्व कन्याको विवाह गर्नु महापाप हो । आधुनिक बिज्ञानले विवाह गर्न दुवैको लागि उत्तम उमेर २० देखि ३० बर्षबीचको हुनु पर्छ भनेको छ ।

नेपालमा राजा महेन्द्रको शासनकालमा बहु विवाहमा प्रतिबन्ध लगाउनु भन्दा पहिलेको समयमा पुरुषहरू आफ्ना हैसियत अनुसार दर्जनौ युवतीहरूलाई एकै पटक वा पटक पटक गरी विवाह गर्ने चलन थियो । चन्द्र शम्सेरले सती प्रथाको अन्त्य गर्नु भन्दा पहिले ६/७ बर्षको उमेर देखि ७० बर्षको उमेर सम्मका पुरुषहरूले ५ बर्ष देखि १५/१६ बर्ष सम्मका बालिका वा किशोरीहरूसंग बिवाह गर्दथे र पतिको मृत्यु भएमा १५ बर्षकी श्रीमती भए पनि श्रीमानसंग सती जानु पर्दथ्यो । प्रधानमन्त्री जंग बहादुर राणाले मात्र ४२ वटी रानी बनाएका थिए । राजा महेन्द्र सम्मका राजा रजौटाहरू र शासकहरूले दर्जनौ श्रीमती जम्मा गरेका इतिहास छन् । हिन्दू शास्त्रले छोराको महत्वलाई अधिक रुपमा प्रस्तुत गरेको कारण छोरा नजन्मे सम्म धेरै युवतीसंग विवाह गर्ने चलन २०२०/२२ सालसम्म नेपाली समाजमा थियो तर आज शिक्षित मानिसहरू छोरा र छोरी जन्मनुमा पुरुषको शुक्रकिटमा भर पर्दछ भन्ने बुझन थाले पछि छोराकै लागि भनेर बहु विवाह गर्ने चलन रोकिएको छ । यस प्रकारको चलनलाई बहु श्रीमती विवाह (Polygamy) भनिन्छ जुन आज पनि संसारमा कयौ सामाजमा प्रचलनमा छ । धर्मयुगमा पनि अर्काकी श्रीमती हरण गर्ने चलन थियो । त्रेता युगका महाशक्तिशाली राजा रामकी श्रीमती सीताको समेत राक्षस राजा रावणले हरण गरेको घटनाबाट सिंगो रामायण कथानै बनेको छ । सर्बसाधारणका श्रीमती हरणको त कुनै तथ्याङ्कनै छैन ।

महाभारतमा पाँच पाण्डपका द्रौपदी साझा श्रीमती थिइन । आज पनि हाम्रो हिमाली जिल्ला डोल्पा, मुगु, हुम्लाका शेर्पाहरूमा धेरै दाजु भाइका एउटै साझा श्रीमती राख्ने चलन छ र यो तिब्बतीयन संस्कृति हो । यस प्रकारको विवाहको प्रथालाई बहुपती (Polyandry) भनिन्छ । नेपालका राई, लिम्बु, गुरुङ्ग जातिहरूमा मामा र फुपूका छोरा छोरीबीच विवाह गर्दछन् यो विवाहलाई उनीहरू अधिकारको रुपमा लिने गरेका छन् भने अरु जातीहरूमा यो हाडनाता ठहर्छ र समाजले अपराधका रुपमा लिने गरेका छन् । मुसलमानले एउटै आमाले जन्माएका छोरा छोरी बाहेक एउटै परिवारमा विवाह गर्दछन् र चारवटी श्रीमती राख्न पाउछन यो विवाहलाई रक्त सम्बन्धको बिवाह (Consanguine) भनिन्छ । तामाङ्ग जातीमा दाईको मृत्यू भएमा भाइले भाउजुलाई विवाह गर्ने चलन यदाकदा आज पनि कायमै छ । मागी विवाह धेरै पुरानो प्रथा हो यस्मा केटा केटी दुवैको जन्म कुण्डली हेरेर जुऱ्यो भने बिवाह गरिन्छ तर आज भोली दुवैलाई मन पऱ्यो भने कुण्डली हेर्ने चलन हराएर गएको छ । आज भोली हाम्रो समाजमा पनि प्रेम बिवाह गर्नेहरू बढेर गएका छन् । यो प्रथामा केटा केटी दुवैले एक अर्कालाई मन पराए पछि जात, धर्म, समाजलाई समेत ख्याल नगरी सहमती भए घरबाट नभए भागेर बिवाह गर्ने चलन बढेको छ । प्रेम विवाहमा धेरै समस्या देखा पर्दै गएको छ जहा हत्या, आत्मा हत्याको अवस्था र समाजले नस्वीकार्ने गरेको समेत पाइन्छ । मानव जातिमा विवाहको प्रकारमा यसरी बिस्तार र जटिल हुदै गयो कि एक जातीले पवित्र भनेको विवाह अर्को जातीका लागि अपवित्र हुन गएको छ । हाम्रो समाजमा आज पनि अरुका बच्चा बच्ची भएका श्रीमतीलाई बच्चा सहित वा रहित भगाएर ल्याउने चलन छ । २०२०/२५ साल सम्म त यस्तो बिवाह गर्दा जारी तिर्नु पर्थ्यो कि त जारलाई काट्ने गर्दथे । कुनै नवबिवाहित महिलाको पतिको मृत्यु भयो भने ती महिलालाई हत्तपत्त कसैले विवाह गरी हाल्दैनन् । नेपाली समाजले बिधुवालाई विवाह गर्न स्वीकृति दिदैन । यौवन अवस्थामा पति गुमाएकी महिला विवाह नहुने अवस्थामा आफ्नो शारिरीक इच्छा पुरा गर्न कुनै पुरुषसंग सम्बन्ध राखी भने गाउ समेत निकाला गर्ने चलन छ र बेश्या भनि उपनाम पनि दिइन्छ । तर श्रीमतीको मृत्यु भएमा ती बिदुरले तुरुन्त अर्को बिवाह गर्न पाउछ चाहे जतिसुकै उमेर होस जति सुकै बच्चा बच्ची हुन् समाजले केही भन्दैन । पुरुषलाई जनिसुकै श्रीमती बटुले पनि कुनै उपनाम दिइदैन र उ सधै पवित्र हुन्छ । आज भोलि नारी अधिकारबादीहरू यो विभेद हट्नु पर्दछ भन्ने आवाज उठाउन थालेका छन् । आधुनिक बिज्ञानले यदि स्वस्थ समाजको बिकास गर्नु छ भने

मानवअधिकारको न्यूनतम आधार गास, बास, कपास (लुगा) र स्वतन्त्र सहमतिको आधारमा वैवाहिक सम्बन्ध व्यवस्था गर्नु पर्ने भन्दछ । जस अनुसार बयस्क पुरुष वा महिलाले स्थाई रुपमा पति वा पत्नी गुमायो भने समाजले तिनीहरूको राय बुझि पुनः विवाह गर्न उत्प्रेरित गर्नु पर्ने हुन्छ । बैवाहिक जीवनमा विग्रह आयो भने परिवार बिग्रन्छ र परिवार बिग्रियो भने समाज बिग्रन्छ, यो प्राकृतिक नियम हो ।

विवाहको लागि जोडा छनौट एउटा महत्वपूर्ण पाटो हो जस्मा केटा केटी १५/१६ बर्षको उमेर देखिनै बिपरित लिङ्गी प्रति आकर्षित हुन थाल्दछन् । बढ्दो आधुनिकताका कारण प्रेमको लागि आफ्ना जोडा छान्न टिन एजबाटनै सुरु हुन्छ र यसकोलागि सुन्दरता, शारिरीक बनौट, कामबासनालाई प्रमुख रुपमा लिइन्छ । मागी विवाहका लागि केटाले केटी छान्नु पर्दा मुख्य गरी कुल घरानाकी, जात मिल्ने, आकर्षक अनि बैसालु शारिरीक बनौट, सुन्दर हसिलो मुहार, कोमल स्वर, लजालु स्वभाव र आफ्नो यौग्यता अनुसारको शैक्षिक अनि व्यवहारिक योग्यता भएकीलाई महत्व दिइन्छ । त्यसै गरि केटीले केटा छान्नु पर्दा शारिरीक रुपमा बलवान, आकर्षक शरिर, आर्थिक रुपमा मजबुद, भावना बुझ्ने वा धेरै माया गर्ने, राम्रो बिषय पढेको, सके सम्म सरकारी जागीरे नभए प्रतिष्ठाको पेशा वा जागिर, मध्येपान, धुम्रमपानको लत नलागेको, समाजमा अधिपत्य जमाउन सक्ने, आटिलो फुर्तिलो आदि गुणले भरिपूर्ण व्यक्तिलाई पहिलो प्राथमिक दिइन्छ । भने जस्तो नभेटिए कुनै कुरामा खोट भए पनि सम्झौता गरिन्छ । धेरै मुस्किलले छनौट गरेको जोडीको दाम्पत्य जीवन राम्रो भएमा भगवानले जुराएको जोडी भनिन्छ भने असफल भएमा आफ्नै भाग्यलाई दोष दिइन्छ वा लमीले फसाइदियो भनिन्छ । जन्मकुण्डली ठीक छ भने विवाह गर्दा केटा केटीको ग्रह, राशि, लग्न आदि मिलाउदा राम्रो हुने कुरा ज्योतिषहरूको राय छ किनकि कडा ग्रह भएका केटा केटीको विवाह भएमा त्यो घरमा सधै कचकच, झगडा, आतङ्क मच्चिन्छ र विवाह सफल हुदैन । तर केटा केटीको स्वभाव, आचरण र व्यबहार भने मिलाउदा अति राम्रो हुन्छ । जे भए पनि पछि पछुताउनु भन्दा जोडी छनौट गर्दा बढि ध्यान दिनु पर्ने हुन्छ चाहे त्यो प्रेम विवाह होस वा मागी विवाह होस । उमेर बढेदै जादा अभिभावक र स्वयं केटा केटी विवाहलाई लिएर आत्तिने र हतारमा विवाह गर्न गलत व्यक्ति छनौट गर्ने हुदा सम्पूर्ण वैवाहिक जीवन नर्कतुल्य भएका घटनाहरू हाम्रो समाजमा जहि तही देख्न सक्दछौं ।

हाम्रो भबिष्यको बिवाह डरलाग्दो छ । बढ्दो प्रेम विवाह, असमान विवाह, अपरिपक्क विवाह, महिला अधिकारले ल्याएका परिवर्तन, बढ्दो दाइजो प्रथा,

गभपतन गर्ने अधिकार, पारपाचुके गर्ने अधिकार, अन्तरजातीय विवाह अनि समाजबाट बहिष्कृत हुने अवस्था, सम्पत्तिमा समान हक, महिला आफै आय आर्जन गर्ने भए पछि पराधिन भएर बस्नु भन्दा स्वतन्त्र रहनु पर्छ भन्ने सोचमा बिकास हुँदा बैवाहिक जीवनमा असन्तुलन र अस्थिरताको अवस्था आउन थालेको देखिन्छ । श्रीमान श्रीमतीबीच आर्थिक, राजनीतिक, सामाजिक भूमिकामा असन्तुलन, व्यक्तिगत टक्रावका कारण आज विवाह बिच्छेद गर्ने चलन बढेर गएको छ । स्वतन्त्रताको नाममा परस्त्रीगमन, परपुरुषगमन व्याप्त हुदै गए पछि पारिवारीक कलह अनि सम्बन्ध बिच्छेद गर्ने हुदा जन्मिएका बाल बच्चाहरूको पहिचान हराउदै जाने खतरा बढेको छ । पश्चिमा देशहरूमा विवाह बिच्छेद गर्दै पुन: बिवाह गर्ने चलन सामान्य मानिन्छ । ५० सौ पटक सम्म विवाह गर्ने जोडीहरू सो समाजमा गर्वका साथ हिड्दछन् र तिनीहरूका कुन कुन पति वा पत्नीबाट वच्चा भएको हो भन्ने पहिचान हराएर जाने गरेको छ । श्रीमान श्रीमती हुदा हुदै परपुरुष परस्त्रीसंग प्रेम गर्ने चलन व्याप्त भएको पाइन्छ । अर्जेटिनाका महान फुटवल खेलाडी डिएगो म्याराडोनाले आफ्नी प्रेमीकाबाट तीन बच्चा जन्माए पछि मात्र बिवाह गरेका थिए । यी संस्कृति बिस्तार हाम्रो समाजले पनि ग्रहण नगर्ला भन्न सकिन्न । आजभोली करार बिवाहको पनि चलन बढेको छ । करारमा अस्थाई बिवाह गर्ने र आफ्नो उद्देश्य पूरा भए पछि पारपाचुके गर्ने गरिन्छ । हाम्रो हिन्दु समाजले यस्तो बिवाहलाई बिकृति ठान्दछ । बढ्दो सहरीकरण, धर्म परिवर्तन, आधुनिकताको प्रभाव, सञ्चारको प्रभाव, पश्चिमा संस्कृतिको प्रभावले गर्दा श्रीमान र श्रीमती लामो समयसम्म छुट्टा छुट्टै बस्नु पर्दा श्रीमानले अरु महिलासंग र श्रीमतीले अन्य पुरुषहरूसंग सम्बन्ध राख्ने चलन सामान्य हुदै जादा समाजमा अपराध बढेर गएको हो । आजका युवा युवतीहरूमा प्रेम गर्ने, प्रेम गरेकै दिन देखि एक अर्का प्रति समर्पण गर्ने, प्रेमका भावनामा डुब्नु पर्नेमा शारिरीक रुपमा चुम्बक झै टासिने र विवाह पूर्वनै शारिरीक सम्वन्ध राख्ने अनि छाडीदिने, बिवाह गरिसके पछि चित्त नबुझे सजिलै छाड्ने र पुन: विवाह गर्ने, असुरक्षित यौनबाट किशारी अवस्थामा गभ रहने र गर्वपतन गराउने आदि चलनले भबिष्यमा विवाह भन्ने पवित्र सामाजिक नीति कुनीति हुने सम्भावना प्रष्ट देखिन्छ ।

अत: विवाह धार्मिक र सामाजिक पबित्र नीति हो । मानवजातीका लागि प्रकृतिबाट प्रदत्त असिमित आनन्दलाई सही र अनुशासनमा रहेर भोग गर्नु, श्रोत र साधनले भ्याएसम्म मात्रको सानो सभ्य र गुणवान परिवारको निर्माण गर्नु, आफ्नो बंशको बिस्तार गर्नु आजको सभ्य मानवको कर्तव्य हो । ●

## विजया दशमी तथा शुभ-दीपावली-२०६८

को उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक वर्गमाहरुमा

सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि

हार्दिक मंगलमय

# शुभ-कामना

## एभरेष्ट ग्यास उद्योग, परिवार

**चोभार, काठमाडौं**

## विजया दशमी तथा शुभ-दीपावली-२०६८

को उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक वर्गमाहरुमा

सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि

हार्दिक मंगलमय

# शुभ-कामना

## अध्यक्ष

हरदिन बचत तथा ऋण सहकारी संस्था लि.

**टेकु काठमाडौं**

# नेपालमा संघीय राज्य व्यवस्थाका चुनौतीहरु

अधिवक्ता : टिकाध्वज खड्का (एल.एल.एम,
अन्तर्राष्ट्रिय कानून)



संघीय व्यवस्थामा सरकारको अधिकारलाई संविधानमा नै प्रष्ट व्यवस्था गरी केन्द्र र प्रान्तमा बिभाजन वा वाडफाड गरिएको हुन्छ । संघीय व्यवस्थामा सामान्यतया केन्द्र र राज्य गरी दुई तहका सरकारहरू हुन्छन् ।

**संघात्मक व्यवस्था के हो ?**

संघीय (Federal) शब्दको अर्थ प्रतिज्ञापत्र हो, जसअनुसार दुई वा दुईभन्दा बढी देश तथा राज्य क्षेत्रहरूबीच आपसी सहमतिका आधारमा एकै ठाउँमा रहन मञ्जुर गर्दछन् भन्ने बुझ्न सकिन्छ । यसरी राज्य-राज्यहरू बीचको सहमतिमा संघीय राज्यको गठन हुन्छ । विश्वको इतिहास हेर्ने हो भने प्राय संघीय राज्यको निर्माण विभिन्न स्वतन्त्र राज्यहरूको सहमतिमा भएको पाइन्छ भने विविधतालाई समेट्नको लागि एकात्मक राज्यले पनि संघीय व्यवस्थाको अवलम्बन गरेको पाइन्छ । संघीय व्यवस्थामा सरकारको अधिकारलाई संविधानमा नै प्रष्ट व्यवस्था गरी केन्द्र र प्रान्तमा बिभाजन वा वाडफाड गरिएको हुन्छ । संघीय व्यवस्थामा सामान्यतया केन्द्र र राज्य गरी दुई तहका सरकारहरू हुन्छन् । केन्द्रले परराष्ट्र, मुद्रा, सुरक्षा अदि जस्ता कुराहरू हेर्दछ भने राज्यले स्थानीय सुरक्षा, विकास निर्माण र स्थानीय सरोकार लगायतका कामहरू हेर्दछ ।

संघीय व्यवस्था भएका देशहरूको मूल्यांकन विभिन्न व्यक्तिहरूले विभिन्न हिसाबले गरेको पाइन्छ । हाल विश्वमा २६ वटा देशहरूले संघीय शासन व्यवस्था अपनाएको पाइन्छ ।

## संघीय व्यवस्थाका फाइदा र वेफाइदाहरू

### फाइदाहरू

पहिलो, यसले शक्तिलाई एक ठाउँमा केन्द्रीत नगरी विभाजन गर्दछ । दोस्रो, यसले प्रतिस्पर्धाको भावनाको विकास गर्छ। तेस्रो, यसले सन्तुलन र नियन्त्रणको अवस्था ल्याउँछ । चौथो, यसले विविधतालाई समेट्ने कोशिश गर्दछ ।

### वेफाइदाहरू

पहिलो, यो महङ्गो प्रणाली हो । दोस्रो, यसले क्षेत्रीय असमानता अझ बढाउन र गरीब क्षेत्रलाई झन् गरिब बनाउन सक्छ । तेस्रो, यसले देशलाई टुक्राउने सम्भावना पनि रहन्छ ( सोभियतसंघ, युगोस्लाभिया) । चौथो, यसले राज्य राज्य बीचमा अर्थात् राज्य र केन्द्र बीचमा द्वन्द्वको सिर्जना गर्न सक्दछ। पाँचौं, कतिपय सवालमा राज्य र केन्द्र दुवैसँग स्वीकृति लिनु पर्ने भएकोले काममा ढिलोपन हुन्छ। छैठौं, यसले शासन व्यवस्थामा क्षेत्रीय र स्थानीय ठूलाठालु र बोलवालाहरूको वर्चस्व स्थापित गर्न सक्दछ । सातौं, यस व्यवस्थामा स्थानीय तहमा जातीय, धार्मिक तथा क्षेत्रीयस्तरका राजनैतिक दलहरू बढ्न सक्छन जसले गर्दा राजनैतिक अस्थिरता हुन सक्दछ । आठौं, संघात्मक संरचनाले पनि सबै जातजाती र भाषाभाषिलाई ठाउँ दिन सक्दैन् । हरेक जातजातीको लागि अलग अलग राज्य बनाउन पनि सकिदैन् । संघीय राज्य व्यवस्था भन्न जति सजिलो छ, अभ्यास गर्न त्यति सरल छैन । राम्ररी बिचार पुऱ्याएर लागु गरेमा संघीय राज्य व्यवस्थाले नेपालमा यसअघिसम्म मूलधारको राजनीतिबाट किनारा लगाइएका अल्पसंख्यक जनजाती, भाषा, बर्ग, धर्म, संस्कृति, जात र क्षेत्रको सहभागिता र स्वामित्व भएको समावेशी नयाँ नेपाल सिर्जना गर्नसक्छ । देशको जनसङ्ख्या र भूगोलको जस्तो संरचना र अनुपात छ त्यस्तै स्वरुपको सामेली राज्यको सिर्जनाद्वारा संघीयताले राष्ट्रीय एकता र दिगो शान्ति पैदा गर्न सक्दछ र राज्य जनताको नजिक उपलब्ध हुनसक्छ ।

## संघीय राज्य व्यवस्था सम्बन्धी अन्तराष्ट्रिय अनुभव

संघीय राज्य व्यवस्था सम्बन्धी अन्तराष्ट्रिय अनुभवहरूको पुनरावलोकन गर्ने हो भने सफलता र असफलता दुबै खालका अनुभवहरू पाईन्छ । उदाहरणको रुपमा संघीय व्यवस्थाको माध्यमबाट सफलतापूर्वक अगाडि बढेका देशहरूमा अमेरिका ,स्वीजरल्याण्ड, क्यानाडा, जर्मनी आदि पर्दछन भने ।संघीय व्यवस्था असफल भएका देशहरूमा फेडरेसन अफ अरब रिपब्लिक, फेडरेसन अफ साउथ अरेविया, वेण्ड इण्डिज फेडरेसन, चेकोस्लोभाकिया, युगोस्लाभिया

पर्दछन यसैगरी संघीय व्यवास्थाबाट एकात्मक व्यवस्थामा फर्किएका देशहरूमा, युगाण्डा, क्यामरुन पर्दछन भने, संघीयता भएको द्वन्द्वरत मुलुकहरूमा ,नाइजेरिया, बोस्निाया हर्जगोभिना, इराक, पाकिस्तान, सुडानआदी पर्दछन ।

## अन्तराष्ट्रिय अनुभवबाट सिक्नुपर्ने पाठ

सामान्यतया आर्थिक रूपले सवल र प्रजातान्त्रिक देशहरूमा एकात्मक वा संघात्मक जुन व्यवस्था भएपनि शासन सत्ता टिकेको देखिन्छ भने आर्थिक रूपमा कमजोर देशमा संघात्मक व्यवस्था भन्दा एकात्मक व्यवस्था नै उपयुक्त देखिन्छ । यस्तै फरक-फरक राज्यहरूलाई एक गरी निर्माण गरिएको संघीयतामा भन्दा एकात्मक राज्य भित्रबाट संघमा जाँदा राज्य-राज्य वीचमा सत्रुताको भावना र जातिय द्वन्द्व अझ बढेर गएको पनि पाइन्छ । अत: यी विदेशका अनुभवहरूलाई ध्यान दिई हाम्रो मौलिकताको आधारमा राज्यको पुन: संरचना गर्दा आर्थिक विकास, अवसरमा वृद्धि र उचित वितरण तथा राष्ट्रिय भावनामा वृद्धि गरी एउटा शक्तिशाली राष्ट्र निर्माण गर्ने कुरामा पनि प्रयाप्त ध्यान दिन आवश्यक छ ।

## संघीयतामा जाने सरकारको निर्णय

केही बर्ष अघिसम्म नेपाल संघीय हुनु पर्छ वा पर्दैन भन्ने बारेमा सायदै वहस हुने गर्दथ्यो । तर आज सरकारले नै नेपालको भावी संरचना संघात्मक बनाउने कुरा स्वीकार गरिसकेको पाइन्छ । अन्तरिम संविधानमा समेत मिति २०६३/११/२५ मा भएको पहिलो संशोधनले नेपालको भावी संरचना संघीय हुने कुरा स्वीकार गरिएको छ । जनआन्दोलन -२ ले संघीय शासन प्रणाली मागेको थियो कि थिएन त्यो आज स्पष्ट छैन् । अन्तरिम संविधान बन्दा र जारी हुँदासम्म पनि संघीय शासन प्रणालीले मान्यता पाएको थिएन् । मिति २०६३ माघ १ गते अन्तरिम संविधान जारी भएकै दिन मधेशी जनाधिकार फोरमले अन्तरिम संविधान जलायो । लगत्तै तराईमा आन्दोलन सुरु भयो । माओवादी सहितका आठ दलले संघात्मक शासन व्यवस्थामा जान सहमति जनाए । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संघीय शासन प्रणालीमा जान सरकार तयार भएको घोषणा गरे । परिणामत: अन्तरिम संविधान संसोधन गरेर नेपाललाई संघीय प्रणालीमा लैजाने तयारी भइरहेको छ । यति हुँदाहुँदै पनि के-कुन वा के-कस्ता मापदण्डका आधारमा नेपाल संघीय संरचनामा जान लागेको वा जानु पर्ने हो भन्ने बारेमा सरकारले कुनै पनि धारणा र व्याख्या अघि सारेको छैन् । सरकारको निर्णय कुन मापदण्डमा आधारित हो त्यो पनि थाहा छैन् । सरकारले गरेको निर्णय किन ठीक छ त्यो पनि थाहा छैन् । तर पनि सिङ्गो मुलुक संघीयताको गन्तव्यतिर हिड्न लागिरहेको छ । संघीयतामा जाने निर्णय गर्नु पूर्व के एकात्मक राज्य व्यवस्था नेपालको सन्दर्भमा

साँच्चै असफल भएकै हो ? वर्तमान जातीय बिभेद लगायतका समस्याको एक मात्र कारण एकात्मक व्यवस्था नै हो ? के संघीय व्यवस्थाको बिकल्प छैन ? यदि संघीय व्यवस्थामा नै जाने हो भने कस्तो मोडेलको संघीय संरचना लागु गर्न खोजिएको हो ? वर्तमान जातीय, वर्गीय, लैंगिक, भाषिक, क्षेत्रीय, आदि समस्याहरू संघीय संरचनामा प्रवेश गरेपछि स्वतः समाधान हुन्छन त ? आदि प्रश्नहरू उपर व्यापक रुपमा छलफल गरेर मात्र निष्कर्षमा पुग्नु पर्ने थियो तर त्यसो गरिएन । देशलाई दुरगामी असर गर्ने यस्तो महत्वपूर्ण विषयमा सार्वभौम जनताहरूलाई तपाईहरू कस्तो शासन व्यवस्था अन्तगत रहन चाहनु हुन्छ भनी प्रजातान्त्रिक मूल्य र मान्यता अनुसार जनमत संग्रहको माध्यमबाट सोधनी गर्ने र जनताले मत संग्रहको माध्यमबाट व्यक्त गरेको इच्छा अनुसरा निर्णय लिने काम पनि हुन सकेन ।

सरकारले गरेका निर्णयहरू वैधानिक र मान्य छन् कि छैनन् भनेर जाँच परीक्षण गर्ने थलो भनेको संसद् हुनु पर्ने तर यो व्यवस्थापिका संसद् सरकारका निर्णय जाँच परीक्षण गर्ने थलो नभएर औपचारिकता दिने थलो मात्रै भएको बोध गर्न सकिन्छ । किन यस्तो भइरहेछ ? यो गम्भीर प्रश्न हो । कार्यपालिका, विधायिका र न्यायपालिका स्वाधिन निकायहरू हुन् । एउटाले गरेको निर्णय अर्कोले परीक्षण नगरिकनै वैधानिकता दिने हो भने यी निकायहरू एक अर्कोबाट स्वाधिन हुन सक्दैनन् । संक्रमणकालका नाममा न्यूनतम संवैधानिक सिद्धान्तलाई पनि आत्मसात् नगर्ने तर्क गर्न मिल्दैन् । त्यसरी नै राजनैतिक दलको सहमति भएको आधारमा संसद्ले सरकारका निर्णयको परीक्षण नगर्ने हो भने संसद् नै किन चाहियो? राजनैतिक दलका नेताहरूको बैठकलाई नै संसद् मानिदिए भइहाल्यो नि । राजनैतिक दल, सरकार र संसद्को फरक व्यक्तित्व, स्वाधिनता र मर्यादाको अभ्यास आजैदेखि नगर्ने हो भने यसबाट राजनैतिक निर्णयवाद हावि हुन पुग्दछ र संस्थागत स्वाधिनता र मर्यादा धारासायी बन्न पुग्दछ । जसको असर संविधानसभामा पनि नपर्ला भन्न सकिन्न । त्यसैले नेपाली नागरिकको हैसियतले सरकारले गरेको संघीयताको निर्णयको परीक्षण र व्याख्या संसदबाट तर्कपूर्ण रूपमा हुनेछ भन्ने जुन अपेक्षा गरिएको थियो त्यो पनि पुरा हुन सकेन । व्यवस्थापिका-संसदले तर्कपूर्ण जाँच परीक्षण विना नै संघीयतालांई स्वीकार गरी अन्तरिम संविधान संसोधन गर्न पुग्यो । यसले तराई आन्दोलन सम्बोधित होला कि भन्ने आशा पनि हुन सकेन तराईको आन्दालन, जनजाती आदिवासीले अझै निरन्तरता पाइरहेकै छन् ।

व्यवस्थापिका-संसदले यस्तो गम्भीर विषयमा निर्णय गर्दा व्यापक छलफल, अध्ययन, अनुसन्धान र तर्कलाई आधार बनाउनुपर्ने थियो तर सो काम हुन सकेन । व्यवस्थापिका-संसदले पनि

राजनैतिक निष्कर्षलाई हुबहु वैधानिकता दिने कुरा जे जसरी गरिरहेको छ त्यसबाट संसदीय स्वाधिनताका विषयमा गम्भीर प्रश्नहरू उठ्न सक्ने ढोका खुलेको देखिन्छ ।

## नेपाली समाजमा बसोबासको अवस्था

नेपाल वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक, वहुधार्मिक र जैविक विविधतायुक्त मुलुक हो । वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालको कूल जनसङ्ख्या २,३१,५१,४२३ रहेको देखिन्छ । जसमध्ये १,१५,६३,९ २१ पुरुष छन् भने १,१५, ८७,५०२ महिला छन् । कूल २,३१,५१,४२३ जनसङ्ख्यामा रहेका नेपालीको जम्मा परिवार संख्या ४२,५३,२२० रहेको छ त्यस मध्ये कूल क्षेत्रफलको १५% ओगटेको हिमाली क्षेत्रमा ३,१९,८८७, ६८% क्षेत्रफल ओगटेको पहाडी क्षेत्रमा १९,८२,७५३; र १७% क्षेत्रफल ओगटेको तराईमा १९,५०,५८० परिवार बसोबास गर्दछन् ।

नेपालको उद्‌गमको हिसाबले आर्य, मंगोल, आष्ट्रिक र द्रविड गरी चार नश्ल समूह अन्तर्गतका जातीय समूहहरू देशका विभिन्न् भागमा बसोबास गर्दछन् । नेपालको पछिल्लो जनगणना अनुसार भाषागत हिसाबले यहाँ भारोपेली, भोटबर्मेली, आष्ट्रिक, द्रविड गरी चार भाषा परिवारका ९२ वटा भाषा बोल्ने १०१ जातीय समूहहरू रहेका छन् । धार्मिक हिसाबले हिन्दू, बौद्ध, इस्लाम, किराँत, जैन, शिख, बहाई लगायत १० वटा धार्मिक सम्प्रदायका मानिसहरू नेपालमा बसोवास गर्छन ।

जाती समूहका रूपमा रहेका क्षेत्री, वाहुन, ठकुरी र सन्यासीहरूको संख्या कूल जनसङ्ख्याको ३०.८९% रहेको छ । विभिन्न पेशामा विभक्त पहाडी दलितहरूको जनसङ्ख्या ७.११% रहेको छ। पहाडी समुदायका २८ जाती समूहमा विभाजित जनजातीहरूको जनसङ्ख्या २७.५२% रहेको छ। मधेशी जाती समूहमा ३० वटा जाती समूहहरू रहेका छन् र तिनीहरू कूल जनसङ्ख्याको १५.२४% छन्। मधेशी दलितका रूपमा ११ समुदाय रहेका छन् र उनीहरूको कूल जनसङ्ख्या ३.९८% रहेको छ । यसरी नै मधेशी जनजातीको रुपमा १५ समुदाय रहेका छन् र तिनीहरूको कूल जनसङ्ख्या १२.३८% रहेको छ। पहिचान हुन नसकेका पहाडी र मधेशी जाती जनजाती र दलितको संख्या १.७८% रहेको छ।

समग्रमा १०१ भन्दा बढी जातीहरू मिश्रित रूपमा नेपालको विभिन्न भागमा फैलिएर बसोबास गरेका छन् । विशेषगरी हिमाली क्षेत्रमा शेर्पाहरू, तराई क्षेत्रमा मधेशी समुदायहरू, पहाडी क्षेत्रमा राई, लिम्बु, मगर, तामाङ्गलगायत जनजाती तथा क्षेत्री, बाहुनहरूको मिश्रित बसोवास रहेको छ । नेपालमा मिश्रित जातीय बसोबास भएकोले केवल १५ वटा जिल्लामा

मात्रै निश्चित जातीको वहुसंख्या देखिन्छ। जसअनुसार ९ जिल्लामा क्षेत्री (बभाङ्ग-६३.९%, जुम्ला-६३.१%, दार्चुला-५९.२%, रुकुम-५८.४%, बाजुरा-५५.५%, अछाम-५३.२%, डोटी-५२.७%, डडेल्धुरा-५१.३% र सल्यान-५०.२%), मगर समुदायको पाल्पामा ५०.८%, थारु समुदायको बर्दियामा-५२.६%, तामाङ्ग समुदायको रसुवामा-६३.७%, नेवार समुदायको भक्तपुरमा-५५.९% र गुरुङ्गको मनाङ्ग जिल्लामा ७५.९% जनसङ्ख्या देखिन्छ।

त्यसका साथै क्षेत्रीको २१ जिल्ला, वाहुनको १० जिल्ला, मगरको ७ जिल्ला, तामाङ्गको ६ जिल्ला, राईको ६ जिल्ला, यादवको ५ जिल्ला, मुस्लिमको ५ जिल्ला, गुरुङ्गको ४ जिल्ला, थारुको ४ जिल्ला, लिम्बुको ३ जिल्ला र नेवारको ३ जिल्लामा अन्य जातको तुलनामा वहुसंख्या रहेकोछ। यसै गरी बाहुल्यता भएको गा.वि.स तह सम्म पुग्दा ९२८ वटा गा.वि.स.मा क्षेत्रीको बाहुल्यता देखिन्छ भने ५०% भन्दा माथी क्षेत्रीको जनसङ्ख्या भएको ३८७ गा.वि.सहरू छन् । वाहुनको ४९२ गा.वि.स.मा बाहुल्यता छ र १०२ गा.वि.स.मा उनीहरूको ५०% भन्दा वढि जनसङ्ख्या छ । मगर ३६२ गा.वि.स बाहुल्यता छ र १७५ गा.वि.स.मा ५०% भन्दा बढि जनसङ्ख्या छ। यसैगरी थारुको ३१० गा.वि.स.मा बाहुल्यता छ र १०६ वटा गा.वि.स.मा ५०% भन्दा बढि जनसङ्ख्या छन् । तामाङ्गको ३०१ गा.वि.स.मा बहुसंख्या र १५९ गा.वि.स.मा ५०% भन्दा बढी जनसङ्ख्या छ। त्यसैगरी नेवारको ८४ वटा गा.वि.स.मा बाहुल्यता छ भने २९ वटा गा.वि.स.मा ५०% भन्दा बढि जनसङ्ख्या छ । मुसलमानको २७८ गा.वि.स.मा बाहुल्यता छ भने ३६ वटा गा.वि.स.मा ५०% भन्दा बढि जनसङ्ख्या छ। यादवको ३०८ गा.वि.स.मा बाहुल्यता छ भने ३८ गा.वि.स.मा ५०% भन्दा बढि जनसङ्ख्या छ। राईको १८० गा.वि.स.मा बाहुल्यता छ भने ७६ गा.वि.स.मा ५०% भन्दा बढि जनसङ्ख्या छ। गुरुङ्गको १३० वटा गा.वि.स.मा बाहुल्यता छ भने ५०% भन्द बढि जनसङ्ख्या ७७ वटा गा.वि.स.मा छ। यसैगरी १२१ वटा गा.वि.स.मा लिम्बूको बाहुल्यता छ भने ४४ वटा गा.वि.स.मा ५०% भन्दा बढि जनसङ्ख्या छ। तर १२% को हाराहारीमा जनसङ्ख्या भएको दलितको केवल १२ वटा गा.वि.स.मा मात्र स्पष्ट बहुमत देखिन्छ।

मिस्रित जातीय बसोबास भएको हाम्रो समाजमा क्षेत्रीको वहुसंख्या भएको बभाङ्ग जिल्लामा अन्य ५६ वटा जातीहरू बसोबास गर्दछन् र उनीहरूको जम्मा जनसङ्ख्या ३६.१% छ। लिम्बुको बाहुल्यता भएको ताप्लेजुङ्गमा अन्य ५९ वटा जातीहरू छन् र ती जातीहरूको जनसङ्ख्या ५८.२% छ। राईको बाहुल्यता भएको इलाममा अन्य ८१ वटा जातीहरूको बसोबास छ र उनीहरूको जम्मा जनसङ्ख्या ७५.६% छ । पहाडे

बाहुनको बाहुल्यता भएको झापा जिल्लामा अन्य ९८ जातीहरू छन् । र उनीहरूको जम्मा जनसङ्ख्या ७४.९% छ। यादवको बाहुल्यता भएको महोत्तरी जिल्लामा अन्य ९२ वटा जातीहरू बसोबास गर्दछन् र उनीहरूको जम्मा जनसङ्ख्या ८४.७ % छ । नेवारको बाहुल्यता भएको काठमाण्डौंमा अन्य १०० जातीहरू छन् र उनीहरूको जम्मा जनसङ्ख्या ७०.४% छ । यसरी जुनजुन जातीको जुन-जुन जिल्लामा बहुसंख्या वा बाहुल्यता छ । त्यहा ८० भन्दा बढी अन्य जातीहरू बसोबास गर्दछन् ।२०५८ को जनगणनामा ९२ मातृभाषाको पहिचान गरिएको थियो । यी मध्ये १% भन्दा बढी जनसङ्ख्याले बोल्ने १२ भाषाहरू र नेपाली, मैथली, भोजपुरी, थारु, तामाङ्ग, नेवार, मगर, अवधी, बान्तवा राई, गुरुङ्ग, लिम्बू र बाज्जीका थिए ।

नेपालमा मातृभाषाको वितरण, जातीय वितरण भन्दा साँघुरो देखिन्छ । कुल ५५ जिल्लामा नेपाली भाषीको बाहुल्यता छ तर ४९ जिल्लामा मात्र निरपेक्ष बाहुल्य छ । पूर्वी तराईका ६ जिल्लामा मैथिलीको बाहुल्य छ भने ५ वटा जिल्लामा उनीहरूको निरपेक्ष बाहुल्यता छ भोजपुरीको ३ जिल्लामा निरपेक्ष बाहुल्यता छ । यसरी नै अवधी, तामाङ्ग र लिम्बूको २/२ जिल्लामा र थारु, नेवार, गुरुङ्ग, बाज्जिका र भोट शर्पाको १/१ जिल्लामा बाहुल्यता छ । नेपाली बाहेकका भाषाहरूको २० जिल्लामा बाहुल्यता छ तर १३ जिल्लामा मात्रै निरपेक्षा बाहुल्यता देखिन्छ ।

गा.वि.स तहमा नेपाली भाषाको २०६७ गा.वि.स.मा बाहुल्यता छ भने १८५३ गा.वि.स.मा निरपेक्ष बहुमत छ । मैथली भाषाको ५०५ गा.वि.स.मा बाहुल्यता छ भने ४७६ गा.वि.स.मा निरपेक्ष बहुमत छ । थारु भाषाको १२८ वटा गा.वि.स.मा बाहुल्यता छ भने ९६ वटा गा.वि.स.मा निरपेक्ष बहुमत छ । तामाङ्गको १९७ गा.वि.स.मा बाहुल्यता र १६१ गा.वि.स.मा बहुमत छ । त्यस्तै नेवारको ३२ गा.वि.स.मा बाहुल्यता छ भने मगरको ११५ गा.वि.स.मा बाहुल्यता र १०१ गा.वि.स.मा निरपेक्ष बहुमत छ अवधीको ९९ गा.वि.स.मा बाहुल्यता र ९१ गा.वि.स.मा निरपेक्ष बहुमत बान्तवा राईको ५५ गा.वि.स.मा बाहुल्यता छ भने ३१ वटा गा.वि.स.मा निरपेक्ष बहुमत छ । यस्तै गुरुङ्गको ६९ गा.वि.स.मा बाहुल्यता र ५४ गा.वि.स.मा निरपेक्ष बहुमत छ । लिम्बूको ७६ वटा गा.वि.स.मा बाहुल्यता र ३९ गा.वि.स.मा निरपेक्ष बहुमत छ । बाज्जिका भाषाको ५१ जिल्लामा बाहुल्यता र ५० वटा जिल्लामा निरपेक्ष बहुमत छ भने भोटे, शेर्पा भाषाको ४१ वटा गा.वि.स बाहुल्यता र ३२ वटा गा.वि.स.मा निरपेक्ष बहुमत छ ।

जातीगत वितरण र मातृभाषाको वितरणमा सबैभन्दा ठूलो अन्तर

मगरहरूको देखिन्छ । ७ जिल्लामा जातीगत बाहुल्य रहेपनि कुनै पनि जिल्लामा मगर भाषाको बाहुल्यता छैन । नेपालभरी १६ लाख २२ हजार जति मगरहरू भएपनि ७ लाख ७० हजार मगरहरूले मात्र मगर भाषा बोल्दछन् । यस्तै ४ जिल्लामा बाहुल्य रहेका थारुहरूको थारुभाषाको बाहुल्यता भने केबल १ जिल्लामा मात्र छ । ३ जिल्लामा बाहुल्य भएको नेवारको १ जिल्लामा मात्र भाषिक बाहुल्यता छ । ७ वटा जिल्लामा बाहुल्यता भएको तामाङ्गको २ जिल्लामा मात्र भाषिक बाहुल्यता छ । ६ वटा जिल्लामा बाहुल्यता भएको राईको एउटै जिल्लामा पनि भाषिक बाहुल्यता छैन् ।

**जातीय आधारमा संघीय राज्यको उपयुक्तता**

नेपाल वहुजाती, वहुभाषि, वहुधर्मी र भौगोलिक विविधतायुक्त मुलुक हो । यहाँ १०१ जाती ९२ भन्दा वढिं भाषी १० वटा भन्दा बढि धर्मअवलम्बन गर्ने धार्मिक समुदायको बसोबास छ । त्यसैगरी हाम्रो समाज एकात्मक राज्य चीनको स्वायत्त क्षेत्रहरूमा जस्तै ९४ प्रतिशत भन्दा बढि हान जातीको सधन बसोबास भएको जस्तो छैन । नत संघीय मूलुक रुस जहाँ ८३% रसियनहरूको सधन बसोबास छ यस्तै संघीय मूलुक स्विजरल्याण्ड जहाँ केवल ५ वटा जातीहरूको बसोबास छ । हाम्रो समाज त्यस्तो पनि छैन तर यसको विपरित नेपालमा कुनै पनि स्थानमा कुनै एक जातीको सधन बसोबास छैन । उदाहरणको लागि सबैभन्दा कम जाती बसोबास गर्ने मुगु जिल्लामा २०५८ सालको जनगणना अनुसार ४२ वटा जातीहरू बसोबास गर्दछन् भने सबैभन्दा बढि काठमाण्डौंमा १०० वटा जातीहरूको बसोबास छ । लिम्बूको बाहुल्यता भएको ताप्लेजुङ्गमा ५९ वटा अन्य जातीहरू बसोबास गर्दछन् भने राईको बाहुल्यता भएको इलाममा ८१ वटा जातीहरू बसोबास गर्दछन् । बाहुनको बाहुल्यता भएको झापामा ९८ वटा अन्य जातीहरू भने क्षेत्रीको बाहुल्यता भएको अछाममा अन्य ६६ वटा जातीहरू बसोबास गर्दछन् । मुस्लिमको बाहुल्यता भएको दाङमा ८३ वटा अन्य जातीहरूको बसोबास छ । यसरी नेपालको ७५ वटै जिल्लामा यस्तै प्रकारको मिस्रित जातीय बसोबास छ भने बहुमतमा भएका जातीहरूको जनसङ्ख्या केही जिल्लामा केवल १५ प्रतिशत मात्र पछि छ । उदाहरणको लागि धनुषा, महोत्तरी र सर्लाहीमा क्रमश यादवको १७.६, १५.३८ र १५.२% जनसङ्ख्या छ भने त्यहाँ क्रमश ९६,९२ र ९४ वटा अन्य जातीहरू बसोबास गर्दछन् । यस्तो मिस्रित बसोबास भएको हाम्रो समाजको अब संघीय राज्यको जातीय नामाकरण कति उपयुक्त छ त भन्ने तर्फ विचार गर्ने हो भने बहुधार्मीक देश नेपालमा लगभग ८०% हिन्दू, धर्मावलीलम्बीहरूको बसोबास भएकोले

नेपाललाई हिन्दू अधिराज्य घोषणा गरिएकोमा अन्य धर्मावलम्बी तथा विभिन्न राजनीतिक दल र जातीय संगठनहरूले बहुधार्मिक देश नेपाललाई हिन्दू अधिराज्य नामाकरण गर्दा धार्मिक विभेद हुने तथा कुनै पनि राज्यको जात र धर्म नहुने हुँदा नेपाललाई धर्म निरपेक्ष राष्ट्रको घोषणा गर्नु पर्दछ भन्ने माग बमोजिम २०६२/०६३ को जनआन्दोलनको सफलता पछि २०६३ जेष्ठ ४ को प्रतिनिधि सभा घोषणाले नेपाललाई धर्म निरपेक्ष राज्यको घोषणा गर्यो र अन्तरिम संविधान २०६३ ले पनि नेपाललाई धर्म निरपेक्ष राज्यको रुपमा उल्लेख गरिसकेको छ।

यसरी राष्ट्रनै धर्म निरपेक्ष, जात निरपेक्ष भईसकेको सन्दर्भमा फेरी संघीय राज्यको जातीय नामाकरण प्रथम दृष्टिमै अनुचित र अन्य जाती माथीको विभेदपूर्ण हुने कुरा निर्विवाद देखिन्छ। फेरि १०१ वटा पहिचान भएका जातिहरू बसोबास गर्ने हाम्रो देशमा केहि जातको नाममा राज्य हुने केहिको नहुने कुरा पनि समानताको सिद्धान्त विपरित छ। त्यतिमात्र होईन कुल जनसख्याको १५.८० प्रतिशत जनसंख्या भएका क्षेत्रीको, १२.७४ प्रतिशत जनसंख्या भएका बाहुनको र झण्डै १३ प्रतिशत जनसंख्या भएका दलितको नाममा राज्य नहुने तर १.५८ प्रतिशत जनसंख्या भएका लिम्बुको र २.७९ प्रतिशत जनसंख्या भएका राईको नाममा राज्य हुने कुरा पनि न्यायोचित देखिदैन।

अन्ततः प्रजातान्त्रिक मूल्य र मान्यताको आधारमा विरगंजको यादव ताप्लेजुङमा गएर चुनाव लड्न पाउनु पर्छ र त्यहाँका जनताले रुचाएमा उ निर्वाचित पनि हुन्छ यस्तै तेह्रथुमको लिम्बू जनकपुरमा र कालिकोटको क्षेत्री झापामा गएर निर्वाचन लड्न सक्ने परिस्थितीको निमार्ण गरिए पछि मात्र व्यक्तिले स्वतन्त्रता समानता र मानव अधिकारको प्रत्याभूत गर्दछ। अन्यथा हाम्रो जस्तो मिस्रित जातीय वसोवास भएको समाजमा अल्पमतमा रहेकाहरूको एकल जातीय स्वशासनले त्यहाँ भित्रका अन्य जातीहरूको मानव अधिकारको उल्लंघन मात्र गर्दैन यसले जातीय द्वन्द र हिंसालाई बढावा दिने संभावना पनि उत्तिकै रहन्छ। जुन कुराको पुष्टि तराईमा पहाडे मूलको भएकै कारण हाल सम्म ७ जना कर्मचारी र ३ जना सर्वसाधारणले ज्यान गुमाइसकेका, कयौं कर्मचारीहरू अपहरणमा परेका र विस्थापित भएका पहाडे मूलका वासिन्दाहरूको जग्गा जमीन खोसिएका घट्नाहरूले पनि गर्दछ। यस्तै लिम्बुवान क्षेत्रमा क्षेत्रीलाई फाँसी र बाहुनलाई काँसी भन्ने नारा समेत लाग्न थालेको सुनिएको छ र यस्ता घट्नाहरूलाई निरुत्साहित गर्न त्यस क्षेत्रमा बाहुल्यता भएका जातीहरूले पनि प्रभावकारी कदम चालेको पाइदैन भने स्वंय राज्य र राजनीतिक दलहरू समेत चुनावी राजनीतिकाकारण मौन देखिन्छन्। तर राज्यको नामाकरण

तथा एकल जातीय स्वशासन पनि त्यहाँका जनताहरूको सहमतिमा राख्न र जनमत संग्रहको माध्यमबाट त्यहाँका जनताको निर्णयद्धारा अनुमोदन गराउन र कायम राख्न भने सकिन्छ । तर माथीबाट लादेर अन्य जाती तथा जनताको आत्म-निर्णयको अधिकार माथि हस्तक्षेप गरी जातीय नामाकरण र जातीय स्वयत्तता कायम गर्न उपयुक्त हुँदैन ।

## संघीय राज्यमा जातीय स्वायत्तता कति उपयुक्त छ ?

स्वायत्तता भनेको स्तन्त्रतापूर्वक कुनै पनि विषयमा आफ्नो चाहना अनुसार निर्णय गर्न पाउनु हो । सामान्यतया स्वायत्तता अर्थात स्वशासनले व्यवस्थापिकिय, कार्यपालिकिय र न्यायीक अधिकार भन्ने समेत जनाउछ । यो भनेको आर्थिक, सामाजिक, सांस्कृति तथा विकासका कुराहरूमा निर्णय गर्ने, नियम बनाउने र कार्यान्वयन गर्न पाउने समेत अधिकार हो । संघीय राज्य व्यवस्था अन्तरगत केन्द्र र प्रदेश तथा स्थानिय निकाय बीच बाँडफाँड भएको अधिकार र विद्यमान कानूनको अधिनमा रही सम्पूर्ण निर्णयहरूमा निर्णयक अधिकार नै स्वायत्तता र स्वशासन हो । र जातीय स्वायत्तता र स्वशासन भनेको त्यही निर्णय गर्ने सार्वभौम र निर्णयक अधिकार निश्चित जातीको हुनु नै जातीय स्वायत्तता हो । अर्थात् जातीय शासन नै जातीय स्वशासन हो ।

अहिले संघीयता सँग गासिएर आउने गरेका महत्वपूर्ण कुरा भनेको जातीय स्वशासनको कुरा पनि हो । जातीय स्वशासनको रुपमा जुन स्थानमा जुनजातीको बाहुल्यता छ त्यहाँ त्यसै जातीको शासन हुन अर्थात् कुनै जिल्लामा कुनै एक जातीको बाहुल्यता छ भने उक्त जिल्लामा त्यसै जातीको शासन, गाविसमा जुन जातीको बाहुल्यता छ त्यसको शासन र संघमा जसको बाहुल्यता छ त्यसको शासन कायम हुनु पर्दछ भनेको पनि देखिन्छ । यस्तो खालको जातीय स्वशासन हाम्रो मुलुकका लागि उपयुक्त छ त ? सुन्दा त राम्रो लाग्न सक्छ तर माथी चर्चा गरिए झैं मिस्रित जातीय बसोबास भएको हाम्रो समाजमा जातीय स्वशासन उपयुक्त देखिदैंन र यो एकल जातीय स्वशासन अहिले चलिरहेको समावेशी प्रजातन्त्र, पहिचान, पहुच र प्रतिनिधित्व अर्थात् निर्णय प्रकृया र राज्यका अंगहरूमा मधेशी, गरिबी तथा पिछडिएका वर्गको जनसङ्ख्याको आधारमा समानुपातिक सहभागिताको विरुद्धमा छ र यो एकल जातीय स्वशासन मानव अधिकार तथा प्रजातान्त्रिक मूल्य मान्यताको समेत विरुद्धमा छ तर जातीय रुपमा सघन बसोबास भएको समाजमा भने जातीय शासन उपयुक्त हुन सक्छ । जातको आधारमा संघीय राज्य अर्थात जातीय स्वशासनको उपयुक्तताको बारेमा अर्को पक्ष पनि ध्यान दिन त्यति कै आवश्यक छ । संघीय राज्यसत्ता वा स्थानिय (प्रदेश, जिल्ला,

गाविस आदि) निकायहरू पनि प्रजातान्त्रिक प्रकृया अर्थात नियमित निर्वाचनको माध्ययमबाट जनताले व्यक्त गरेको इच्छाको आधारमा अनुमोदित हुनु पर्ने हुन्छ । उदाहरणको रुपमा लिम्बूवान राज्यमा त्यसै पनि अन्य जातीहरूको बहुमत छ यस्तो अवस्थामा निर्वाचनमा अन्य जातीले बहुमत ल्याएमा त्यस जातीय स्वशासन र जातीय राज्यलाई जातको रुपमा कायम राख्न सकिन्छ कि सकिदैन यो पनि महत्वपूर्ण प्रश्न हो । आदिवासी जनजाती वा आफ्नो नाममा राज्य भएका बासिन्दाहरू पनि विभिन्न राजनीतिकदलहरूमा सहभागी हुन सक्छन् । यस्तो अवस्थामा दलको उम्मेदवारीको आधारमा जुन सुकै जातीले पनि निर्वाचित हुन वा सरकार बनाउन सक्दछन् । यदि निर्वाचनमा जनताले व्यक्त गरेका इच्छा विपरीत जातीय राज्य सत्ता कायम राख्ने प्रयत्न भएमा त्यो आफै मानव अधिकार तथा प्रजातान्त्रिक मूल्य मान्यताको विरुद्ध हुन्छ ।

यस्तो वास्तविकता छर्लङ्ग हुदाहुदैं, संविधान सभा राज्यको पुनसंरचना र राज्यशक्तिको बाडफाड समितिले १४ प्रदेश जसमध्ये ६ वटाको जातिय नामाकरण गरी मस्यौदा प्रकाशन गरेको छ जसमा संविधान सभाद्वारा गंभिर बहश र छलफलको खाँचो छ ।

जेहोस् आठ दलको सहमति, जनजाती तथा मधेशी आन्दोलनको मागको उपजको रुपमा जे-जसरी भएपनि अन्तरिम संविधानको पहिलो संशोधनले देशलाई संघीय राज्य व्यवस्थामा लैजाने निर्णय गरिसकेको सन्दर्भमा यसका पक्ष र विपक्षमा अन्तहिन तर्क गरी रहनु भन्दा छिटो भन्दा छिटो सबै पक्ष वीच संघीयताको पक्षमा साँझा सहमति बन्नु अहिलेको आवश्यकता हो । एकात्मक व्यवस्थाका पनि फाइदा बेफाइदा दुवै छन् भने संघात्मक व्यवस्थाको पनि फाइदा र वेफाइदा दुवै छन् । हरेक कुरामा अवशर र चुनौति दुवै हुनु स्वभाविक पनि हो । अत: विदेशी अनुभवहरूबाट सिक्दै हाम्रो आर्थिक, सामाजिक र साँस्कृतिक अवस्था र जातीय, वर्गिय, भौगोलिक तथा क्षेत्रीय विविधतामा आधारित भै र हाम्रो समाजको मौलिकतालाई प्राथमिकता दिई संघीयताको नमूना निर्माण र त्यो भन्दा पनि पहिले सबै पक्ष वीच संघीयताको आधारहरूमा सैद्धान्तिक सहमति निर्माण प्राथमिक र मुख्य काम हो । यसले नै संघीय व्यवस्थाबाट आउने चुनौतिहरूलाई अवशरमा रुपमान्तरण गर्न र संघीय व्यवस्थालाई टिकाउन सहयोग पुग्दछ । यद्यपी धेरै कुराहरू त संघीयतामा गइ सकेपछि आइपर्ने समस्याहरूबाट नै सिक्दै अगाडी बढ्नु पर्ने पनि हुन्छ ।

# बाग्लुङ र दोलखाका पुंवार खड्का
# केही खोज - केही अनुमान

हरिबन्दी खड्का

पुवार बंशज श्री विदुर खड्का द्वारा लिखित "वाग्लुङका खड्का" पुस्तकमा उनी लेख्छन् "बिभिन्न विद्वानहरुले जगदेउका सन्तानहरु कर्णाली क्षेत्रबाट क्रमशः पूर्व दिशातिर लागेको उल्लेख गरेका छन्। यसै क्रममा बाग्लुङमा पवार खड्काका पुर्खा चक्र पवार सोह्रौं शताव्दिको अन्यतिर बि.स. १५९१ मा आएका थिए। अठारौ शताव्दिको सुरुतिर नै दोलखा जिल्लामा खड्काहरु पश्चिम तर्फबाट आएर बसोवास गरी सकेको चन्द्र बहादुर खड्काले उल्लेख गर्नु भएको छ। यी दुई मुल सुत्रका आधारमा चिन्तनको क्षेत्रमा विचरण गर्न सकिने सम्भावना साह्रै दरो नभए पनि "वादे वादे जायते तत्व बोध" का लागि योग्य बन्न सक्छ। श्री चन्द्र बहादुर खड्काले "चिलंखे खड्का – एक छोटो चिनारी" पुस्तकमा चिलंखे खड्काको पहिलो पुस्ताका हिमु खड्काका बंशज छैटौ पुस्ताका अचलको जन्म बि.सं. १८३०/४० तिर र मृत्यु बि.सं. १८७३ भनी उल्लेख गरेको पाइन्छ। यस माथिका पुर्खाको पाँच पुस्तालाई तिनको प्रत्येक पुस्ताको सालाखाला जीवनकाल ६० बर्षको अनुमान गर्दा पनि झण्डै तीनसय बर्ष माथि उकालो लाग्नु पर्ने हुन्छ। यसबाट दोलखाका आदि पुरुष हिमु खड्का वाग्लुङका पवार खड्काका मुल पुरुष चक्र पवारका शायद दुई तीन पुस्ता वरपरका हुन् कि भन्ने प्रश्न उत्पन्न हुन्छ। बिदुर खड्काको भनाईमा पवार खड्काहरु मूलरुपमा वाग्लुङबाट पूर्वतर्फ बसाई सरेको भन्ने तर्कलाई त्यति बल मिल्ने पुष्ट्याई भने मिल्दैन। तत्कालीन समयमा वाग्लुङको कालिका माईको पुजारी भई आजीविका गरेका बन्धुबान्धवमा अवसर नपाएकाहरुको अन्य स्थानमा आश्रममा स्थानान्तर हुने प्रवृत्तिले हिमु खड्का दोलखा पुगेका हुन् कि भन्ने आशंका गर्ने आधार पनि कुनै देखिदैन। किनभने यस सम्बन्धी कुनै प्रमाणित सामग्री श्रोत पनि आज सम्म कतै उपलब्ध छैनन्।

श्री चन्द्र बहादुर खड्काले "चिलंखे खड्का"को परिशिष्ट दुईमा उल्लेख गर्नु भएको दोलखाको बुलुङ्ग निवासी श्री बिष्णु गजाधर खड्कासंगको बंशावलीको उतार हेर्दा "एक भाई प्रवत

रह्या" भन्ने वाक्यले वाग्लुङ्ग र दोलखाका खड्काको आपसी गोत्रिय र बन्धुत्वको प्राचिन अन्तर सम्बन्धको स्पष्ट समन्वय गरेको बलियो आधार पाइन्छ । त्यसो त वाग्लुङकै खड्काहरुका तीन शाखाको आदि सम्बन्ध सुत्र पनि खोजीकै बिषय छ र चक पवारका चौथो पुस्ता बुद्धिबल लगभग बि.सं. १८०० तिरका अनुमानित हुन्छन् र दोलखाका अचल यिनका समकालीन हुन कि भन्ने अर्को प्रश्न पनि साथसाथै यो लेखकको मनमा उब्जनु स्वाभाबिक छ ।

यस प्रसंगमा पर्याप्त साधन श्रोतको अभावमा आफुलाई यस सन्दर्भमा खुम्च्याउनु परेको बिवशता र बाध्यता पनि छ । आफ्नो चासोको बिषयमा केन्द्रित हुनु पर्ने निजी स्वार्थवस पनि यो लेखकले उल्लेख गरेको तीन शाखा मध्ये एक हाँगो बुद्धिवलका समकालीन धनवर देखि क्रमश : आउदा सतवर, विष्णुवर, जवर, लालसिं र आधिकारिक रुपमा लेखकका बाजे हर्क बहादुर खड्का ( १९५० – २०२९ ) को समयकाल मात्र प्रामाणिक रुपमा हात लाग्छ । स्थानान्तर वा बसाई सर्ने कारणहरुमा तत्कालको मूलरुपमा सामाजिक, राजनीतिक र आर्थिक बाध्यताहरुमा कुनै प्रसंगमा धार्मिक र सास्कृतिक तत्वहरु पनि सर्वोपरि हुन सक्ने ऐतिहासिक घटनाहरु उदाहरणीय छन् । चक पवार यो पछिल्लो तत्वका प्रमुख पात्र हुन । जहासुकै रहे बसेका सम्पूर्ण पवार बन्धुहरुको अन्य अष्मिताका साथै धार्मिक र सांस्कृतिक चेतना अत्यन्त प्रखर पाइन्छ । सोध्दै खोज्दै जाँदा गोत्रिय सम्बन्धले आत्मीय बन्धुभावको सन्धिथला काली र कालिन्चोक माइमा बाग्लुङ र दोलखाकोबीचमा पुल जोड्ने तथ्यहरुको भावि समयमा निर्क्योल हुने विश्वासमा यो लेखक बिश्वस्त छ ।

**मुलश्रोत** :चन्द्र बहादुर खड्का - चिलंखे खड्का–एक छोटो चिनारी
दोश्रो संस्करण, बि.सं. २०६३
बिदुर खड्का-वाग्लुङ्गका पवार खड्का, बि.सं. २०६५


हार्दिक बधाई

नेपार सरकार शिक्षा मन्त्रालयबाट यस वर्षको सर्वोत्कृष्ट विद्यालय पुरस्कार जेम्स स्कुलले प्राप्त गरेकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**पुँवार खड्का गुँठी**

परिवार

# घरव्यवहार र लेनदेन गर्दा विचार पुऱ्याउनुपर्ने कुराहरू



अधिवक्ता भीमबहादुर खड्का
हरिवन- ९, बासाटोल

*यस्तो कागजको लेखाई सुरू भएको ठाउँमा र लेखाइ सकिएको ठाउँमा ऋण लिनेले दुवै बूढी औंलाको छाप लगाई सही पनि गर्नुपर्छ र सो कागजमा दुईजना साक्षी र लेख्ने मानिसको पनि कागजको छेउमा सही गराउनुपर्दछ । कपाली तमसुक रजिस्ट्रेसन पास गर्नुपर्दैन । घरसारमै कागज गराए पनि हुन्छ*

कुनै पनि राष्ट्र वा सरकारलाई कानुनले बाँधेको हुन्छ । कानुनको उल्लङ्घन गर्ने जोकोही पनि दण्डनीय हुन्छन् । त्यसैले कानुनको आधारभूत ज्ञान सबैमा हुनुपर्दछ । यस लेखमा हाम्रो दैनन्दिन जीवनमा आइरहने घरव्यवहार र लेनदेन गर्दा केकस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ भनेर जानकारी दिने प्रयास गरिएको छ ।

**१. सहीछाप गर्दा होस पुऱ्याउनुपर्ने :**

कुनै पनि कागजमा आफ्नो सहीछाप राख्दा राम्ररी पढ्नु र बुझ्नुपर्दछ। नपढी, नबुझी सहीछाप गर्नुहुँदैन । एकपटक त्यस्तो कागजमा सहीछाप गरिसकेपछि त्यो कुरा होइन भन्न पनि पाइन्न, होइन भने पनि त्यो कुराको अदालतले मान्यता दिँदैन । त्यसैगरी खाली कागजमा पनि सहीछाप गर्नुहुन्न किनभने खाली कागजमा सहीछाप गरिराख्यो भने त्यो कागजमा अरू कुरा लेखी जाल प्रपन्च गर्न सक्तछन् । त्यसैले खाली कागजमा सहीछाप गर्नुहुँदैन र लेखेको कागजमा सहीछाप गर्दा लेखिएका कुरा पढी वा पढ्न लगाई त्यसको मतलब बुझेर मात्र सहीछाप गर्नुपर्छ ।

**२. नाबालक, अन्धा र लाटाको कागज गराउदा पालना गर्नु पर्ने कुरा :**

नाबालकलाई कागज गराउँदा उसको संरक्षक वा हकवाला साक्षी

राखी सहीछाप गराउनुपर्दछ। संरक्षक वा हकवाला नराखी नाबालकको सही गराइएको कागजको मान्यता हुँदैन । त्यसरी संरक्षक वा हकवालाको सामुन्ने कागज गराएपछि त्यसै कागजको छेउमा मेरो सामुन्नेमा भनेअनुसार लेखी सहीछाप गराएको हो भनी लेखाई त्यस्तो संरक्षक वा हकवालाको पनि सहीछाप गराउनुपर्छ । त्यसैगरी, कुनै रोगले होस् ठेगाना नभएको मानिस वा बहुलाएको मानिसको कागज गर्दा पनि संरक्षक वा हकवालाको सहीछाप गराउनुपर्छ। अन्धा, लाटाहरूको कागज गराउँदा पनि उनीहरूका संरक्षक वा हकवालाको सही गराउनुपर्दछ तर त्यस्ता अन्धा, लाटाहरूको हकवाला वा संरक्षक नभएको अवस्थामा सरजमिनका लाटा, अन्धाको इसारा प्रस्ट रूपमा बुझ्न सक्ने लाटा, अन्धाले रोजेको मानिसले लाटाको कुरा इसाराबाट भनेबमोजिम र अन्धाले भनेबमोजिम भएको हो भनी सही गराउनुपर्दछ ।

## ३. जोरजुलुम गर्न नपाइने :

कागज गराउँदा जबरजस्ती गराउनुहुँदैन । मन्जुरीले मात्र कागज गराउनुपर्छ । कसैले जबरजस्ती कर लगाई कागजमा कसैको सहीछाप गर्न लाग्यो वा लगायो भने त्यस्तो कार्य अपराधजन्य हुन्छ । यसरी कागज गराएकोमा करकाप गऱ्यो भन्ने नालिस दिनुपर्छ। करकापको नालिस दिने म्याद ३५ दिनको हुन्छ। सामान्यतया कागज गराएको दिनदेखि ३५ दिन भित्रै नालिस दिनुपर्छ । तर कागज गराएपछि ३५ दिनसम्म कसैले थुनी राख्यो र पछि छाड्यो भने ३५ दिनको म्याद गुज्रियो भनी ठान्नुहुँदैन। आफू जहिले कागज गराउनेको पन्जाबाट उम्किइन्छ त्यही दिनदेखि ३५ दिनभित्र नालिस गर्न पाइन्छ ।

## ४. कपाली तमसुक :

व्यवहारमा कहिले ऋण लिनुपर्ने हुन्छ त कहिले दिनुपर्ने हुन्छ । यसरी लिँदादिँदा कागज गर्नुपर्छ। जस्तो पायो त्यस्तो कागजमा लेखेर हुँदैन, नेपाली कागजमा लेख्नुपर्छ । आफूले लिनुदिनु गरेकै रकम कागजमा उल्लेख गर्नुपर्छ। घटीबढी गर्नु हुँदैन। ऋण लिने को हो, दिने को हो, तिनीहरूको कुनकुन ठेगाना हो भन्ने र उमेरका कुरा पनि लेख्न बिर्सन हुँदैन । ब्याजको कुरा पनि त्यो कागजमा लेख्नुपर्छ। दश प्रतिशतभन्दा बढी ब्याज लिन पाइन्न र दिनु पनि पर्दैन । कागजमा १० प्रतिशतभन्दा बढी ब्याज लिने वा दिने भनी लेखे पनि दश प्रतिशतभन्दा बढी ब्याज लिन पाइन्न र दिनु पनि पर्दैन । ब्याजको स्याज पनि लिन पाइन्न । यसरी लिनुदिनु गरेको कागजलाई कपाली तमसुक भन्दछन् । यस्तो कागजको लेखाई सुरु भएको ठाउँमा र लेखाइ

सकिएको ठाउँमा ऋण लिनेले दुवै बूढी औंलाको छाप लगाई सही पनि गर्नुपर्छ र सो कागजमा दुईजना साक्षी र लेख्ने मानिसको पनि कागजको छेउमा सही गराउनुपर्दछ । कपाली तमसुक रजिस्ट्रेसन पास गर्नुपर्दैन । घरसारमै कागज गराए पनि हुन्छ । बरु कपाली तमसुक गर्दा टिकट टाँस्नुपर्छ । त्यसलाई आय टिकट दस्तुर भन्दछन् । कपाली तमसुकमा कति रुपैयाँ लिनुदिनु गरेको हो त्यहीअनुसार टिकट टाँस्नुपर्छ एक हजार रुपैयाँसम्मको ऋण लिए दिएको रहेछ भने चार रुपैयाँको टिकट टाँस्नुपर्छ। त्यसभन्दा बढी रकम लिनुदिनु गरेकोमा प्रतिहजार चार रुपैयाँका दरले टिकट टाँस्नुपर्छ । त्यसरी टिकट टाँसिएको रहेनछ भने पनि कागज कामै नलाग्ने हुँदैन । काम लाग्छ तर आय टिकट दस्तुर पाँच दोब्बर बुझाउनुपर्छ । कपाली तमसुकको पैसा लिनेले फर्काएन भने अदालतमा नालिस गर्नुपर्छ। त्यसरी नालिस गरेपछि साँवा ब्याज सबै अदालतले दिलाइदिन्छ । नालिस गर्ने म्याद पनि किटिएको हुन्छ । जुन दिन लिनुदिनु गरेको हो त्यो दिनदेखि १० वर्षको हदम्याद हुन्छ तर बीचमा साँवाको केही भाग अथवा ब्याज बुझाएको कागज गराई लिएको रहेछ भने त्यसरी अन्तिम लिनुदिनु गरेको दिनदेखि दश वर्षभित्र नालिस गरी सक्नुपर्दछ । बीचबीचमा यो मितिमा पैसा बुझाऊला भनी लिने दिनले कागज गरिदिएको रहेछ भने त्यो कागज भएको मितिबाट हदम्याद सुरु हुन्छ । त्यस्ता कागजहरूमा सबैभन्दा पछिल्लो कागज भएको दिनबाट हदम्याद सुरु हुन्छ । बीचबीचमा केही साँवा अथवा ब्याज लिएको अथवा दिएको कुरा त्यही कागजको पछाडि जनाई अथवा त्यो कागज भेटिएन भने अर्को छुट्टै कागजमा लेखी सही गराई राख्नुपर्छ ।

**५. भोगबन्धकी :**

घरजग्गा किन्नुको साटो घरजग्गा भोगसम्म गर्ने तर आफ्नो नाममा त्यो घरजग्गा नकिन्ने व्यवहार पनि हाम्रो समाजमा छ। कसैलाई ऋण लिनुपर्‍यो भने उसको आफ्नो कुनै घर वा जग्गा बस्न अथवा खेती गर्न भनेर दिन्छ र त्यसको बदलामा ऋण लिन्छ भने त्यस्तोलाई भोगबन्धकी दिएको भन्दछन् । भोगबन्धी दिँदा जसको नाउँमा त्यो सम्पत्ति दर्ता भएको हुन्छ, उसले मात्र दिन सक्छ। यसरी भोगबन्धकी दिई लिएको ऋणमा ब्याज तिर्नुपर्दैन। लिएको ऋण फिर्ता नगरुन्जेल ऋण दिनेले सम्पत्ति बन्धकी राखेकोमा ब्याजको साटो त्यही सम्पत्तिबाट आएको आयस्ता खाऊ भनेको हो। भोगबन्धकीको कागजमा

लिने र दिने दुवैको नाम लेख्नुपर्छ, कति रुपैयाँ ऋण लिएको हो त्यसबापत कुन चाहिँ सम्पत्ति ऋण दिनेले भोग गर्न पाउने हो सबै कुराहरू प्रस्ट खुलाउनुपर्दछ। पछि ऋण लिनेले त्यो लिएको ऋण फर्काउँदा उसलाई उसको सम्पत्ति जस्ताको तस्तै फर्काउनुपर्छ । सम्पत्ति बिगारी फर्काउनुहुन्न। जस्तो भनौं- राम्रो घर बन्धकी लिनेले त्यो घर भत्काई फर्काउनुहुन्न । भत्केको रहेछ भने त्यसलाई बनाएर मात्र फर्काउनुपर्छ। त्यस्तै गरी मोही नलागेको खेती बन्धकी लिनेले खेतमा मोही लगाई फर्काउनुहुन्न।

भोगबन्धकी कागजमा पनि लेख्ने मानिस र दुईजना साक्षीहरू राख्नुपर्दछ र भोगबन्धकी दिने ऋणीले लेखाइको सुरु र पुछारमा कालो मसीले सही राखी दाहिने र देब्रे दुवै औंलाको छाप लगाउनुपर्दछ। कागज नेपाली हुनुपर्दछ र लेख्ने मसीको रङ पनि कालो हुनुपर्छ । भोगबन्धकीको कागज रजिस्ट्रेसन पास गराउनुपर्दछ । रजिस्ट्रेसन पास नगराएको भोगबन्धकीको कागजले मान्यता पाउँदैन । रजिष्ट्रेसन गर्दा रजिस्ट्रेसन दस्तुर कानुनले निर्धारण गरी तोकेबमोजिम मालपोत कार्यालयमा बुझाउनुपर्छ।

कहिलेकाहीँ कुने घरजग्गा भोगबन्धकीमा लिए पनि भोग गर्न पाइन्न। यसरी भोग गर्न पाइएन भने नालिस गर्नुपर्छ । नालिस गर्ने ठाउँ जिल्ला अदालत हो । आफ्नो भोगबन्धकी लिएको सम्पत्ति भोग गर्न पाइएन भने त्यसरी कागज गरेको मितिबाट दुई वर्षभित्र चलन चलाई पाऊँ भनी जिल्ला अदालतमा नालिस गर्नुपर्छ । त्यसरी नालिस गरेपछि अदालतले त्यो सम्पत्ति भोग चलन गर्न पाउने गरी दिलाइदिन्छ। तर दुई वर्षको म्याद नाध्यो भने त्यो सम्पत्ति भोग चलन गर्न पाइन्न। भोग चलन गर्न नपाए पनि पैसा भने डुब्दैन । भोग गर्न नपाएकोमा भोगबन्धकीको कागज कपाली तमसुक हुन पुग्छ र दश वर्षभित्र नालिस गर्‍यो भने आफ्नो ऋण दिएको रकम र ब्याज फिर्ता आउँछ। यो नालिस गर्ने ठाउँ पनि जिल्ला अदालत हो।

**६. दृष्टिबन्धकी :**

असामीले साहूबाट कुनै रकम ऋण लिएकोमा सो रकम र सो रकमको लाग्ने ब्याजसमेत यति दिनभित्र बुझाउँला, बुझाउन सकिन भने फलानो चल वा अचल सम्पत्ति भोग चलन गर्नुभनी आफ्नै नाउँमा रहेको अचल सम्पत्ति खुलाई असामीले साहूलाई लेखेर दिने लिखत (कागज) लाई दृष्टिबन्धकीको कागज

भन्दछन् । यस्तो कागज मालपोत कार्यालयमा गई रजिस्ट्रेसन पारित गरिदिनु लिनुपर्दछ। दृष्टिबन्धक लेखाई लिएकोमा भाखा नाघेको मितिले दुई वर्षभित्र बन्धकी लिएको चलअचल सम्पत्ति साहूले वा निजका तर्फबाट चलन गर्नुपर्दछ । उक्त लेखिएको सम्पत्ति असामीले चलन गर्न नदिए साहुले चलन चलाई पाउन सम्पत्ति रहेको जिल्ला अदालतमा मुद्दा हाल्नुपर्छ। भाखा नाघेको दुई वर्षभित्र नालिस नदिएमा बन्धकीको लिखत कपाली तमसुकसरह हुन्छ । यसको म्याद १० वर्ष हुन्छ। दृष्टिबन्धकी लिँदा दिँदा पाँच वर्षभन्दा बढीको भाखा राख्नुहुँदैन । लेखिएको समय नपुगी साहूले थैलीमा झमेला गर्न वा धितो चलन गर्न पनि पाउँदैन। दृष्टिबन्धक जहिलेसुकै असामीले निखन्न आए पनि साहूले आफ्नो थैली बुझी लिई निखन्न दिनुपर्दछ ।

## ७. लखबन्धकी तमसुक :

चलअचल सम्पत्ति भोगबन्धकी वा दृष्टिबन्धकी लिई राख्ने साहूले तमसुकबमोजिम वा त्यसभन्दा घटी लिई अरू साहूसँग सार्न सकिने बन्धकलाई लखबन्धकी भनिन्छ। यस्तो अवस्थामा असामीले तहतह गरी निखन्नुपर्छ। पहिले बराबरको पूरा रकम उल्लेख गरी सारिएको लखबन्धकीमा भने असामीले पछिल्ला साहूसँग निखन्न गए हुन्छ। पछि लिनेले अघिको भन्दा बढ्ता थैली लिएको वा करार लेखेको भए बदर हुन्छ । लखबन्धकीमा स्वामित्व परिवर्तन हुँदैन, केवल कब्जा मात्र परिवर्तन हुन्छ ।

## ८. राजीनामा :

घरव्यवहार गर्दा कहिलेकाहीँ ऋण लिनुदिनु मात्र नगरी सम्पत्ति नै बेच्ने व्यवहार पनि हुन्छ । यसरी सम्पत्ति बिक्री गर्ने कुरालाई राजीनामा फार्छे भन्दछन्। सम्पत्ति जसको नाउँमा दर्ता छ उसले मात्र राजीनामा गरिदिन पाउँछ । यस्तो राजीनामा रजिस्ट्रेशन पास गर्नुपर्दछ । रजिस्ट्रेसन पास नगरेको कागजबाट घरजग्गा जस्ता सम्पत्तिहरू लिन पाइँदैन । रजिस्ट्रेसन पास गर्ने अड्डा मालपोत कार्यालय हो ।

कुनै जग्गा राजीनामा गरी लिनुदिनु गर्नलाई मालपोत कार्यालय जानुपर्दछ । त्यहाँ नेपाली कागजमा छापेको फाराम पाइन्छ। यदि छापेको फाराम नपाइएमा छुट्टै नेपाली कागजमा पनि लेख्न सकिन्छ। त्यो फाराममा लिने मानिसको र दिने मानिसको तीन पुस्ता भर्ने ठाउँ राखेको हुन्छ। त्यो फाराममा तीन पुस्ते खोली खाली ठाउँ भर्नुपर्छ। कति रुपैयाँमा जग्गा किनेको हो, कुन नगरपालिका वा गाउँ विकास समितिको कुन वडाको, कति कित्ता नम्बर किनेको हो त्यो सबै

फाराममा भर्नुपर्छ। त्यसपछि लिनेदिनेको, दुईजना साक्षीको र कागजमा जसले खाली ठाउँ भरेको हो त्यस लेखक साक्षीको सहीछाप गराउनुपर्दछ। खाली ठाउँ भर्दा कालो मसीले भर्नुपर्दछ । खाली ठाउँ भर्दा कालो मसीले भर्नुपर्दछ । यसरी भरेको फाराम मालपोत कार्यालयमा दिनुपर्दछ। फाराम पाइएन भने वा इच्छा लागेन भने छुट्टै नेपाली कागजमा सबै कुरा खुल्ने गरी लेखी सहीछाप गरिदिए पनि हुन्छ। यसरी फाराम अथवा कागज दिँदा जग्गाधनी प्रमाण पुर्जा, मालपोत तिरेको रसिद पनि सँगै राख्नुपर्छ । घर बिक्री गरेको हो भने त्यो घर सहरको रहेछ भने घर कर तिरेको निस्सा पनि त्यहाँ राख्नुपर्छ। त्यसपछि मालपोत कार्यालयले त्यो किनबेच हुन थालेको जग्गा घर किनबेच गर्न दिन हुन्छ कि हुँदैन भनी विचार गर्छ र रोक्का फाँटमा जान्छ । रोक्का फाँट भनेको जमिन, घर किनबेच गर्न नपाइने भनी कानुनबाट रोकिएको छ छैन भनी लगत राखेको फाँट हो । किनबेच गर्न रोकेको रहेनछ भने रजिस्ट्रेसन पास गर्दा कति पैसामा कति जग्गा किनेको हो भनी त्यहाँको हाकिमले लिने दिने दुवैलाई सोध्छ। कुरा मिलेको देखेमा पास गरिदिन्छ। रजिस्ट्रेसन पास भएपछि त्यो सम्पत्ति किन्नेको नाउँमा आउँछ । त्यस्तो कामलाई नामसारी दाखिला खारेज गरेको भन्दछन् ।

**९. दस्तुर :**

रजिस्ट्रेशन पास गर्दा मालपोत कार्यालयले पास गराई दिएबापत केही रुपैयाँ असुल गर्दछ । यस्तो असुल गरिने रुपैयाँलाई रजिस्ट्रेसन दस्तुर भन्दछन् । रजिस्ट्रेशन पास गर्दा अड्डाले के कति दस्तुर लिने भन्ने कुरा जग्गाको मोलमा भर पर्दछ। जग्गा सहरको हो कि गाउँको हो, त्यसबाट दस्तुर घटी र बढी हुन्छ । रजिस्ट्रेसन पास गर्दा किन्ने र बेच्ने दुवैजना माल अड्डा जानुपर्दछ। तर कहिलेकाहीँ मानिसलाई त्यसरी जान परिस्थितिले मिल्दैन। त्यस्तो अवस्थामा माल अड्डाबाट मानिस बोलाई घरमै बसी रजिस्ट्रेसन पास गराउन सकिन्छ । यसरी माल अड्डाबाट कागज गराउन आएका मानिसहरूलाई डोर भन्दछन्। यसरी डोर बोलाई रजिस्ट्रेसन पास गर्दा रजिस्ट्रेशन दस्तुरबाहेक थप दस्तुर बुझाउनुपर्छ। जग्गा खरिद गर्ने माल अड्डामा जान सक्ने रहेछ भने उसले त्यो जग्गा मेरो नाममा खरिद गर्न मान्छेलाई पठाएको छु भनी कागज लेखी छाप पनि दिई पठाउनुपर्छ। यसरी कागज र छाप पठाएमा माल अड्डाले किन्ने मान्छे नआए पनि रजिस्ट्रेसन पास गराइदिन्छ ।

बेच्ने मानिस माल अड्डामा नजाने हो भने उसले अधिकृत वारेस पठाउनुपर्छ । साधारण वारेस पठाएर रजिस्ट्रेसन पास हुँदैन। अघिल्लो वारेस

कसले कसलाई बनाएको हो, केकस्तो जग्गा बेच्न दिएको हो सबै कुरा खोली त्यसलाई प्रमाणित गर्न जिल्ला अदालतमा जानुपर्छ । विदेशमा भए राजदूत वा वाणिज्यदूत कहाँ गई प्रमाणित गराउनुपर्दछ भन्ने कुरा माथि नै लेखी सकिएको छ । जिल्ला अदालतले वारेस बस्नेको मन्जुरीको कागज पनि गराउँछ ।

**१०. निखन्ने :**

राजीनामा गरी बिक्री गरेको सम्पत्ति निखन्न पाउने व्यवस्था पनि कानुनमा छ । निखन्ने भनेको जति रुपैयाँ लिई त्यो सम्पत्ति बिक्री गरेको हो त्यत्तिकै रुपैयाँ राखी सम्पत्ति कानुनबमोजिमको नजिकको सन्धिसर्पन पर्ने हकदारले लिनु हो । तर जसले पायो त्यसले सम्पत्ति निखनी लिन पाइँदैन । निखन्नका लागि बिक्री गर्नेको ऊ हकवाला हुनुपर्छ र त्यो सम्पत्ति सन्धिसर्पन परेको हुनुपर्दछ । हकवाला भनेको दाजुभाइ, स्वास्नी, छोराछोरी भतिजाहरू जस्ता पुरुषतर्फको हाँगाको सात पुस्ताभित्रका नातेदार हुन् । तर यस्ता नातेदार हुँदैमा निखन्न पाइन्न । त्यो जग्गा उनीहरूलाई सन्धिसर्पन पनि पर्नुपर्दछ । सन्धिसर्पन पर्न सबैभन्दा पहिलो कुरा बिक्री गरेको घर जग्गा, खेतको साँध सिमाना जोडिएको हुनुपर्छ । यसरी सिमाना जोडिएपछि आफ्नो घरजग्गालाई बिक्री गरेको जग्गा भएन भने मर्का पर्ने स्थिति जस्तो- कुलो, बाटो, गौचरण इत्यादिको सुविधाबाट वञ्चित हुनुपर्दछ । यस प्रकार बिक्री गर्नेको हकवालाले सन्धिसर्पन भएको सम्पत्ति निखनी लिन पाउँछ । हकवाला धेरै रहेछन् र सबैले निखन्न चाहन्छन् भने नजिकको हकवालाले निखन्न पाउँछ । हकवालाले निखनेन भने त्यो निखन्ने अधिकार मोहीले पाउँछ । मोहियानी लागेकोमा घरबारीको जग्गा मोहीले बेच्न पाउँछ । त्यस्तो घरजग्गा मोहीले बिक्री गर्‍यो भने जग्गाधनीले निखनी लिन पाउँछ ।

**११. निखन्न नपाउने अवस्था :**

घरजग्गा बिक्री गर्दा जसले मन्जुरीको कागज गरिदिन्छ वा जसले बिक्री गरेको राजीनामामा साक्षी बस्छ । त्यस्तो हकवालाले निखन्न पाउँदैन । राजीनामा लिने मानिस नजिकको हकवाला रहेछ भने अरू हकवालाले निखन्न पाउँदैनन् । कसैले घर बनाउनका लागि दुई रोपनी जग्गा वा तीन कट्ठा जग्गा किनेको रहेछ भने पनि त्यस्तो जग्गा मोहीले निखन्न पाउँदैन ।

**१२. कसरी निखन्ने ? :**

राजीनामा गरेको लिखत कागजमा जति मोल भनी रकम लेखिएको हुन्छ त्यत्तिकै रुपैयाँ र राजीनामा गर्दा लागेको दस्तुर समेत

जोडी त्यत्तिकै रुपैयाँ पहिले जग्गा लिने साहूलाई बोलाई माल अड्डामा लिनु दिनु गरी निखन्नुपर्दछ तर निखन्न दिन्न भनी झमेला गऱ्यो भने त्यत्तिकै रकम माल अड्डामा धरौटी राख्नुपर्दछ । यसरी धरौटी राख्दा निखन्न पाऊँ भनी दरखास्त पनि दिनुपर्छ ।

### १३. निखन्ने म्याद :

निखन्नलाई निवेदन दिन समय तोकिएको छ। राजीनामा गरेको दिनबाट ६ महिनासम्म थाहा पाउनुपर्ने म्याद दिइएको छ । थाहा पाएपछि जुन दिन थाहा पाइन्छ त्यस दिनदेखि ३५ दिनभित्र निखन्न जानुपर्दछ। यसरी दुईवटा म्याद हुन्छन्। थाहा पाउने म्याद ६ महिनाभित्र थाहा पाउने काम भएन भने त्यो निखन्न पाइन्न। त्यसैगरी थाहा पाएको दिनदेखि ३५ दिन काटी निखन्नका लागि निवेदन पत्र पऱ्यो भने त्यो निखन्न पाइन्न । खासगरी नक्कल सारेको मितिलाई थाहा पाएको दिन भन्दछन् । यो नक्कल मालपोत कार्यालयमा सार्न पाइन्छ। तर एउटै घरको सगोलमा बस्नेहरूमा १६ वर्ष नाघेको कुनै मानिसले थाहा पाएको रहेछ भने कागज भएकै दिनलाई थाहा पाएको मिति मान्नुपर्ने हुन्छ तर सगोलको मान्छे साक्षी बसेको रहेनछ तर कसैले नक्कल सारेको रहेछ भने उसका सगोलका सबैले थाहा पाएको मानिन्छ। त्यसकारण नक्कल सारेको दिनबाट ३५ दिनभित्रै निखनाई पाऊँ भनी जानुपर्छ।

### १४. लिखत बदर :

एउटाको हकको घरजग्गा अर्को मान्छेले राजीनामा गरिदिन पाउँदैन । यस्तो राजीनामामा नालिस पऱ्यो भने त्यो लिखत बदर हुन्छ । घरजग्गामा जसको हक छ, त्यसले मात्र राजीनामा गरी दिन पाउँछ। दर्तावालाले आफ्नो मेहनत, सीपबाट कमाएको सम्पत्ति सबै राजीनामा गरिदिन पाउँछ। यस्तो मेहनत र सीपको सम्पत्ति सगोलको सम्पत्तिबाट भने आएको हुनुहुँदैन । सगोलको सम्पत्तिबाट बढे बढाएको सम्पत्ति र सगोलको सम्पत्तिमा सगोलमा बस्ने सबै अंशियारको हक लाग्छ । सगोलको सम्पत्ति कसैका नाउँमा दर्ता भए पनि उसले त्यो सम्पत्ति चलाउन पाउँदैन । सगोलका सबै अंशियारहरूको मन्जुरी लिनुपर्दछ। तर बाबुले सगोलको सम्पत्तिमा चल सम्पत्ति जस्तो रुपैयाँ, पैसा, गरगहना, सबै घरव्यवहार गर्नका लागि चलाउन पाउँछ। तर अचल सम्पत्ति जस्तो घर, जग्गा घरव्यवहार गर्न बिक्री गर्न पऱ्यो भने आधासम्मको हकमा कुनै अंशियारको मन्जुरी नलिए पनि हुन्छ। तर यस्तो अधिकार बाबुबाहेक अरूलाई काननले दिएको छैन । तर आधाभन्दा बढी अचल सम्पत्ति राजीनामा गर्नुपऱ्यो भने १६ वर्ष पुगिसकेका अंशियारहरूको पनि मन्जुरी लिनुपर्दछ। त्यसरी मन्जुरी लिएको रहेनछ भने मञ्जुर नगर्ने

अंशियारले लिखत बदरमा नालिस गर्न पाउँछ। नालिस गर्नेको अंश भाग जति राजीनामा गरेको बदर हुन्छ र नालिस गर्नेको नाउँमा आउँछ। राजीनामा गर्नेले भने पाउँदैन । यस्तो नालिस गर्नुपर्ने अड्डा जिल्ला अदालत हो । नालिस गर्नलाई राजीनामा दिएको थाहा पाएको मितिले एक वर्षको हदम्याद तोकिएको छ। एक वर्षसम्ममा थाहा पाइसक्नुपर्दछ। थाहा पाएपछि थाहा पाएको दिनदेखि ३५ दिनभित्रै नालिस गर्नुपर्दछ । त्यो म्याद नाध्यो भने नालिस लाग्दैन ।

कुनै महिलाबाट सम्पत्ति खरिद गर्दा त्यो सम्पत्ति उसको अंशबाट पाएको सम्पत्ति हो कि दाइजो पेवाको सम्पत्ति हो त्यो कुरा विचार गर्नुपर्दछ। दाइजो पेवाको सम्पत्ति रहेछ भने राजीनामा लिए दिएको सदर नै हुन्छ। सगोलको सम्पत्ति त बिक्री गर्न पाइँदैन नै तर कसैको हक नलाग्ने उसको आफ्नो अंशको सम्पत्ति छ भने पनि राजीनामा गरिदिनलाई अरूको मन्जुरी लिनु पर्दछ । महिलाले अंश भाग कि त अविवाहिता छोरीको नाताले पाउँछिन् कि त कसैको पत्नी भएर पाउँछिन् । यसरी आएको अंश भागको अचल सम्पत्तिको आधासम्म राजीनामा गरी कसैलाई दिन पाइन्छ। तर आधाभन्दा बढी सम्पत्ति राजीनामा गरी दिनुपर्‍यो भने कन्या केटी रहिछ भने आफ्नो बाबुआमाको मन्जुरी लिनुपर्दछ। सधवा वा विधवा महिला रहिछन् भने उमेर पुगेको छोरा र अविवाहिता छोरीको मन्जुरी लिनुपर्दछ । त्यस्तो नाताको मान्छे रहेनछ भने कसैको मन्जुरी नलिएर पनि अचल सम्पत्ति पूरै राजीनामा गरिदिन पाइन्छ ।

### १५. दोहोरो लिखत :

एउटै जग्गा दुईजना छुट्टाछुट्टै मानिसलाई दिने कामलाई दोहोरो दिएको भन्दछन्। त्यसैले दोहोरो लिखत भनेको एउटै जग्गा दोहोर्‍याएर कागज गरी छुट्टाछुट्टै मान्छेलाई दिएको कागज हो । एकपटक एउटालाई राजीनामा गरेर दिइसकेको जग्गा फेरि अर्कोलाई दिनुहुँदैन। अर्कोलाई दियो भने पनि नालिस पर्‍यो भने त्यो बदर हुन्छ। पाउने मान्छे दुईजना रहेछन् भने दुईजनामध्ये जसले पहिले लिएको हो उसैको हक पुग्छ, पछि लिनेको हक पुग्दैन । कसैले अरूलाई दिइसकेको हो भन्ने कुरा थाहा पाउँदापाउँदै जग्गा खरिद गर्छ भने त्यसको पैसा भुस हुन्छ, उसले पाउँदैन। तर नजानी लिएको रहेछ भने उसको परेको पैसा फिर्ता पाउँछ।

### १६. लिखत बदर भएमा परेको पैसा फिर्ता पाउने नपाउने :

लिखत बदर भएपछि जति भाग बदर भएको हो त्यत्तिकै पैसा पाइन्छ। त्यसरी फिर्ता पाउँदा ब्याजसमेत पाइन्छ । आफूले लिएको सम्पत्ति पाइएन र कागज नै कच्चा भयो भने त्यो कागज

कपाली तमसुक जस्तै हुन जान्छ । आफ्नो परेको रुपैयाँ पाउन जिल्ला अदालतमा लेनदेनमा नालिस गर्नुपर्छ । यसरी नालिस गर्दा पैसा भराई दिँदासम्मको ब्याज अदालतले दिलाइदिन्छ। ब्याज भराउँदा एक वर्षको दश प्रतिशतको हिसाबले भराइदिन्छ। तर दिनुपर्नेले दिएन भने उसको अरू सम्पत्ति देखाएको खण्डमा त्यही सम्पत्ति लिलाम गराई पैसा भराइदिन्छ। ऊसँग सम्पत्ति रहेनछ भने उसलाई थुनाउन पनि सकिन्छ । यसरी थुनाउँदा भने थुनिनेको खाना खर्च थुनाउनेले ब्यहोर्नुपर्दछ ।

**१७.रजिस्ट्रेशन गर्नुपर्ने लिखतहरू :**

केही लिखतहरू घरसारमा लेखे पनि कानुनले मान्यता दिन्छ । जस्तै घरसारमा लिनुदिनु गरी खडा भएको तमसुक, बाली बुझेको भरपाई, करारका कागजहरू इत्यादि । तर केही लिखत घरमा लेखेर पुग्दैन । घरमा लेखिए पनि तोकिएको अड्डाबाट ती लिखतहरू रजिस्ट्रेसन भएको हुनुपर्दछ । अचल सम्पत्ति (जस्तै- घरजग्गा इत्यादि) किनबेच, दान बकस वा जुनसुकै तरहले हक छाडी दिनुपर्दा खडा गरिएको लिखत मालपोत कार्यालयमा गई रजिस्ट्रेसन पारित गर्नुपर्दछ । त्यस्तै धर्मपुत्रको लिखत, मानो छुट्टिएको र मानो जोडिएको लिखत वा जुनसुकै किसिमको बन्धकी तमसुकको लिखत, शेषपछिको बकसपत्रको लिखत, सट्टापट्टाको लिखत र अंशबन्डाको लिखत रजिस्ट्रेसन गर्नुपर्दछ। यी माथि लेखिएका लिखत, रजिस्ट्रेसन भएनन् भने ती लिखतबमोजिमको काम कारबाही भएको छ भनेर मानिदैन । अरूको कानुनले कागज रजिस्ट्रेसन पारित गर्नु नपर्ने भएमा पनि सो गर्न केही आपत्ति हुँदैन, तोकेको दस्तुर लिई मालपोत कार्यालयले रजिस्ट्रेसन गरिदिनुपर्दछ ।

**१८.जरूरी कागजहरू हराए, नासिएमा के गर्ने ?**

कतिपय कागजहरू अड्डा अदालतमा हुन्छन् । त्यस्तो कागज हराएमा नक्कल लिन सकिन्छ । त्यसैगरी रजिस्ट्रेसन पास भएका कागजहरूको नक्कल पनि मालपोत कार्यालयबाट लिन पाइन्छ । त्यसैले त्यस्ता कागज हराएमा वा नासिएमा त त्यति गाह्रो हुँदैन तर घरसारको कागजबाट लेनदेन गरेको रहेछ र त्यही कागज हरायो वा नासियो भने के गर्ने? घरसारको कागज, जस्तो- कपाली तमसुक दैवीप्रकोपबाट नासियो, हरायो भने बाटोको म्यादबाहेक सात दिनभित्रै सबै कुरा खोली नजिकको प्रहरी कार्यालयमा दरखास्त दिनुपर्दछ । त्यसरी दरखास्त दिंदा दुई प्रति दिनु पर्छ । दुई प्रति दरखास्तमै अड्डाको छाप लाग्छ र एक प्रति अड्डामा नै

रहन्छ र अर्कोप्रति दरखास्तवालालाई नै अड्डाले फर्काउँछ। त्यसपछि त्यसरी दैवीप्रकोप परेको व्यहोरा राखी अर्को लिखत गरी धनीलाई दिनुपर्छ। त्यस्तोखाले हकदारले त्यस्तो कागज गरिदिन्छ। तर कागज गरिदिएन भने जिल्ला अदालतमा नालिस गर्नुपर्छ। यसरी नालिस गर्दा पहिले यस्तो कागज भएको थियो भनी पक्का प्रमाण पनि राख्नुपर्छ। नालिस गर्ने म्याद ३५ दिनको हुन्छ। आसामीले कागज गरिदिनुपर्ने १५ दिनको म्याद गुज्रेको दिनबाट ३५ दिनभित्रै नालिस गर्नुपर्छ। उक्त म्याद नाघेमा नालिस लाग्दैन।


विजया दशमी तथा शुभ-दीपावली-२०६८
को उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक वर्गमाहरूमा
सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय
शुभ–कामना
साहारा ग्यास उद्योग, परिवार
हेटौडा, मकवानपुर

विजया दशमी तथा शुभ-दीपावली-२०६८
को उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक वर्गमाहरूमा
सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय
शुभ–कामना
अध्यक्ष
तामाकोशी बचत तथा ऋण सहकारी संस्था लि.
चावहिल, काठमाडौं

# दशै आयो

निरञ्जन खड्का



दशै आयो देशभरी रमाए ती काला व्यापारी
लुगा, मसला, गु-पाक कोसेली अलिकति पुष्टकारी
छोराछोरी प्रियलाई राम्रा सबै बा-आमालाई के दिने होला
तलव, दशैखर्चसबै गयो कता खसि बोका, रित्तियो झोला

धनि सबै रमाउछन् गरिब जतिले के गर्ने होला
ह्वीस्की र वियर अनि कवाफ, सेकुवा र छोइला
खान्छन दाह्रा धसी चोक्टा र पिउदै मदिरा ती बुर्जुवा
गरिवको छैन चामल न त कुखुरा के खानु सुरुवा

रुन्छन् खसी, बोका, राँगा, हाँस, कुखुरा काल आयो भनि
दुस्मन्नै रहेछन् यी मनुवा छप्काउछन् पशु गनि गनि
पशु पनि इश्वरका सन्तान कालगतीले मर्न पाउनु पर्ने हो
इश्वरकै नाममा रेट्छन् घाँटी पशुको त्यो कस्तो धर्म हो

सबैका घरमा पाक्छन् पकुवा, भुटुन अनि कुकुरलाई सिं
डकार्दै डवलीमा गफिन्छन् पाकाहरु, युवा र बच्चालाई पिं
आरधना गर्छन् माता काली, चण्डीका, चामुण्डा अनि वायु
कालरात्रीमा कालो बोको रेटी पुकार्छन् नरहरु बढाइदेउ आयु

गर्धन खान्छन् कामी जातीले खुकुरी सादेको भनि
पुच्छर जान्छ दमाइलाई धागो सियोमा पुच्छर उनि
जात के भयो, धर्म नास भयो आज टेड्दैनन् कसै
छुदैनथे हिजो, धर्ममा कसिलो, भन्न पाइन्न आज तसै

शुभ स्नान पछि गौमुत्रले शुद्धभई गर्दथे कुलको पूजा
गर्छन् आज त्यो मदिरा धोकी मदिराले शिरको पूजा
आर्शिवाद दिनेको ओठ् शुद्ध छैन लिनेले पैसानै खोज्छन्
धर्म सबै नष्ट भयो यो कलीमा, सबैले हिंसानै रोज्छन्

विजया दशमी तथा शुभ-दीपावली-२०६८
को उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक वर्गमाहरुमा
सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय
शुभ-कामना
व्यवस्थापक
होटल इको प्रा.लि.
ठमेल, काठमाडौं

विजया दशमी तथा शुभ-दीपावली-२०६८
को उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक वर्गमाहरुमा
सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय
शुभ-कामना
अध्यक्ष
पिस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ
ओटु, काठमाडौं



# आज हामी कहाँ छौं

लक्ष्मीबहादुर निराला
वरिष्ठ अधिवक्ता
तथा पूर्व महान्यायाधीवक्ता

बडा दशैंको शुभउपलक्ष्यमा पुवाँर खड्का बन्धु लगायत सम्पूर्ण नेपाली जनजनको लागि हृदय देखिनै शुभकामना व्यक्त गर्दै पुवाँर खड्का सन्देश पत्रिकाको विजयादशी अंकको लागि यस देशको वर्तमान परिस्थितिको बारेमा आफैलाई लागेको केही समस्या तर्फ सम्बन्धित सबैको ध्यानकर्षणको लागि केही मात्र समस्याको सम्बन्धमा सांकेतिक रुपमा संक्षिप्त चर्चा गर्ने कोशिस गरेको छु ।

सम्वत २०६२।०६३ को कथित जन-आन्दोलनले देशमा ठूलो परिवर्तन ल्याएको कुरोमा दुई मत हुन नसक्ने कुरोमा सहमत हुन सबै नेपाली बाध्य छन । यद्यपि त्यो परिवर्तनकारी जनआन्दोलन कसबाट नियन्त्रित, संचालित र निर्देशित थियो भन्ने कुरोमा चियो चर्चा गर्नुको आजको सन्दर्भ नभएकोले त्यस तर्फ नलागी आज हामी कहाँ छौ ? भन्ने विषयमा मात्र आफूलाई लागेको दुई शब्द राख्दै सम्बन्धित सबैमा आफ्नो देश प्रति प्रेम, समाजप्रतिको दायित्वबोध गर्दै प्रतिवद्धताको साथ कुनै न कुनै रुपमा क्रियाशील रहन सबैमा सद्‌वुद्धी आओस् भन्ने जगत् जननी माता जगदम्बिकेसँग प्रार्थना गर्दछु ।

२०६२।०६३ को जन आन्दोलनले ल्यायको परिवर्तन आज २०६८ साल सम्म व्यवस्थापन हुन सकिरहेको देखिंदैन । यो देशमा आजको दिनसम्म पनि अमन चयन कायम हुन नसकिरहेको अवस्था छ। देशमा समाज र समाजिकता बाँच्न राज्यले दिनु पर्ने शान्तिको लागि न्यूनतम सुरक्षाको अनुभति नेपाली जनताले प्राप्त गर्न सकिरहेको अवस्था देखिंदैन । गाउँ घरको त कुरै छाडौं राजधानी जस्तो ठाउँमा पनि हालै घण्टाघर नजिकै जामेमस्जीदको अगाडी प्रहरी आयुक्तको कार्यालय नजिक नै एकजना नेपालको दिउसो नै भएको हत्याले केही प्रश्न त अवश्यक नै राज्य समक्ष राखेको छ। के हामी सुरक्षित छौं ? सुरक्षित रहने हाम्रो अधिकार हो कि हैन ? हामी सभ्य समाजको सदस्य हौं ? हामीलाई बाँच्न पाउने अधिकार पनि कसैको वा अपराधीको कृपामा निर्भर गर्दछ । आदि अनेकौं प्रश्न मनमा उब्जाएको छ । यस देशको राजनैतिक अगुवाहरूले सदैव दण्डहिनताको अन्त गरी कानुनी राज्यको स्थापनालाई बलियो पार्ने भाषण दिरहेको देखिन्छ, तर त्यस्तो अभिव्यक्तिमा विश्वास गर्ने ठाउँ देखिंदैन । कानुनी राज्यको स्थापना न भै देशमा अमन चयन कायम हुन नसक्ने निर्विवाद छ। कानुनी राज्यको स्थापना र दण्डहिनताको अन्योन्याश्रीत सम्बन्ध हुन्छ । दण्डहिनताको वास्तविक अन्त कानूनी राज्यको स्थापनामै निर्भर गर्दछ। बस्तुत: कानुनी राज्यको स्थापनामा

यदि राजनैतिक कित्तामा लागेका व्यक्ति व्यक्तित्वहरू इमान्दारीसाथ समर्पित भै लाग्ने हो भने र स्वयंनियमित (Self Restrained) र अनुशासितभै राष्ट्र र राष्ट्रिय स्वार्थलाई सर्वोपरि मानी लाग्ने हो भने देशमा हाल सम्म देखा परेको अराजक अवस्था र त्यसले सृजना गरेका दण्डहिनताको पनि क्रमिक रुपमा अन्त हुँदै जान्छ र यसरी देशलाई मर्यादित रुपमा व्यवस्थापन गर्न पनि मद्दत पुग्ने निश्चित देखिन्छ।

तर हालसम्मको अनुभवले नेपालमा क्रियाशील राजनीतिज्ञहरू राष्ट्र र राष्ट्रियताप्रति साथै समाजप्रति पनि इमान्दार रहेको पुष्टी हुन अझ बाँकी रहेको अवस्था देखिएको छ। समय समय छापा मार्फत अमुकनेता अमुक देशलाई खुशी पार्न यसो भन्नु भयो भन्ने पढ्न पाएका हुन्छौं भने कहिले फलानो नेता आफ्नो भन्दा अर्कैको लागि राजनीति गरी राखेको वा अरु नै देशको प्रतिनिधित्व गरी राखेको हुन्छ। वास्तवमा यस विषयमा विचार गर्ने हो भने नेपाली राजनीतिक आकाशको धेरै नामी खिलाडीहरू पनि निहित नीजि स्वार्थमा परेर अर्काको इशारामा काम गर्ने गरेको देखिएको छ। यस्ता कुराको उदाहरण खोज्ने हो भने पनि न पाइएला भन्ने छैन तर ती नेताहरूलाई कति पनि लाज लागेको देखिंदैन नेपालमा बस्ने नेपालमै खाने, तर गीत अरुको गाउनेको पनि यस देशमा कमी छैन। विचाररणीय कुरो के छ भने अरुले हाम्रो उन्नति प्रगतिको लागि किन सोच्ने ? हामी आफू आफ्नो निमित्त न सोच्ने हाम्रा भावि पुस्ताका लागि नसोच्ने हो भने अन्यले किन हाम्रा लागि सोच्ने भन्ने अकाट्य सत्य तर्फ संवेदनशील न हुनु हो भने हामी उभोलाग्न सक्तैनौ, हामी सभ्य समाजको अभिन्न अंग हो भनि हुँकार भर्न सक्तैनौं। त्यसै अरुलाई गालि वा अपशब्द दिन भन्दा हामी आफै आफ्नो क्रियाकलाप सुधार गरौं। आफूलाई आजको सभ्य समाजको सदस्य बनि रहन आवश्यक परिस्थिति सृजना गर्नमा लागौं लाग्नु मात्र प्रर्याप्त हुँदैन। बल्कि इमान्दारीपूर्वक सकारात्मक दिशा तिर उन्मुख भै निस्वार्थ भावनाबाट राष्ट्र, राष्ट्रियता र समाजप्रति निष्ठापूर्वक लाग्नु नै असलमा लाग्नु सिद्ध हुनसक्छ। हाम्रो गन्तव्यलाई चिन्नु नितान्त आवश्यक छ। हामीले हाम्रो गन्तव्य चिन्न न सकेको कारण र नेपाली जनताको चाहनालाई चिन्न वा बुझ्न न सकेकै कारणले नै हामी अझसम्म व्यवस्थित र सभ्य समाजको निर्माणमा पछि परेको देखिन्छ। यस्तै भाँडभैलोको अवस्था विद्यमान भै रहयो भने र राजनैतिक कर्मिहरू समाजसेवा र देशहितमा इमान्दारीपूर्वक आफ्नो कर्तव्यको निर्वाह न गर्ने हो भने आजै हालको [illegible] र नीति [illegible] सक्ने हो भने [illegible] देशको स्वाधीनतालाई [illegible] सक्छ। [illegible] सजग एवं सतर्क भै आफ्नो मातृभूमि प्रति इमान्दार भै राष्ट्र निर्माणको अभियानमा लागौं समाजलाई दण्डहिनता, [illegible] र भ्रष्टाचार तथा हर किसीमको शोषण,

उत्पीडित, अभावको साथै अपहरण, हत्या हिंसा आदिबाट जोगाई समग्र देशलाई राष्ट्रीय हित मा डोऱ्याउने काम गरौं, आजको आवश्यकता पनि यही हो। अन्यथा हामी हाम्रो स्वाधिनताको रक्षा गर्न सर्वथा असमर्थ हुने छौं र भावी सन्ततीले हामीलाई कहिले क्षमा गर्ने छैन र हामी सदा सरापीने छौं। हामीले अरुलाई दोष दिएर पन्छिन सक्दैनौं, हामीले अरुलाई दोष दिएर पन्छिने अवस्थाले हामीलाई दोष मुक्त ठहर गर्न सक्दैन। हामीलाई आजको आवस्थामा पुऱ्याउने अरु कोही हैन, हामी स्वयं हौं, भन्ने कुरो बुझ्न जरुरी छ अरुले दिएको गलत सल्लाह वा निर्देशनलाई हाम्रो निहित नीजि स्वार्थको लागि मान्ने पनि हामी आफैं हौं तसर्थ हामीले हाम्रो दायित्व बुझ्न न सकेको हो दोष अरुलाई दिन मिल्दैन। हाम्रो उन्नति प्रगतिको लागि सोच्नु पर्ने दायित्व हाम्रै हो। यसमा विवाद गर्ने ठाउँ देखिंदैन। हामी नेपाली एक जुट हुने हो भने, राष्ट्रियता र स्वाधिनतालाई हामी सबै नेपालीको संयुक्त स्वार्थ बनाउने हो भने हाम्रो शिर सदा उंचो रहने र हाम्रो यो सुन्दर देश पनि अन्य सभ्य र उन्नत मुलुक झैं यस भुमंडलको मानचित्रमा सवल राष्ट्रको रुपमा आफ्नो अवस्थिति प्रष्टाउन र पुष्टि गर्न सक्षम हुने कुरामा पनि हामी ढुक्कसँग आश्वस्थ हुन सक्छौं।

यदाकता हाम्रो नेताहरू हाम्रो समस्या गरीब हो भन्ने गरेको पनि सुनेको छु तर हाम्रो समस्या गरिबी मात्र हो भन्ने मलाई कहिले पनि लागेन। गरिबी पनि एउटा समस्या हो तर, गरिबीकै कारण हाम्रो स्वाधिनता दिनानु दिन कमजोर हुँदै गइएको छ भन्न कदापि मिल्दैन गरिबीलाई पनि समाप्त गर्न सकिन्छ तर जवसम्म हाम्रो समाज अराजक रहन्छ, शान्ति सुरक्षाको अभावले देश आक्रान्त भै रहन्छ, दण्डहिनता व्याप्त रहन्छ कानुनी राज्यको अवधारणालाई बलियोसँग स्थापित गर्न सक्दैन तब सम्म देशमा गरिबी र पछ्यौटेपनको अन्त पनि हुन सक्दैन। देश हाल नेतृत्वविहिन छ जस्तो लाग्न थालेको छ, नेताहरू थुप्रै छन तर समग्र भूभाग र सम्पूर्ण नेपालीलाई सकारात्मक दिशा तिर आदर्श नेतृत्व प्रदान गर्ने समक्ष नेताको सर्वथा खाँचो छ।

राजतन्त्रको अवसान पछि देशमा चमात्कारी रुपमा सबै अर्थात राजनैतिक, आर्थिक समाजिक लगायत सम्पूर्ण समस्याको समाधान हुन्छ भनि नेपाली जनतालाई विश्वास दिलाउन चाहने राजनैतिक कर्मि र नागरिक समाजका स्वघोषित अगुवाहरूले आजसम्म, राजतन्त्रको अवसान पछिको पाँच वर्ष वितिसक्दा पनि एउटा सिन्कोसम्म भाँच्न नसकेको सत्यता तर्फ यो समाज अव पनि चिन्तनशील हुने कि नहुने ?

राजतन्त्रको अवसान पछि नयाँ संविधान न बनुन्जेलको समयलाई व्यवस्था परिवर्तनको कारण संक्रमणकाल भनिदैन आएको छ तर संक्रमणकाललाई व्यवस्थितगर्न गरिने इमान्दार प्रयासहरू देखिएको छैन। संक्रमणकालको नामम, हत्याहिंसा, भ्रष्टाचार, चरम नाफाखोरी र दिनानुदिन राजनैतिक रुपमा संरक्षित अपहरण, लुट, हत्या, हिंसा दण्डहिनता जस्ता अव्यवस्थालाई त सह्य मान्न सकिंदैन। कुनै पनि कोणबाट गलत

कुरालाई स्वीकार गर्न सकिदैन । अव्यवस्था कै कुरा गर्ने हो भने अलिहे पनि राजनैतिक अव्यवस्थाको कारण निकट भविष्यमा नै पनि देश पुन: हिंसात्मक द्वन्द्वको चपेटामा पर्न सक्ने संभावनालाई पनि नकार्न नसकिने टड्कारो सत्य नेपाली सामु देखा पर्न थालेको छ । यस तर्फ नेतृत्व वर्गको ध्यान किन गईरहेको देखिंदैन ।

हालको संक्रमणकालको समयमा देखा पर्ने सबै समस्या संविधान निमार्ण पछि समाधान हुन्छ भनि जुन हौवा जनता माझ फैलाइएको छ । त्यसमा पनि भर पर्ने ठाउँ देखिदैन किन भने संविधान अहिले पनि छ, संविधान हिजो पनि थियो । हिजोको संविधान ठीक थिएन र सबै नेपालीको भावनालाई प्रतिविम्वित गरेको थिएन भने पनि हाल प्रचलित अन्तरिम संविधान २०६३ त सबै नेपालीलाई प्रतिनिधित्व गर्ने राजनैतिक दलको सहमतिबाट निर्माण गरिएको हो भन्ने यसले किन सबै समस्याको समाधान गर्न असमर्थ रहेको छ । वास्तवमा कुरो त्यो हैन, कुरो त धुमिफिरि उही निहित स्वार्थ र सत्ता लिप्सा कै कुरो हो । संविधानलाई सबैले आ-आफ्नो किसिमबाट आफ्नो हिसाबमा व्याख्या गर्ने र आफूलाई अनुकूल पर्ने कुरो मान्ने र आफूलाई अनुकूल नपर्ने कुरो नमान्ने । त्यसैले मात्र [illegible] संविधानको व्यवस्था पनि लागू गर्ने कुरामा सबै राजनैतिक दलको छुट्टा छुट्टै मान्यता हुनु पुन: अर्को समस्या देखिन्छ, उदाहरणको लागि संविधानले राज्य पुनर्संरचना आयोग गठन गर्ने व्यवस्था कुनै पनि राजनीतिक दलको लागि स्वीकार्य भएन ।

सारसंक्षेपमा भन्नु पर्दा संविधानले संक्रमणकाललाई व्यवस्थापन गर्न, देशमा कानुनी राज्यको स्थापना गर्न, देशबाट दण्डहिनता अन्त गर्न भ्रष्टाचार निमूर्लपार्न मानव अधिकारको जगेर्ना गर्न र एवं शब्दमा भन्ने हो भने सभ्य समाजको निर्माण गरी देश विकास गर्न अन्तरिम संविधान कुनै कोणबाट पनि वाधक सावित भएको देखिंदैन । अत: देश र समुन्नत, सजग र अनुशासित समाज निर्माण गर्ने पुनित कार्यमा कुनै राजनैतिक नेतृत्व लागि परेको देएिको छैन, बल्कि जसरी भएपनि शक्ति आर्जन गरी कसरी कुन कोणबाट समाज र देशलाई लुट्न सकिन्छ त्यसै काममा लागि परेको देखिन्छ । समुन्नत देशमा राजनीतिक सेवाभावले गरिन्छ तर यहाँ राजनीतिक पेशाको रुपमा अंगिाकार गरिएको पाइन्छ , फलस्वरुप पेशा निश्चित रुपले आर्जन उपार्जनसँग सम्वन्धित हुन्छ । यसबाट नै यहाँका राजनैतिककर्मिहरूको सोचके छ भन्ने कुरो प्रष्ट रुपले परिलक्षित हुन आएको पाइन्छ । समग्र देशमा व्याप्त अव्यवस्थाको लागि को दोषि र कसले के गर्नु पर्ने हो ।

यसको समाधान कसरी भन्ने विषय विज्ञहरूलाई जिम्मेवारी दिन आजको [illegible]

[illegible]

[illegible]

# गुठिका गतिबिधि

१ गुठी भवनको परिसरमा ढुङ्गा छाप्नको लागि मिति २०६६ फागुन २८ गतेको केन्द्रीय समितिको निर्णय अनुसार एक उप-समिति गठन गरेको थियो जस अनुसाार :

१. श्री वोलेन्द्र बहादुर खड्का – संयोजक

२. श्री नवीन बहादुर खड्का – सदस्य

३. श्री बावुराम खड्का - सदस्य

जसका लागि तत्कालिन केन्द्रीय अध्यक्ष श्री ललित बहादुर खड्काबाट रु.१५,०००।-, केन्द्रीय सल्लाहकार श्री चन्द्र बहादुर खड्काबाट रु.५०००।- र बाँकी र कम गुठीका पदाधिकारीहरुबाट संकलन गरी कुल रु४०,०००।- को लागतमा उक्त काम सम्पन्न गरेको छ।


२. गुठीको बार्षिक पूजा एवं बार्षिक साधार सभा मिति २०६८ जेठ २१ गतेका दिन सम्पन्न भयो । उक्त सभाले गुठीले गरेका बार्षिक कार्यहरु र आम्दानी खर्च माथि छलफल गरी अनुमोदन गऱ्यो साथै श्री रुद्र बहादुर खड्काको अध्यक्षतामा नयाँ केन्द्रीय कार्य समितिको गठन गऱ्यो।


३. पुँवार खड्का परिवारको छोरी मा.मीना पाण्डे (खड्का) ले गुठीको साधारण शभामा सहभागी भई आर्थिक सहयोग समेत प्रदान गर्नु भयो।


४. मिति २०६८ असार ३२ गतेको केन्द्रीय कार्यसमितिको बैठकले ७ जनाको एक केन्द्रीय सल्लाहकार समितिको मनोनयन गरेको छ।

५. पुँवार खड्का गुठी संस्थापक सदस्य र हेको खड्का क्षेत्री महासमाजको साधारण सभा यही २०६८ भदौ ४ गते शनिवार गर्ग गृह गोल्फुटारमा सम्पन्न भएको थियो। उक्त साधारण सभामा यस गुठीवाट उपाध्यक्ष बोलेन्द्र बहादुर खड्का कोषाध्यक्ष सुधाम बहादुर खड्का सचिव निरञ्जन खड्काको सहभागिता रहेको थियो। समाजको नयाँ कार्यसमिति समेत चयन हुने साधारण सभामा खुलाल खड्काका अध्यक्ष श्री छविलाल खड्काको अध्यक्षतामा नयाँ कार्य समिति निर्वाचित भएको छ भने पुँवार खड्का गुठीवाट कार्य समितिमा रहर बहादुर खड्का निर्वाचित हुनुभएको छ।

# पुँवार खड्का गुठीको विविध कार्यक्रमका झलकहरु





# पुर्वाँर खड्का गुठी

## केन्द्रीय समितिका वर्तमान कार्य समिति

**संरक्षक**

पूर्व मन्त्री
खुमबहादुर खड्का दाङ

**सल्लाहकार**

माननीय पूर्वराज्य मन्त्री
गणेश बहादुर खड्का दैलेख
चन्द्रबहादुर खड्का दोलखा
ललित बहादुर खड्का म्याग्दी
पुष्करबहादुर खड्का दोलखा
वरिष्ठ अधिवक्ता
लक्ष्मीबहादुर 'निराला' खड्का सिराह
बलदेव खड्का दोलखा
रामबहादुर खड्का दोलखा

**अध्यक्ष**

श्री रुद्रबहादुर खड्का दोलखा
०१-४४६४६२१

**उपाध्यक्ष**

श्री सहदेव खड्का दोलखा
०१-४४९४९२६

**उपाध्यक्ष**

श्री बोलेन्द्रबहादुर खड्का दोलखा
०१-४४९४९२६

**महासचिव**

श्री दीपक खड्का दोलखा
०१-४४७२३१७

**सचिव**

श्री निरञ्जन खड्का रामेछाप
९८४१७३२००१

**सह-सचवि**

श्री टिकाध्वज खड्का महोत्तरी
९८४१५१३११३

**कोषाध्यक्ष**

श्री सुधामव खड्का दोलखा
०१-४४८४०५४

**सह-कोषाध्यक्ष**

श्री वावुराम खड्का सिन्धुपाल्चोक
९८५१०६७००१

सदस्यहरु:

श्री हरीशरण खड्का दोलखा
०१-४४९२५०९
श्री रामेश्वर खड्का काठमाडौं
०१-४४८८०२६
श्री मनोहरी खड्का काठमाडौं
९८५१०१०१८४
श्री दिर्घबहादुर खड्का रामेछाप
०१-४४८८६४१
श्री दीपक खड्का संखुवासभा
९८५१०५३९१९
श्री प्रदीप खड्का भक्तपुर
०१-६६१०३९५
श्री रहर बहादुर खड्का दोलखा
९८५१०८९०६३
श्री भरत खड्का झापा
९७५१०१०९६४
श्रीमती शान्ती खड्का काठमाडौं
४४९९००७५
श्री जनार्दन खड्का भक्तपुर
०१-६६३१७८८
श्री केशर कुमार खड्का दोलखा
०१-४८११६०८
श्री समुन खड्का म्याग्दी
०१-४४७३१७३
श्रीमती सुशीला खड्का भक्तपुर
०१-६६३४२६६
श्री सुरेन्द्र खड्का काठमाडौं
९८८१६५५०००



शुभ विजया दशमी तथा दिपावली २०६८ को सुखद उपलक्ष्यमा
यहाँको सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं
Wish you Happy दश
साईबाबा ग्यास उद्योग
परिवार
पर्सा, चितवन




शुभ विजया दशमी तथा दिपावली २०६८ को सुखद उपलक्ष्यमा
यहाँको सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं
Wish you Happy दश
गौरी शंकर ग्यास उद्योग प्रा.लि
परिवार
साँगा, काभ्रे



# विजया दशमी



तथा

## शुभ-दीपावली-२०६८

को उपलक्ष्यमा सम्पूर्ण ग्रहक वर्गमाहरूमा सुख,
शान्ति, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको लागि हार्दिक मंगलमय

# शुभ-कामना



**नेपाल एल.पी. ग्यास उद्योग**
परिवार
टेकु, काठमाडौं ।